# खोज अभ्यास



भाग–३

खोज अभ्यास–३

www.cijnepal.org.np

9 789937 045582 >

# खोज अभ्यास-३

सम्पादक

शिव गाउँले

खोज पत्रकारिता केन्द्र

# खोज अभ्यास -३

सम्पादक : शिव गाउँले

**प्रकाशक : खोज पत्रकारिता केन्द्र (खोपके)**
जावलाखेल, ललितपुर
पो.ब.नं. २४८४६
सम्पर्क : ०१-५५४३०८५
इमेल : mail@cijnepal.org
वेब : www.cijnepal.org.np

प्रथम संस्करण : साउन २०७५

भाषा : शरच्चन्द्र वस्ती
आवरण : रविन सायमि
डिजाइन : विपेन्द्र घिमिरे
शुद्धाशुद्धि : धर्मराज दाहाल

ISBN : 978-9937-0-4558-2

यो पुस्तक लेखन र प्रकाशनका लागि The Finnish Foundation for Media Communication and Development (VIKES) ले सहयोग गरेको हो । यसमा व्यक्त भएका विचारसँग VIKES को सहमति छ भन्ने होइन ।

# प्राक्कथन

खोज पत्रकारिता केन्द्र (खोपके) नेपाली पत्रकारिता जगतमा सनसनीपूर्ण र उत्तेजक खबर फैलाउने होइन कि, गहिरो अनुसन्धानपछि सत्यतथ्य बाहिर ल्याउने संस्थाको परिचय बनाउन सफल भएको छ । समाजमा बाहिर आउन नदिएर लुकाइएका वा कतिपय आफैं पनि लुकेका विषयवस्तुलाई खोज गरेर सबैसामु प्रस्तुत गर्ने संस्थाको रूपमा यसको पहिचान बन्दै गएको छ । खोपके कार्यसमिति, साधारण सदस्यहरू र सचिवालय मात्रै होइन, समग्र नेपाली पत्रकारिता क्षेत्रकै लागि खुशीको कुरा हो, यो ।

राजनीतिक र आर्थिक अनियमितता जोडिएको मामिलाका विषयवस्तु, समाजमा बौद्धिक र सदाचारीको छाप बनाएर बसेकाहरू संलग्न भएका भ्रष्टाचार र अनियमितता, शक्तिको दुरूपयोग, बदनियतपूर्वक गरिएका काम जस्ता बेथिति खोतलेका समाचारहरू छन्, यो पुस्तकमा । यस बाहेक संविधान र कानूनले नगर्नु भनेको गरेको र गर्नु भनेको नगरेको धेरै दृष्टान्त पाइन्छन्, यो पुस्तकमा । लोकतन्त्रले कसरी नागरिक अधिकारको उल्लंघन वा नागरिकको हित माथि बेइमानी गरको छ भन्ने उदाहरण सहितका सन्दर्भहरू छन्, यस पुस्तकमा ।

यी खोजमूलक समाचार तयार गर्ने क्रममा हामीले देशव्यापी रूपमा खोज पत्रकारहरूको सञ्जाल तयार गरेका छौं । खोज गर्न निपुण र दक्ष

अनि व्यावसायिक रूपमा तटस्थ र नैतिक रूपले मर्यादित युवा पत्रकार पंक्ति तयार गर्नु आफैंमा महत्वपूर्ण उपलब्धि हो । भविष्यमा पनि गहन र खोजमूलक समाचार सामग्री तयार गरेर नेपाली पत्रकारिता जगतकै लागि यी युवा संवाददाताहरूले महत्वपूर्ण योगदान गर्नेछन् भन्ने मलाई लागेको छ ।

खोज पत्रकारहरूलाई तालिम, निरन्तर उनीहरूलाई सुझाव, सल्लाह र परामर्श दिने अनि खोज समाचार उत्पादन गर्ने खोपकेको अभियानमा सघाएकोमा म भिकेस फिनल्याण्डलाई विशेष धन्यवाद दिन्छु । किनकि खोपकेको यो अभियानमा उसको आर्थिक र प्राविधिक सहयोग उल्लेखनीय छ ।

मैले छुटाउन नहुने विषय के हो भने- सम्पादक शिव गाउँलेको नेतृत्वमा खोपकेको सानो तर परिश्रमी टीमले गरेको कामको नतिजा हो, यो पुस्तक । ठूलो जिम्मेवारी सहज रूपमा पूरा गरिरहनुभएकोमा म खोपके सम्पादक सहित सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु । आशा छ, आगामी वर्षमा यो टीमले अझै हौसलाका साथ गम्भीर मामिलामा खोज गर्दै नयाँ-नयाँ समाचारहरू पस्कनेछ ।

पुस्तकमा रहेका खोजमूलक समाचार तयार गर्न देशभरिका संवाददाताहरूको ठूलो परिश्रम र समय लगानी भएको छ । खोपकेका पूर्व अध्यक्षहरू सहितका परामर्शदाता सम्पादकहरूको ज्ञान विना यो पुस्तक यस रूपमा आउन सम्भव थिएन । त्यसमाथि यी समाचारहरू प्रकाशित भएपछि मुलुकभित्र र बाहिरबाट पाठकहरूले सक्रियतापूर्वक प्रतिक्रिया, टिप्पणी, आलोचना र हौसला दिनुभएको छ । म उहाँहरू सबैमा धन्यवाद दिन्छु ।

अन्त्यमा, खोपके कार्यसमितिका पदाधिकारी र सदस्यहरू जसले रचनात्मक काममा मलाई सधैं साथ र सहयोग गरिरहनुभयो, उहाँहरूलाई विशेष धन्यवाद दिन्छु ।

**नम्रता शर्मा**
अध्यक्ष
खोज पत्रकारिता केन्द्र

# लुकेका वा लुकाउन खोजेका कुरा

"खोज पत्रकारिता यस्तो खालको पत्रकारिता हो, जसमा रिपोर्टरले एउटा विषयमा गहन रूपले खोज गर्छ । यसरी तयार भएको स्टोरीले भ्रष्टाचार उदाङ्गो पार्छ, सरकार अथवा 'कर्पोरेट हाउस' हरूको नीतिको समीक्षा गर्छ अथवा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक चलनप्रति मानिसको ध्यानाकर्षण गराउँछ । एउटा विषयमा खोज गर्न खोज पत्रकार अथवा खोज पत्रकारहरूको समूहलाई धेरै महीना अथवा वर्ष लाग्न सक्छ । सामान्य खालको रिपोर्टिङ गर्दा रिपोर्टर सरकार, गैरसरकारी संस्था अथवा अन्य संस्थाहरूले दिएका जानकारीमा भर पर्छन् भने खोज पत्रकारले आफ्नै सक्रियतामा सूचना खोज्छ । खोज पत्रकारको लक्ष्य जानाजान लुकाएर राखिएका वा अनजानमै लुक्न पुगेका जानकारी बाहिर ल्याउनु हो ।"[१]

---

१ जनताको बोली : कसरी बन्ने ? खोज पत्रकारिता हातेपुस्तिका, कास मिडिया कार्यक्रमका लागि सायद नाजाकाटद्वारा सम्पादित, पृष्ठ ५, नेपाली संस्करण प्रकाशक खोज पत्रकारिता केन्द्र नेपाल ।

खोज पत्रकारिता के हो भन्ने सन्दर्भमा संसारका अनुभवहरू समेत समेटेर तयार यो भनाइ नेपाली सन्दर्भमा पनि ठ्याक्कै मेल खान्छ । पत्रकारले नियमितजसो वा दिनैपिच्छेका लागि खोज्ने समाचारमा भन्दा समय र लगानी धेरै चाहिन्छ खोज पत्रकारितामा । यसका लागि जुझारू संवाददाता, प्रतिबद्ध सम्पादक र बलियो समाचार संस्थाको खाँचो पर्छ । यीमध्ये कुनै एकको अभावमा वा कमजोरीमा पनि राम्रो खोज पत्रकारिता गर्न मुश्किल पर्छ ।

खोज पत्रकारिता तालिम, संवाददातालाई निरन्तर सुझाव, सल्लाह र खोज समाचार उत्पादनलाई खोज पत्रकारिता केन्द्र (खोपके) नेपालले आफ्नो मुख्य कार्यसूची बनाएको छ । जस अन्तर्गत अहिले खोपकेसँग तालिमप्राप्त खोज पत्रकारहरू छन् । उनीहरूलाई उपयुक्त सुझाव र सल्लाह दिने 'मेन्टर' हरू छन् । 'मेन्टर' हरूको सुझाव, सल्लाहमा तालिम लिएका संवाददाताहरूले गरेको खोजमूलक समाचारको संकलन हो यो पुस्तक ।

यो पुस्तकमा संलग्न समाचारहरू खोज पत्रकारिता केन्द्रले सञ्चालन गरेको तालिममा सहभागी संवाददाताहरूले तालिम पछि खोज अभ्यासका क्रममा खोजेका समाचार हुन् । समाचारले धेरैखाले विकृति र विसंगतिलाई उदाङ्गो पारेको छ ।

अर्काको लेख-रचना र पुस्तकलाई आफ्नो भैं प्रस्तुत गर्ने चलनले बौद्धिक सिर्जनाको उत्पादन र स्वामित्वमा विवाद मात्रै खडा गर्दैन, यसले समाजमा विद्वान्लाई 'चोर' सावित गर्छ । बौद्धिक चोरीमा प्राध्यापक सम्बन्धी समाचारले विद्यावारिधिमा प्रयोग भएको सिर्जना समेत अरू कसैको हुबहु सारेको खुलासा गर्छ ।

'हुम्लामा सामाजिक सुरक्षा भत्तामा ब्रह्मलूट' समाचारले समाजमा भ्रष्टाचारले कति बलियोसँग जरा गाडेको छ भन्ने उदाङ्गो पार्छ । पाउनुपर्नेलाई भत्ता नदिने, गाउँमै नभएको व्यक्तिका नाममा पैसा निकाल्ने अनि यतिसम्म कि वर्षौंअघि निधन भइसकेका व्यक्तिका नाममा नक्कली हस्ताक्षर गरेर पैसा खाने प्रवृत्तिको खुलासा हो यो रिपोर्ट । खोज पत्रकारितामा भन्ने गरिएको कागजी प्रमाण परीक्षणको एउटा उदाहरणीय प्रयोग हो यो । यसमा हामीले पहिले कागजात संकलन गऱ्यौं र पछि त्यसको परीक्षण गर्न गाउँ-गाउँ गयौं । जब हामी हुम्लामा वृद्ध भत्ता

पाउनेहरूको सूची बोकेर गाउँ गयौं तब मात्रै गाउँलेले पनि थाहा पाए कि सामाजिक सुरक्षा भत्तामा यतिविघ्न लूट हुँदोरहेछ ।

चितवनको भरतपुर अस्पतालमा तीन महीना बीचमा पाँच सुत्केरी आमाको मृत्युको समाचारले नेपालका सरकारी अस्पतालभित्र हुने हदैसम्मको लापरबाहीको खुलासा गर्छ । मानिसको ज्यान जाँदा समेत कोही जवाफदेही हुनुनपर्ने कमजोर सुशासन पद्धतिको खुलासा पनि हो यो समाचार । स्वयं सरकारी कागजातले अस्पतालले लापरबाही गरेको देखाइरहँदा पनि कसैलाई कारबाही नहुनुले नेपालमा भ्रष्टाचार नियन्त्रणको जिम्मेवारी लिएका संवैधानिक निकाय र तिनको कार्यक्षमतामाथि समेत प्रश्न गर्ने ठाउँ दिन्छ ।

हुम्लामा वृद्ध भत्ताको दुरूपयोग सम्बन्धमा अनुसन्धान गर्दा कागजात फेला पारेपछि परीक्षण गर्न गाउँ-गाउँ पुगिएको थियो भने भरतपुर अस्पतालमा सुत्केरी आमाहरूको मृत्यु सम्बन्धी अनुसन्धान गर्दा पहिला उनीहरूको मृत्युको कारण पहिचान गर्ने कागजात हात पारेर पछि परीक्षण गर्न पीडितसमक्ष पुगिएको थियो । पहिलो समाचारमा, कागजात सजिलै फेला पर्‍यो, परीक्षण गर्न गाउँ-गाउँ पुग्नु जटिल थियो, दोस्रोमा कागजात पाउन कठिन भयो तर पाएपछि पीडित परिवारसम्म पुगेर घटना परीक्षण सहजै गर्न सकियो ।

ऐतिहासिक महत्वका संरचना ध्वस्त पारेर नेपाली सेना कसरी आधुनिक भवन निर्माण गर्दैछ ? त्यो पनि नाफा कमाउने उद्देश्यले भन्ने खुलासा गर्छ 'सेनाको आडमा सार्वजनिक सम्पत्तिमा रजाइँ' भन्ने खोज समाचारले । यसले शक्तिको दुरूपयोग र नाफाका लागि गैर-व्यावसायिक काममा सेनाको लालच खुलासा गर्छ । चुनावी घोषणापत्र हावादारी समाचारले राजनीतिक दलहरू जनतालाई मतदाता बाहेक केही पनि ठान्दैनन् भन्ने देखाउँछ । अन्यथा जनताको विवेक माथि यतिविघ्न मजाक गर्ने हिम्मत उनीहरूमा हुने थिएन । त्यसैगरी गभर्नरको नीतिगत विचलन सम्बन्धी समाचारले जनताको निक्षेप सुरक्षा गर्ने र बैंकहरूको अनुगमन गर्नुपर्ने जिम्मेवारी पाएको राष्ट्र बैंक कसरी शुभ-लाभको काममा सीमित छ भन्ने जनाउ दिन्छ ।

यस बाहेक पनि तीन वटा महत्वपूर्ण खोज समाचार छन् यो पुस्तकमा । एउटाको पासपोर्ट बोकेर सजिलैसँग अर्को व्यक्ति कसरी उड्न

सक्छ भन्ने उदाहरणले नेपालको अध्यागमन प्रणाली कतिसम्म ध्वस्त भइसकेको छ भनेर खुलासा गर्छ । एउटै कार्यालयमा २० जोडी श्रीमान्-श्रीमती समाचारले नेपालका कतिपय सरकारी कार्यालयहरूमा कसरी आफन्तको बोलवाला चल्छ भन्ने खुलासा गर्छ । संसद सचिवालयका कर्मचारीले कवाडीमा बेच्न ठिक्क पारेका गाडी पनि मर्मत गरेको देखाएर घूस खाए भन्ने समाचारले यस्तो अपराध धेरै सरकारी कार्यालयहरूमा हुन सक्छ भन्ने जनाउ दिन्छ । विधि निर्माता भनिने संसदमा यस्तो अपराध हुनु चानचुने कुरा होइन ।

समग्रमा यी समाचारहरूले हाम्रो लोकतन्त्रको कुरूप तस्वीर खुलासा गर्छन् । जतिसक्दो चाँडो हामीले यी विकृतिहरू सच्याउँदै जान्छौं हाम्रो लोकतन्त्र पनि जनपक्षीय सावित हुनेछ । अन्यथा शासन प्रणाली मात्रै फेरेर हामी हाम्रा दुःख-कष्ट फेर्न सक्ने छैनौं ।

यी खोज समाचार उत्पादनमा खोपकेको तालिम लिएका संवाददाताहरूको अथक् परिश्रम परेको छ । भिकेस फिनल्याण्डको आर्थिक सहयोग छ । भाषा सम्पादनमा शरच्चन्द्र वस्ती र शुद्धाशुद्धिमा धर्मराज दाहालको योगदान छ । खोज पत्रकारिता केन्द्र कार्यसमितिले नीतिगत नेतृत्व लिइदिएको र खोपके सचिवालयका कर्मचारीको सक्रिय सहभागिता भएका कारण मात्रै यो पुस्तक प्रकाशन सम्भव भएको हो । सबैलाई धन्यवाद !

**शिव गाउँले**

सम्पादक

# विषयसूची

जागिरमा नातागोताको रजाइँ

- *मकर श्रेष्ठ* १

'कागजी' मर्मतमा करोड अनियमितता

- *मुकेश पोखरेल* ११

हुम्लामा वृद्ध भत्तामा ब्रह्मलूट

- *नवराज महतारा* १९

अध्यागमन 'अप्रेसन' : एउटाको राहदानीमा अर्को उड्दै

- *नवराज मैनाली* ३१

भरतपुर अस्पतालमा पाँच सुत्केरीको मृत्यु
सरकारी प्रतिवेदन भन्छ, 'उनीहरूलाई बचाउन सकिन्थ्यो'

- *प्रमोद आचार्य र एकल सिलवाल* ४३

गभर्नरको नीतिगत विचलन : वित्तीय बिचौलिया हाई हाई

- *सुदर्शन सापकोटा* ६१

सेनाको द्रव्यमोह : ऐतिहासिक अस्पताल मासेर व्यापारिक भवन

- *रामेश्वर बोहरा* ७३

बौद्धिक चोरीमा लेक्चरर, रीडर र प्रोफेसर

*प्रमोद आचार्य* ८५

हावादारी घोषणापत्र

- *सुदर्शन सापकोटा* ९७

# जागिरमा नातागोताको रजाइँ

## ३१ जोडी श्रीमान्-श्रीमती एउटै सरकारी कार्यालयमा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का कर्मचारीको विवरण केलाउँदा थाहा हुन्छ- यो सरकारी कार्यालयमा सीमित परिवारका सदस्यहरूको हालीमुहाली छ।

मकर श्रेष्ठ

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) मा एमाले, कांग्रेस र माओवादी सम्बद्ध बेग्लाबेग्लै कर्मचारी संगठन छन् । एमाले सम्बद्ध कर्मचारी संगठनका अध्यक्ष नागेन्द्र साहले आफूले मात्रै जागिर खाएका छैनन्; भाइ वीरेन्द्र, बुहारी इन्द्रिका र भान्जी कविता साहलाई समेत जागिर खुवाएका छन् । उनका भाइ सीटीईभीटी मातहतको ग्रामीण तालिम केन्द्र, तनहुँमा राखिएका छन् भने बुहारी लाहान प्राविधिक शिक्षालयमा र भान्जी गौर नर्सिङ इन्स्टिच्यूटमा कार्यरत छिन् ।
- कांग्रेस सम्बद्ध कर्मचारी संघका अध्यक्ष देवदत्त बडूकी श्रीमती पशुपति जोशी पनि यहीं जागिरे छिन् । शुरूमा करारमा राखिएकी पशुपति पछि आन्तरिक प्रतिस्पर्धा मार्फत स्थायी भइन् । अहिले उनी सीप विकास परियोजनामा कार्यरत छिन् ।
- माओवादी सम्बद्ध राष्ट्रिय कर्मचारी संगठनका पूर्व अध्यक्ष नेत्रबहादुर खत्रीका तीन दाजुभाइ र भाउजू यसैका जागिरे छन् । नेत्रका दाइ गजेन्द्रबहादुर खत्री, वीरबहादुर खत्री र भाउजू राधिका सीटीईभीटी मातहतको कर्णाली प्राविधिक शिक्षालय, जुम्लामा कार्यरत छन् ।

सीटीईभीटी कुनै गैरसरकारी संस्था वा निजी कम्पनी होइन, नागरिकले तिरेको करबाट चल्ने सरकारी कार्यालय हो । तर राजनीतिक पहुँच बनाएका कतिपय कर्मचारीले यसलाई आफन्तलाई जागिर ख्वाउने थलो बनाउँदै लगेका छन् । कर्मचारी संगठनका अध्यक्षहरू मात्रै किन, यहाँ त पहुँचवाला कर्मचारी, निर्देशक र पूर्व सदस्य-सचिवका आफन्त समेत ठूलो संख्यामा जागिरे छन् ।

कर्मचारी संगठनका अध्यक्ष साहले आफ्ना भाइबुहारी र आफन्तहरू उनीहरूकै क्षमतामा जागिरमा प्रवेश गरेको दाबी गरे । "म उनीहरू भन्दा पहिला प्रवेश गरेको हुँ" उनले भने, "तर, उनीहरू प्रतिस्पर्धाबाटै यहाँ छिरेका हुन् । म शाखा अधिकृतको कुरा कसले सुन्थ्यो र !"

वर्तमान संविधान अनुसार लोकसेवा आयोगको संलग्नता विना सरकारी कर्मचारी छनोट हुनै सक्दैनन् । सीटीईभीटीमा कार्यरत कर्मचारी र राजनीतिज्ञले यो संविधान आउनु अघि नै घुमाउरो बाटो प्रयोग गरेर सीटीईभीटी र यस मातहतका कार्यालयहरूमा आफन्तलाई जागिरमा

छिराएका हुन् । यसका लागि शुरूमा करारमा नियुक्ति गरेर, त्यसपछि आन्तरिक प्रतियोगिताको औपचारिकता पूरा गरी उनीहरूलाई स्थायी गरिन्थ्यो । लोक सेवा आयोगका प्रवक्ता लक्ष्मीविलास कोइराला भन्छन्, "यसअघि सम्बन्धित संस्थाले नै छनोट गर्थ्यो । वर्तमान संविधान जारी भएपछि हामीले हेर्न थालेका हौं । अब लिखित परीक्षा हामी लिन्छौं, अन्तर्वार्ता मात्रै उनीहरूले गर्छन् ।"

## ३१ जोडी श्रीमान् श्रीमती

सीटीईभीटीमा हाल कार्यरत ९३२ कर्मचारीमध्ये १३० भन्दा बढी कर्मचारी एक अर्को परिवारका सदस्य मात्रै छन् । श्रीमान् श्रीमती मात्रै ३१ जोडी छन् । यसमा निर्देशक तहका कर्मचारी समेत छन् । पूर्व सदस्य-सचिव रामहरि लामिछानेकी श्रीमती संगीता लामिछाने अहिले पनि सीटीईभीटीमै जागिरे छिन् । रामहरि भने सदस्य-सचिवबाट राजीनामा दिएर कोलोम्बो प्लान स्टाफ कलेज (सीपीएससी) फिलिपिन्सको महानिर्देशक पदमा छन् । भन्छन्, "मैले श्रीमतीलाई जागिर लगाइदिनुपर्‍यो भनेर कसैलाई गुहारेर खुवाएको होइन, मलाई दुर्गममा सरूवा गरेपछि व्यवस्थापनले नै श्रीमतीलाई पनि जागिर दिएर पठाएको हो ।"

कांग्रेस नेता गोविन्दराज जोशी शिक्षामन्त्री हुँदा (२०४८-२०५१) सीटीईभीटीलाई कार्यकर्ता र आफन्त भर्तीकेन्द्र बनाएका थिए । उनी



मन्त्री हुँदा गोरखाका सरोज देवकोटा यसका उपाध्यक्ष थिए । "त्यतिबेला उनीहरूले एकैपटक ५०० जनालाई जागिर खुवाए" सीटीईभीटीका पूर्व निर्देशक एवं शिक्षाविद् टंकनाथ शर्मा भन्छन्, "त्यसमा प्राविधिक पृष्ठभूमि भएका कर्मचारी आवश्यक पर्थ्यो । उनीहरूले साधारणतर्फका कर्मचारीले भरे ।" त्यसबेला जागिरमा छिरेकाहरू सबैजसो जोशीका कार्यकर्ता, नातागोता र देवकोटाका आफन्त छन् ।

यहाँ एउटै परिवारका सदस्यको बाक्लो उपस्थिति देखाउने धेरै उदाहरण छन् । कुनै बेला सदस्य-सचिव भएका देवकोटा खलकको उदाहरण हेरौं । जिता-६ लमजुङकी रजनी देवकोटा २१ असार २०५३ मा यहाँ जागिर प्रवेश गरिन् । उनी अहिले प्रशासनिक अधिकृत छिन् । उनका भाइ शंकर न्यौपाने यहीं जागिरे छन् । उनका देवर पालुङटार-५ गोरखाका रामहरि देवकोटा १४ साउन २०५४ देखि यहाँ जागिरे छन् । उनीहरूमध्ये रामहरि सीटीईभीटी पोलिटेक्निकमा उपनिर्देशक छन् । रजनी परीक्षा नियन्त्रण कार्यालय (पनिका) मा प्रशासकीय अधिकृत छिन् । शंकर स्कूल अफ हेल्थ साइन्स, भरतपुरमा छन् । उनीहरू बाहेक पनि यहाँ देवकोटा परिवारका नाता पर्ने अरू धेरै कर्मचारी छन् ।

नेपाली कांग्रेस सम्बद्ध कर्मचारी संघका महासचिव शंकरदेव कोइराला, उनका भतिज कुमार कोइराला, भतिजी प्रमिला र भतिजी ज्वाईं शालिकराम डाँगी यहींका जागिरे हुन् । सेती प्राविधिक शिक्षालय, दिपायलका कामु प्रिन्सिपल शालिकरामका साढुभाइ होमनाथ अधिकारी रत्नकुमार बान्तवा पोलिटेक्निक इन्स्टिच्यूट, इलामका प्रिन्सिपल हुन् । कुमारका दाइ विष्णु कोइरालाले 'नक्कली सर्टिफिकेट काण्ड' लागेपछि जागिर छोडे । उनीहरूमध्ये विष्णु सबैभन्दा पहिला सीटीईभीटी प्रवेश गरेका थिए । त्यसपछि भाइ कुमार २५ असार २०६३ मा प्रवेश गरे । आमोदप्रसाद उपाध्याय शिक्षामन्त्री हुँदा अस्थायी कर्मचारी निष्काशन गर्दा कुमार पनि परे । त्यसपछि २०६३ सालमा पुनः जागिर प्रवेश गरे । शालिकराम २०६७ मा स्थायी भए । उनकी श्रीमती प्रमिलालाई २९ साउन २०७२ मा स्थायी गरियो ।

लेखा अधिकृत कृष्णबहादुर खड्काका श्रीमती र सालीले पनि यहाँ जागिर खाइरहेका छन् । खड्का २०५३ मा जागिर प्रवेश गरेका थिए र २०६५ मा स्थायी भए । उनकी श्रीमती बिनु २०५६ मा जागिर प्रवेश गरेर

२०६५ मा स्थायी भइन् । लगत्तै खड्काले साली इनुलाई पनि जागिर प्रवेश गराए । इनु २०७२ कात्तिकमा स्थायी भइन् ।

पूर्व क्षेत्रीय निर्देशक दीपक नेपाली क्षेत्रीका सीटीईभीटीमा पाँच जना आफन्त छन् । दीपक भन्दा अघि नै उनकी श्रीमती उषाले यहाँ जागिर खाइसकेकी थिइन् । उषाले २४ मंसीर २०५३ मा जागिर प्रवेश गरेकी हुन् । उषाको भाइ केशव मिश्र र बुहारी सरस्वती मिश्र पनि यहीं जागिरे छन् । केशवले २०४५ मा सीटीईभीटी प्रवेश गरेका थिए भने उनले श्रीमती सरस्वतीलाई २०६१ मा सेवा प्रवेश गराएका थिए ।

लेखा अधिकृत दिनेश लुइँटेलकी श्रीमती सपना न्यौपाने, बहिनी विद्या शर्मा, ज्वाईं प्रमोद पौडेल र काका तारा लुइँटेल सीटीईभीटीमा जागिरे छन् । उनीहरूमध्ये तारा सबैभन्दा पहिला १९ असार २०४१ मा सेवा प्रवेश गरेका हुन् । त्यसपछि दिनेश २ पुस २०५३ मा जागिर प्रवेश गरे । उनकी श्रीमती सपना १ साउन २०७३ मा यहाँकी जागिरे भइन् । दिनेशका ज्वाईं प्रमोद पनि २०५३ मै यहाँ प्रवेश गरेका हुन् ।

पाठ्यक्रम निर्देशक दीपक पौडेलका परिवारका सदस्य पनि सीटीईभीटीमै छन् । ५ असार २०४९ मा जागिर प्रवेश गरेका पौडेलकी बहिनी र ज्वाईं यहाँ कार्यरत छन् । ज्वाईं वरिष्ठ लेखा अधिकृत उमेशप्रसाद खरेल २०५३ असारमा यहाँ प्रवेश गरेका हुन् भने बहिनीले त्यही वर्ष जेठमा जागिर शुरू गरेकी हुन् ।

परिवारको जालो बनाउने अर्को व्यक्ति टैलेन्द्र आचार्य पनि हुन् । ३० असार २०५४ मा जागिर प्रवेश गरेका टैलेन्द्रको भाइ प्रकाश आचार्य, भतिज भरत आचार्य, बहिनी हरिकला आचार्य र ज्वाईं खेम पोखरेल २८ असोज २०६६ देखि यहाँ जागिर खाइरहेका छन् । अर्को भतिज प्रकाश आचार्य पनि ४ पुस २०६५ देखि यहाँ जागिरे छन् ।

सीटीईभीटीबाट सहजै सूचना नपाएपछि हामीले सूचनाको हक सम्बन्धी कानून प्रयोग गरेर यो विवरण लिएका हौं । हामीले अहिलेसम्म फेला पारेको तथ्यांकमा यहाँ ३१ जोडी त श्रीमान् श्रीमती मात्रै छन् । ज्वाईं-जेठान चार जना, दाजु-भाइ २४ जना, बाबु-छोरा आठ जना, बहिनी-ज्वाईं चार जना छन् । त्यस्तै भतिजी र ज्वाईं दुई जना, साढुदाइ साढुभाइ आठ जना, साला/साली, भिनाजु ६ जना, देवर भाउजू दुई जना, काका भतिज दुई जना र दिदी-भाइ चार जना यहाँका जागिरे छन् ।

## कर्मचारीदेखि मन्त्रीसम्म

वरिष्ठ लेखा अधिकृत प्रमोदभक्त आचार्य सीटीईभीटीको नीति निर्धारण शाखामा छन् । उनकी श्रीमती गीता ढुंगाना प्राविधिक प्रशिक्षण प्रतिष्ठान (टीआईटीआई) मा छिन् । केही महीना अघिसम्म प्रमोद पनि टीआईटीआईमै प्रशासनिक प्रमुख पदमा थिए । अर्का वरिष्ठ लेखा अधिकृत टीकानिधि खनाल सीप विकास परियोजनामा छन् भने उनकी श्रीमती शोभा खनाल सीटीईभीटी (इन्स्योर प्रोजेक्ट) मा छिन् ।

अर्का वरिष्ठ लेखा अधिकृत उमेश खरेल सीप परीक्षणमा छन् भने उनकी श्रीमती मीना खरेल टीआईटीआईमा छिन् । प्रशासकीय अधिकृत विमल ढकाल कानून शाखामा छन् भने उनकी श्रीमती सीमाकुमारी श्रेष्ठ टीआईटीआईमा छिन् । प्रकाशकीय अधिकृत शैलेन्द्र पण्डित पनिकामा छन् भने उनकी श्रीमती चन्द्रकला पौडेल राष्ट्रिय सीप परीक्षण समितिमा छिन् ।

कर्मचारी संघका अध्यक्ष देवदत्त बडू सूचना तथा अनुसन्धान महाशाखामा छन् भने उनकी श्रीमती पशुपति जोशी सीप विकास परियोजनामा छिन् । प्रशासकीय अधिकृत केशवलाल श्रेष्ठ तालिम महाशाखामा छन् भने उनकी श्रीमती मीनाकुमारी श्रेष्ठ पनिकामा छिन् । ठाकुर भट्टराई र उनकी श्रीमती दुर्गा चापागाई दुवै जना पनिकामै छन् । खेमराम गौतम आन्तरिक लेखा परीक्षणमा छन् भने उनकी श्रीमती माया गौतम राष्ट्रिय सीप परीक्षण समितिमा छिन् ।



प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) भवन ।

निर्देशक जीवनारायण काफ्ले स्तर निर्धारण महाशाखा प्रमुख हुन् भने उनका दाइ रमाकान्त काफ्ले प्रशासन महाशाखामा छन् । जीवनारायण स्तर निर्धारण महाशाखामा सरूवा भएपछि रमाकान्तलाई प्रशासनमा लगिएको हो । यी दुई महाशाखा वल्लोपल्लो कोठामा पर्छन् ।

सीटीईभीटी अन्तर्गत पनि स्तर निर्धारण, राष्ट्रिय सीप परीक्षण, परीक्षा, सीप विकास, इन्स्योर, टीआईटीआई जस्ता शाखा/समिति परियोजनाहरूको जागिर विशेष आकर्षक मानिन्छ । परीक्षामा हुनेले ५० प्रतिशत भत्ता पनि पाउँछन् । सीप परीक्षण समितिमा गएको वर्षसम्म अधिकृत तहका कर्मचारीले करीब एक लाख रूपैयाँ बोनस पाएका थिए । स्तर निर्धारण महाशाखा सम्बन्धन दिने मामिलामा आर्थिक चलखेल हुने ठाउँका रूपमा चिनिन्छ । सीप विकास र इन्स्योर दाताको लगानीमा चलेका परियोजना हुन् । दुवैमा अनुगमनमा जाने र विदेश भम्रण गर्ने अवसर हुन्छ ।

शुरूमा भनिएझैं यहाँ एमाले, कांग्रेस र माओवादीका बेग्लाबेग्लै कर्मचारी संगठन छन् । तर तिनका नेताहरू कर्मचारीको हकहितका नाममा आफन्तलाई जागिर खुवाउन सक्रिय छन् भन्ने तथ्यहरूले नै देखाउँछन् । अध्यक्ष/पूर्व अध्यक्षहरूको 'सक्रियता' त शुरूमै बयान गरियो, अन्य पदाधिकारीको चलखेल पनि कम छैन ।

एमाले निकट कर्मचारी संगठनका उपाध्यक्ष ठाकुर भट्टराईकी श्रीमती दुर्गा चापागाई, उपमहासचिव किशोरचन्द्र शर्माकी श्रीमती सुष्मा वाग्ले, महासचिव ईश्वरी देवकोटाकी श्रीमती निर्मला गिरी देवकोटा र पूर्व उपाध्यक्ष सूर्य अधिकारीकी साली कल्पना जिरेल यहाँकै कर्मचारी हुन् ।

कांग्रेस निकट कर्मचारी संघका वरिष्ठ उपाध्यक्ष रामकिशोरलाल कर्णका तीन भाइ र छोरी अर्चना, उपाध्यक्ष यदु पुडासैनीका छोरा सुरेन्द्र पुडासैनी र संघकै उपाध्यक्ष रजनी देवकोटाका भाइ शंकर न्यौपाने यहाँ जागिरे छन् । न्यौपाने त संघका केन्द्रीय सदस्य पनि हुन् ।

संघका महासचिव शंकरदेव कोइरालाका काका, भतिज, भतिजी र ज्वाई यहीं जागिरे छन् । संघका पूर्व अध्यक्ष ईश्वरचन्द्र घिमिरेकी श्रीमती विनिता घिमिरे र पूर्व वरिष्ठ उपाध्यक्ष देवसिंह धामीकी श्रीमती विष्णुदेवी धामी पनि सीटीईभीटीमै जागिरे छन् ।

माओवादीनिकट राष्ट्रिय कर्मचारी संगठनका पूर्व वरिष्ठ उपाध्यक्ष

तारा लुइँटेलका भतिजा दिनेश लुइँटेल, बुहारी सपना, भतिजी विद्या शर्मा र ज्वाईं प्रमोद यहीं जागिरे छन् । पूर्व सदस्य-सचिव जयबहादुर टण्डनले आफ्ना भतिजाहरू कृष्ण र दीपकलाई यहीं जागिरमा लगाइदिएका छन् ।

सीटीईभीटीमा यतिविघ्न मनपरी हुन थालेपछि अख्तियारले हेर्ला भन्ने आस राख्नु स्वाभाविकै हो । तर, यहाँ त अनियमितताको फाइल तामेलीमा राखेर अख्तियारकै कर्मचारीले आफन्तलाई जागिर खुवाएको भेटियो ।

सीटीईभीटीले प्रक्रिया पूरा नगरी फार वेष्ट टेक्निकल कलेज, धनगढी; रम्भादेवी टेक्निकल कलेज, बुटवल; भ्याली कलेज अफ इन्जिनियरिङ, नयाँ बानेश्वर र सेन्ट्रल इन्जिनियरिङ कलेज, बालकुमारी; ललितपुरलाई १७ वैशाख २०६७ को १०७औं बैठकद्वारा तीनवर्षे कार्यक्रम सञ्चालन गर्न स्वीकृत दिएको थियो । शिक्षा मन्त्रालयले १ भदौ २०६७ मा यो विषयमा अनियमितता भएको भनेर छानबिन गर्न समिति बनायो । समितिले, स्वीकृति दिंदा आर्थिक चलखेल भएको प्रतिवेदन बुझायो । यसै क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि छानबिन थाल्यो । तर, आयोगले थप अनुसन्धान गर्ने र मुद्दा चलाउने प्रक्रिया अघि बढाएन । उल्टो फाइल तामेलीमा राखिदियो । केही समयभित्रै अख्तियारका अनुसन्धान अधिकृत सुवास पण्डितकी श्रीमती सरस्वती शर्मा सीटीईभीटीमा जागिरे भइन् । १८ चैत २०६७ मा करार सेवामा राखिएकी उनी २६ साउन २०७२ मा स्थायी पनि भइन् । अहिले उनी टेक्निकल एजुकेशन इन कम्युनिटी स्कूल (टेक्स) महाशाखामा कार्यरत छिन् ।

हाल अवकाश जीवन बिताइरहेका पण्डित श्रीमती सरस्वतीको जागिर र फाइल तामेलीबीच सम्बन्ध रहेको स्वीकार्दैनन् । पण्डितले भने, "म त मुद्दा चलाउनुपर्छ भन्ने पक्षमा थिएँ । पछि साथीहरूले तामेलीमा राख्नुभएको हो ।"

सीटीईभीटीमा बारम्बार ताला लगाउने र चर्को विरोध गर्ने विद्यार्थी नेता हाल काभ्रेका प्रदेश सांसद् रत्न ढकालकी श्रीमती मेनुका घिमिरे त्यहींकी जागिरे छिन् । ढकाल क्रान्तिकारीका सीटीईभीटी संयोजक भएका बेला मेनुकाले यहाँ जागिर पाएकी हुन् । त्यस्तै, अखिल क्रान्तिकारीका अध्यक्ष रञ्जित तामाङकी श्रीमती दुर्गा भट्टराई सीटीईभीटीको साँखुस्थित शंकरापुर पोलिटेक्निकमा कार्यरत छिन् । नेविसंघका पूर्व उपाध्यक्ष गणेश

भट्टकी श्रीमती कलावती भट्ट पनि सीटीईभीटीमै जागिरे छिन् । एकजना निर्देशकका अनुसार, "यहाँ चर्को विरोध गर्नेको मुख बन्द गर्न पनि उसको आफन्तलाई जागिर खुवाउने चलन छ ।"

शिक्षा मन्त्री सीटीईभीटीको अध्यक्ष हुन्छ । त्यसैले जो शिक्षामन्त्री हुन्छ, उसले आफन्त र कार्यकर्ता यहाँ पठाउँछ । यस कार्यालयका पदाधिकारी र कर्मचारीले राखेका आफन्तहरू मन्त्रीको समेत स्वार्थ र सहमतिमा राखिएका हुन् । सर्वेन्द्रनाथ शुक्लाका पीएकी आफन्त निशा मिश्रलाई १ भदौ २०६६ मा जागिर खुवाए । उनी अहिले सूचना तथा अनुसन्धान महाशाखामा छिन् । चित्रलेखा यादव शिक्षामन्त्री हुँदा पनि धेरैलाई करारमा नियुक्ति दिइएको थियो ।

## 'अस्वस्थ प्रतिस्पर्धा, अमर्यादित काम'

सीटीईभीटी सीमित परिवारको स्वार्थका लागि बनेको पारिवारिक क्लब जस्तो देखिन्छ । "संस्थाले जे सेवा दिनुपर्ने हो त्यो गर्न नसक्नुको कारण यही हो" शिक्षाविद् टंकनाथ शर्मा भन्छन्, "संस्थालाई प्राविधिक जनशक्ति ७५ प्रतिशत चाहिनेमा साधारण शिक्षा लिएका ७५ प्रतिशत छन् ।"

विज्ञहरूका भनाइमा, साधारण जनशक्तिको बाहुल्य भएपछि यसले आफ्नो विशेषज्ञ क्षमता देखाउन सकेन, निजी क्षेत्रलाई सम्बन्धन दिने र परीक्षा लिने संस्थाको रूपमा विकसित भयो । शर्मा भन्छन्, "गरीब, विपन्न, भौगोलिक रूपमा पिछडिएका जनतालाई सहज रूपमा शिक्षा दिन बिर्सनुको कारण नै पारिवारिक जालो र अप्राविधिक जनशक्तिको भीड हो ।"

सुविधाभोगी प्रवृत्ति यसको अर्को देख्न सकिने असर हो । पूर्व सदस्य-सचिव रामहरि लामिछाने भन्छन्, "यस्ता कर्मचारी सधैं फाइदा मात्रै खोज्ने स्वभावका हुन्छन् ।" उनी भन्छन्, "आफन्त हुने कर्मचारीहरू राम्रो ठाउँमा सरूवा, विदाको बेला पनि काज खोज्ने खालका हुन्छन् । भनेकै ठाउँमा सरूवा चाहिन्छ उनीहरूलाई ।" उनको भनाइमा व्यवस्थापक सधैं यस्ता कर्मचारी कसरी व्यवस्थापन गर्ने भन्ने तनावमा हुन्छन् ।

"गोप्य राख्नुपर्ने कतिपय विषय परिवारका सदस्य हुँदै अघि बाहिर पुगिसक्छ, रोक्नै सकिन्न" लामिछाने भन्छन्, "श्रीमतीलाई बढुवा नगरेको भनेर लोग्नेले मलाई नै 'थ्रेट' गरे । आफन्तलाई भनेको ठाउँमा सरूवा नगरेको भनेर एकजना त ६ महीनासम्म बोलेनन् ।"

नातावादको हैरानी भोग्नेमा पूर्व सदस्य-सचिव नीरबहादुर जिरेल पनि एक हुन् । "सीटीईभीटीमा परिवारको जालो छ । यसको असर नियमित सेवा प्रवाहमा समेत पर्ने गरेको छ" जरेल भन्छन्, "कुनै कर्मचारी खास विषयमा विज्ञ हुन्छ । त्यसको आधारमा उसलाई सरूवा गर्नुपऱ्यो भने उनलाई मात्रै पठाएर हुँदैन । मानवीय हिसाबले श्रीमान् श्रीमती नै पठाउनुपर्ने बाध्यता हुन्छ ।"

जिरेलको अनुभाव छ, "पदपूर्तिको बेला श्रीमान्को बढुवा भयो, श्रीमतीको हुँदैन । दाइको भयो, भाइको हुँदैन । भिनाजुको भयो भने सालीको हुँदैन । अनि लफडा गर्छन् । काम लगाउँदा झन् समस्या पर्छ ।"

जनताको करबाट चल्ने सरकारी निकायमा यस्तो मनपरी कसरी हुन सक्छ ? उच्चस्तरीय प्रशासन सुधार आयोगका अध्यक्ष काशीराज दाहाल भन्छन्, "योग्यता र क्षमताको आधारमा पदपूर्ति गर्नुपर्छ भन्ने संविधान र कानूनको उद्देश्य हो । कुनै पनि निकायले परिवारका सदस्यलाई जागिर खुवाएको छ भने त्यो अस्वस्थ प्रतिस्पर्धा र अर्मादित कार्य हो ।"

*प्रकाशित मिति : ४ माघ २०७४ www.cijnepal.org.np*

रिपोर्ट/संसद सचिवालय

# ‘कागजी’ मर्मतमा करोड अनियमितता

संसद सचिवालयका कर्मचारीले वर्षौंदेखि थन्किएका मात्र नभई लिलामी प्रक्रियामा रहेका गाडीहरू समेत कागजमा मर्मत गरेको देखाएर रकम निकाल्ने गरेका छन्।

मुकेश पोखरेल

व्यवस्थापिका-संसद सचिवालयमा बा १ भ ४४२८ नम्बरको ल्याण्डरोभर जीप थन्किएको तीन वर्ष भयो । २०७४ भदौ अन्तिम हप्तासम्म उक्त जीप सिंहदरबारस्थित संसद सचिवालयको दुई नम्बर भवनको पश्चिम छेउमा थियो । लिलाम प्रक्रियामा राखिएको उक्त जीपलाई अहिले भवन पछाडिको चमेना गृह अघिल्तिर राखिएको छ । आर्थिक वर्ष २०७३/७४ मा उक्त जीपको मर्मत खर्च रू.१६ हजार ७२४ देखाइएको छ ।

गुड्दागुड्दै ८ महीनाअघि थन्क्याइएका बा १ भ ५३८२ र बा १ भ ५३८३ नम्बरका टाटा सुमो जीपको आर्थिक वर्ष २०७३/७४ को मर्मत खर्च क्रमशः रू.१ लाख ६० हजार ४६९ र रू.२ लाख ७८ हजार ७८२ देखाइएको छ । संसदको सवारी साधन शाखाले यी दुई जीपलाई लिलामीको प्रक्रियामा राखेको छ । त्यस्तै, संसद सचिवालयको दुई नम्बर भवन अगाडिको पार्किङमा एक वर्षदेखि थन्किएको बा १ भ ५८६८ नम्बरको मित्सुबिसी पजेरोको मर्मतमा रू.२ लाख ८६ हजार ८९६ लागेको खर्च विवरणमा उल्लेख छ ।

## मर्मतमा जोडबल

सवारी व्यवस्थापन शाखाको रेकर्ड हेर्दा संसद सचिवालयमा मोटरसाइकल बाहेक ठूला-साना १०९ वटा गाडी छन् । सचिवालयका चालकहरूको संस्था संसद सचिवालय चालक कोषका अध्यक्ष शंकर भण्डारी संसदीय समितिहरूका पदाधिकारी तथा कर्मचारीका लागि नयाँ र राम्रो कन्डिसनका गाडी नै पर्याप्त रहेको बताउँछन् । "तर, चालकलाई माग फारम भराएर पुराना गाडी मर्मत गर्न जोड दिइन्छ" भण्डारी भन्छन्, "यो अनियमितता विरूद्ध धेरै आवाज उठाइसक्यौं, अब आन्दोलनमा उत्रिन्छौं ।"

गाडी मर्मतमा हुने लाभ हेरेर यसो गरिएको भनिरहनु परोइन । नयाँ गाडीहरू हुँदाहुँदै २०७३/७४ मा दुई वर्षदेखि थन्क्याएर राखिएका चारवटा स्यान्ट्रो कार मर्मत गरियो । बा १ भ ६६६९ का लागि रू.१ लाख २० हजार १५३, बा १ भ ६६७० का लागि रू.१ लाख १७ हजार ७१, बा १ भ ६६७१ का लागि रू.५१ हजार ७० र बा १ भ ६६७२ का लागि रू.१७ हजार १८१ खर्च भएको देखाइयो ।

सवारी शाखाले 'गाडी मर्मत' बाट आउने कमिशनका कारण पुराना गाडीमा बढी रूचि राखेको चालकहरू बताउँछन् । उनीहरूका अनुसार,

यसमा प्राविधिक शाखाका सहायक प्राविधिक र आन्तरिक प्रशासन शाखादेखि ग्यारेज, लेखा शाखा र मोटरपार्ट्सका व्यापारीसम्मको मिलेमतो हुन्छ । व्यवस्थापिका संसदको सवारी साधन शाखाका प्रमुख नेत्रबहादुर कार्की संसद सचिवालयबाट गाडी सुविधा लिने विभिन्न समितिका सभापति, सांसद तथा पदाधिकारीहरूका गाडी मर्मतका लागि टेन्डर आह्वानमार्फत छनोट भएको मोटरपार्टस् विक्रेतासँग खरीद सम्झौता अनुसार सामान खरीद गरेर गाडी मर्मतका लागि ग्यारेजमा दिइने बताउँछन् । "गाडी मर्मतमा कसैले बदमासी गरेको भेट्टाए हामी त्यसलाई कार्बाही गर्छौं, प्रमाणसहित आउनुपर्‍यो, हचुवाका भरमा भनेर हुँदैन" कार्की भन्छन्, "हामीसँग चालक हुन्छन्, हाम्रा प्राविधिकले सामान फेरेको हो कि होइन, सबै कुराको चेकजाँच हुन्छ, यहाँ कुनै गलत काम हुँदैन, गल्ती गर्नेलाई सजाय दिइन्छ ।"

यत्रो मिलेमतोबाट 'मर्मत' गरिएका सवारी साधनलाई नचलाई थन्क्याएर लिलामीमा दिइन्छ । आव २०७३/७४ मा रू.१ लाख २५ हजार ९९५ मर्मत खर्च देखाइएको बा १ भ ४४७१ नम्बरको मारूती कारलाई लिलाममा राखिएको छ । त्यस्तै, रू.२३ हजार ३९५ मा मर्मत गरिएको बा



१ भ ४४७२ नम्बरको मारूती कार, रू.९३ हजार ८०६ मा मर्मत गरिएको बा १ भ ५३७३ नम्बरको टाटा सुमो रू.१ लाख ३२ हजार १९४ मर्मत खर्च देखाइएको बा १ भ ५३७४ नम्बरको टाटा सुमो जीपलाई पनि लिलाममा राखिएको छ ।

मन्त्रिपरिषद्ले दुर्घटना, ट्राफिक जाम र प्रदूषण न्यून गर्न १८ फागुन २०७१ मा २० वर्ष पुराना गाडी हटाउने निर्णय गरेर राजपत्रमा सूचना प्रकाशित गरेको थियो । त्यसअनुसार, यातायात व्यवस्था विभागले गत वर्षदेखि २० वर्ष पुराना गाडी हटाउने अभियान सञ्चालन गऱ्यो । तर, संसद सचिवालयले चाहिं २० वर्षभन्दा पुराना गाडी खोजी-खोजी मर्मत गरेको देखिन्छ । सचिवालयले आव २०७३/७४ मा मर्मत गरेका बा १ भ ४४२८ नम्बरको ल्याण्डक्रुजर जीप, बा १ भ ४४७१ र बा १ भ ४४७२ को मारूती कार सन् १९९५ मा बनेका हुन् ।

## एउटैलाई रु.१९ लाख

व्यवस्थापिका-संसदले आर्थिक वर्ष २०७३/७४ मा ६८ वटा सवारी साधन मर्मतका लागि रू.१ करोड ३२ लाख ९ हजार ६१४ खर्च गरेको छ *(हेर्नुहोस् विस्तृत विवरण बक्समा)* । त्यसमध्ये सबभन्दा बढी रू.१९ लाख ३४ हजार ४२७ तत्कालीन उप-सभामुख गंगाप्रसाद यादवले प्रयोग गर्ने बा २ भ १३४८ नम्बरको मित्सुबिसी जीप मर्मतमा भएको देखिन्छ । त्यस्तै, विकास समितिका सभापति रवीन्द्र अधिकारीले प्रयोग गरेको बा १ भ ८४८१ नम्बरको स्कोर्पियो मर्मतमा रू.२ लाख ८९ हजार ७३९, लक्ष्मणलाल कर्णले प्रयोग गरेको बा १ भ ८४८२ नम्बरको स्कोर्पियो मर्मतमा रू.१ लाख ९७ हजार ७३, जनकराज चौधरीले प्रयोग गरेको बा १ भ ४४३ नम्बरको स्कोर्पियो मर्मतमा रू.३ लाख ६१ हजार ३३६ खर्च भएको देखिन्छ ।

कर्णले दोस्रो संविधानसभा निर्वाचनमा भएको धाँधली छानबिनका लागि गठित समितिको संयोजक र चौधरीले वातावरण संरक्षण समितिको सभापतिको हैसियतमा गाडी सुविधा पाएका थिए । त्यसैगरी, सांसद गंगा चौधरीले प्रयोग गरेको बा १ भ ८४८४ नम्बरको स्कोर्पियो जीप मर्मतमा रू.५ लाख ९२ हजार ९३८, लक्ष्मीकुमारी चौधरीले प्रयोग गरेको बा १ भ ८४८६ नम्बरको स्कोर्पियो मर्मतमा रू.३ लाख ६५ हजार ५६५,

अग्नि खरेलले प्रयोग गरेको बा १ झ ८४८८ मर्मतमा रू.२ लाख ३९ ८०७, रञ्जुकुमारी झाले प्रयोग गरेको बा १ झ ८४८९ नम्बरको स्कोर्पियो मर्मतमा रू.१ लाख ३३ हजार ६३८, गोकुल घर्तीले प्रयोग गरेको बा १ झ ८४९१ नम्बरको स्कोर्पियो मर्मतमा रू.१ लाख २१ हजार ३१३, मोहन बरालले प्रयोग गरेको बा १ झ ८४९२ स्कोर्पियो मर्मतमा रू.३ लाख ८ हजार २७१ र जनार्दन शर्माले प्रयोग गरेको बा १ झ ८४९३ नम्बरको स्कोर्पियो मर्मतमा रू.१ लाख ९५ हजार २९६ खर्च भएको देखाइएको छ ।

## संसद सचिवालय अन्तर्गत आव २०७३/७४ मा सवारी साधन मर्मतमा भएको खर्च विवरण

| गाडीको किसिम | बनेको वर्ष | गाडी नम्बर | मर्मत रू. |
|---|---|---|---|
| बस आइसर | २००८ | बा १ झ २२३५ | २३८४९४ |
| बस आइसर | २००८ | बा १ झ २२३९ | १४०१२ |
| बस आइसर | २००८ | बा १ झ २२४० | ३२२०५ |
| बस आइसर | २००८ | बा १ झ २२४१ | ५०९३८ |
| जीप ल्याण्डरोभर | १९९५ | बा १ झ ४४२८ | १६७२४ |
| कार मारूती | १९९५ | बा १ झ ४४७२ | २३३९५ |
| जीप टाटा सुमो | १९९९ | बा १ झ ४४७३ | ९३८०६ |
| जीप टाटा सुमो | १९९९ | बा १ झ ५३७४ | १३२१९४ |
| जीप टाटा सुमो | १९९९ | बा १ झ ५३७६ | ७९०९० |
| जीप टाटा सुमो | १९९९ | बा १ झ ५३७८ | १०४२१४ |
| जीप टाटा सुमो | १९९९ | बा १ झ ५३८२ | १६०४६९ |
| जीप टाटा सुमो | १९९९ | बा १ झ ५३८३ | २७८७८२ |
| कार मित्सुबिसी लान्सर | १९९९ | बा १ झ ५५२४ | ४६१०५ |
| जीप मित्सुबिसी पजेरो | २००० | बा १ झ ५८६७ | ५३९०८६ |

| | | | |
|---|---|---|---|
| जीप मित्सुबिसी पजेरो | २००० | बा १ झ ५८६८ | २८६८६९ |
| जीप इसुजु | २००१ | बा १ झ ६०२३ | ९२२८३ |
| जीप इसुजु | २००१ | बा १ झ ६०२४ | ६५५३४ |
| कार स्यान्ट्रो | २००४ | बा १ झ ६६६८ | ४६६९७ |
| कार स्यान्ट्रो | २००४ | बा १ झ ६६६९ | १२०१५३ |
| कार स्यान्ट्रो | २००४ | बा १ झ ६६७० | ११७०७१ |
| कार स्यान्ट्रो | २००४ | बा १ झ ६६७१ | ५१८७० |
| कार स्यान्ट्रो | २००४ | बा १ झ ६६७२ | १७१८१ |
| कार प्रोटोन | २००७ | बा १ झ ८१४८ | २३४९१ |
| कार प्रोटोन | २००७ | बा १ झ ८१४९ | ४४२४२ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८१ | २८९७३९ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८२ | १९७८७३ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८३ | ३६१३३६ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८४ | ५९२९३८ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८५ | ४८३४०७ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८६ | ३६५५८३ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८७ | १५१०६७ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८८ | २३९८०७ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४८९ | १३३६३८ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४९० | १४९३१६ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४९१ | १२१३१३ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४९२ | ३०८२७१ |
| जीप स्कोर्पियो | २००९ | बा १ झ ८४९३ | १९५२९६ |

| | | | |
|---|---|---|---|
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८४९४ | २०२३१८ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८४९६ | ३२४३०६ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८४९७ | २६२१११ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८४९८ | २८९९७१ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८४९९ | ९७७८५ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५०० | २५९५६६ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५०२ | ४३६०८० |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५०३ | १५७२४३ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५०५ | १७४३६६ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५०६ | १०४४६८ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५०७ | ३१००३७ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५०८ | १८९६११ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५०९ | ५७६७२२ |
| जीप स्कोर्पियो | २००९ | बा १ भ ८५१० | १००४३५ |
| जीप टाटा सुमो | ? | बा १ भ ८६४८ | ८०१६६ |
| जीप मित्सुबिसी | २००८ | बा १ भ ९१६० | ७१५८५ |
| कार हुण्डाई स्यान्ट्रो | २०१० | बा १ भ ९२७६ | ७८९९० |
| कार हुण्डाई स्यान्ट्रो | २०१० | बा १ भ ९२७७ | ३५२६८ |
| कार हुण्डाई स्यान्ट्रो | २०१० | बा १ भ ९२७९ | १८१७० |
| कार हुण्डाई स्यान्ट्रो | २०१० | बा १ भ ९२८१ | ४९७२५ |
| जीप टोयोटा | २०१४ | बा २ भ १२६८ | १५५९४ |
| जीप मित्सुबिसी | २०१५ | बा २ भ १४३८ | १९३४४२७ |
| जीप मित्सुबिसी | २०१५ | बा २ भ १४३९ | १३१०८ |

| | | | |
|---|---|---|---|
| जीप मित्सुबिसी | २०१५ | बा २ भ १६८५ | ८४५२४ |
| जीप किया | २०१५ | बा २ भ १६८६ | ९४१९० |
| जीप किया | २०१५ | बा २ भ १६८७ | ९४१९० |
| जीप किया | २०१५ | बा २ भ १६८८ | ९००६५ |
| जीप किया | २०१५ | बा २ भ १६८९ | २७७९८ |
| जीप किया | २०१५ | बा २ भ १६९० | ९६६७४ |
| जीप किया | २०१५ | बा २ भ १६९१ | २९३३१ |
| जीप किया | २०१५ | बा २ भ १६९२ | २६९९४ |
| जीप किया | २०१५ | बा २ भ १६९३ | ४२३२० |
| जीप टाटा सफारी | २०१६ | बा २ भ १९५२ | ३९६६५ |
| | | | |

*प्रकाशित मिति : १८ पुस २०७४, www.cijnepal.org.np*

# हुम्लामा वृद्ध भत्तामा ब्रह्मलूट

## मरेका मानिस ल्याप्चे लाउन गाउँ आउँछन्

गाउँमा सामाजिक सुरक्षा भत्ता बुझ्ने ज्येष्ठ नागरिकको नाम पढेर सुनाएपछि मनवीरे कामीले १० वर्षअघि मरेकी आमा सम्झे। यो सूचीमा उनको पनि नाम थियो।

नवराज महतारा

हुम्लामा सामाजिक सुरक्षा भत्तामा धेरै अनियमितता हुन्छ भन्ने थाहा पाएपछि हामीले यो मामिला खोतल्ने विचार गऱ्यौं । तत्कालीन जिल्ला विकास समिति (हाल जिल्ला समन्वय समिति) हुम्लाका तत्कालीन ६ गाविसका १० वटा वडामा वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको विवरण लियौं । अनि भत्ता पाउनेहरूको सूची लिएर ती गाउँका वडाहरूमा गयौं र वास्तविकता परीक्षण गऱ्यौं । हामीले हुम्लाको उत्तरमा पर्ने तत्कालीन डाँडाफया, मध्य क्षेत्रमा पर्ने लाली र राया अनि दक्षिणी क्षेत्रमा पर्ने मैला, श्रीनगर र कालिका गाविसका १० वटा वडाको विवरण परीक्षण गरेका छौं । यो रिपोर्ट त्यसैको सार हो ।

गाउँ पुगेपछि हामीलाई थाहा भयो, सामाजिक सुरक्षा भत्तामा हामीले अनुमान गरेभन्दा धेरै अनियमितता रहेछ । मुख्यतया दुई किसिमको अपराध रहेछ । पहिलो; वर्षौं अघि मरेका मानिसका नाममा समेत गाविस सचिव र कर्मचारीले पैसा निकालेर खाँदा रहेछन् । दोस्रो; गाउँ-गाउँमा नक्कली व्यक्ति सिर्जना गरेर उसका नाममा सामाजिक सुरक्षा भत्ता निकालेर सचिवहरूले खाने प्रवृत्ति व्यापक रहेछ ।

## ल्याप्चे र हस्ताक्षरमा जिउँदै

२०६८ सालदेखि वृद्ध भत्ता पाउँदै आएका हुम्ला, खार्पुनाथ गाउँपालिका-३ का गिठे रावत (६७) को ७ कात्तिक २०७३ मा निधन भयो । तर, रावतको मृत्यु पछि पनि उनको नाममा सामाजिक सुरक्षा भत्ता वितरण भइरहेको छ । जिल्ला समन्वय समिति हुम्लाको लेखा शाखामा गाविस सचिव मेघनाथ शाहीले २०७४ सालमा वृद्ध भत्ता बुझाएको भनेर पेश गरेको सूचीमा रावतको पनि हस्ताक्षर छ ।

साविक राया गाविस (हालको खार्पुनाथ गापा) का पूर्व अध्यक्ष प्रेम बुढा मृत्यु भइसकेका व्यक्तिको रकम गाविस सचिवले निकालेर खानु यहाँ सामान्य जस्तै भएको बताउँछन् । बुढा भन्छन्, "सचिव र मुखिया हतारहतार गरेर गाउँ आउँछन् । आफूले बनाएको लिस्ट अनुसार रकम बाँड्छन् । अरूलाई थाहै हुन्न, मनपरी छ ।" सचिवहरूले कस्तोसम्म गर्छन् भन्ने गुह्य खोल्दै बुढाले भने, "भत्ता पाउनुपर्नेहरूलाई समेत उनीहरूले तपाईंको नाम लिस्टमा छैन भनेपछि चूपचाप बस्नुपर्छ । अनि त्यो रकम उनीहरूले खान्छन् । कुरा यही हो ।"

२०७३ मै मृत्यु भएका गिठे रावतको नाममा अहिले पैसा कसरी निस्कियो ? सचिव मेघनाथ शाहीले मृत्यु भएकाको नाममा आएको रकम गाउँमै मिलान गर्ने गरेको गोलमटोल जवाफ दिए । पटक–पटक प्रश्न गरेपछि उनले भने, "गाउँमा रकम पाउने उमेर भएका तर रकम पाउने लिस्टमा नाम नभएकाहरूलाई पनि चित्त बुझाउन सुरक्षा भत्ताको पैसा दामासाहीले वितरण गर्ने गरिएको छ ।"

त्यो भनाइ उनको आफ्नो बदमासी छोप्ने प्रयास मात्रै थियो । पहिलो कुरा, मृत्यु भएका मानिसको नाम तत्काल सामाजिक सुरक्षा भत्ता पाउने सूचीबाट हटाउनुपर्छ । मृत्यु भएका व्यक्तिको नाममा पैसा निकाल्नै पाइँदैन । त्यसैले उनले त्यो पैसा अरूलाई दामासाहीले वितरण गरें भन्नु झन् ठूलो ठगी हो । दोस्रो; उनले त्यसरी दामासाहीले वितरण गरेका हुन्/होइनन् भनेर हामीले बुझ्दा त्यो पनि झूट भएको पत्ता लाग्यो । किनकि उनले भने जसरी दामासाहीले वितरण गरेको रकम पाउने कुनै पनि व्यक्ति गाउँमा छैनन् ।

तीन वर्षअघि मृत्यु भइसकेका अदानचुली गाउँपालिका–१ का सुरजित लुवारको नामबाट पनि त्यसैगरी पैसा निकालिएको छ । २०७४



स्याँडाका कलीवाने बुढा ७५, हिरासिंह बुढा ७६ र धनबहादुर बुढा ७०

साउनमा साबिकको श्रीनगर गाविस, हालको अदानचुली-१ का वडा सचिव तुलसी भण्डारी र टक्कदत्त प्याकुरेलले वितरण गरेको सामाजिक सुरक्षा भत्ता पाउनेको सूचीमा सुरजित लुवारको नाम पनि छ । अहिले पनि केन्द्रीय पञ्जीकरण विभाग, बबरमहलले रूजु गरेको सूचीको ६१-२३-००००७४५२३७७ कोड नम्बरमा लुवारको नाम छ । अन्तिम किस्ता वापत २०७३ चैतदेखि २०७४ असार मसान्तसम्म महीनाको रू.२ हजारका दरले सुरजितले ल्याप्चे लगाएर पैसा बुझेको अभिलेखबाट देखिन्छ ।

यसबारे प्रश्न गर्दा सचिव भण्डारीले पनि शाहीले जस्तै तर्क गरे । उनले भने, "मरेका ज्येष्ठ नागरिकको नाममा आएको रकमबाट उमेर पुगेका तर रकम पाउनेको सूचीमा नाम नभएकालाई वितरण गर्ने गरेका छौं ।" उनले दाबी गरे अनुसारको यो अनधिकृत काम पनि गरेका हुन्/होइनन् भनेर हामीले बुझ्न खोज्यौं । उनले अदानचुली गाउँपालिका-१ कल्खेका तीनवटै गाउँमा रकम वितरण गरेको सूची सदरमुकाम पठाएको भनेर टारे । तर, हामीले जिल्ला समन्वय समितिको लेखा शाखाबाट प्राप्त, मृत्यु भएका र गाउँमै नभएकाहरूको नाममा रकम निकालिएको भर्पाई देखाएपछि सचिव भण्डारीको बोली बन्द भयो ।

ज्येष्ठ नागरिक मरेको जति वर्ष भए पनि गाविस सचिवहरूले खातामा मर्न दिंदैनन् । साविकको राया गाविस-४ बाट सामाजिक सुरक्षा भत्ता लिने ज्येष्ठ नागरिकको कोड नम्बर ६१-२१-००००१४३११२३ मा ८४



स्याँडाका टसी बुढा (६७), डाँडाफयाकी रत्ना शाही (८१) र स्याँडाकी देउकला बुढा (६८)

वर्षीय हौइजाली टमटाको नाम छ । उनको मृत्यु भएको १० वर्ष भयो । २०७४ साउनमा गाविस सचिव मेघनाथ शाही लगायतको टोलीले वितरण गरेको भनिएको सामाजिक सुरक्षा भत्ता लिनेको सूचीमा स्वर्गीय टमटाले अन्तिम चौमासिक वापत रू.८ हजार बुझेर औंठाछाप लगाएको देखिन्छ ।

२०७४ कात्तिक अन्तिम साता साविकको राया गाविसको गुम्बाधारा गाउँमा भेला भएका गाउँले सामु हामीले सामाजिक सुरक्षा भत्ता खाने ज्येष्ठ नागरिकको सूची पढेर सुनायौं । यो सुनेपछि मनवीरे कामीले १० वर्षअघि मरेकी आफ्नी आमा सम्झे । सूचीमा उनको पनि नाम थियो । मनवीरेले थाहा पाएसम्म ११ वर्षअघि गाविस सचिवले उनकी आमाको नागरिकता लिएर गएका थिए । मनवीरे भन्छन्, "कालो अक्षर भैंसी बराबर छ । लेखेको केही चिन्दिनँ, सचिवले भनेको मान्नै पर्‍यो ।"

साविकको श्रीनगर गाविसको ६, ७ र ८ वडाका जिरू थापा, हिरू महतारा, सुरजिते लुवार, किन्नकला महतारा, समन्दे महताराको दुई वर्ष पहिले मृत्यु भइसकेको छ । तर, उनीहरू पाँच जना र अरू केहीको नाममा दुई वर्षयता मात्रै रू.१ लाख ४४ हजार सामाजिक सुरक्षा भत्ताबापत निकालिएको छ । अहिले पनि उनीहरूको नाम सामाजिक सुरक्षा भत्ता पाउने सूचीबाट हटाइएको छैन ।

## मान्छे विनै औंठाछाप

साविकको लाली गाविस-५ मा हाल सामाजिक सुरक्षा भत्ता पाउनेको सूचीमा बुद्ध कामीको नाम छ । तर, यो नाम गरेको मानिस त्यो गाउँमै छैन । जिल्ला समन्वय समितिको लेखा शाखामा रहेको नगदी भर्पाईको क्रम संख्या ९३ मा बुद्ध कामीले औंठाछाप हानेर रू.४ हजार बुझेको देखिन्छ ।

साविकको श्रीनगर गाविसको वडा नम्बर ६ को भत्ता वितरण सूचीमा कोड नम्बर ६१-२३-००००५८१८३६७ र परिचय पत्र नं. २०१००४०३००७३३ भएकी रूप्सिला बुमी नाम गरेकी व्यक्तिको नाम छ । गाउँमा त्यो नाम गरेको व्यक्ति कोही पनि छैन । जिल्ला समन्वय समितिमा पेश भएको नगदी भर्पाईमा चाहिं उनले ल्याप्चे हानेर रकम बुझेको देखिन्छ । यसैगरी त्यो गाउँमै नभएका मुन भण्डारी, मौकी महतारा, बज्जीर बुमी, हाँसकला बुढाको नाममा रू.६० हजार निकालिएको छ । रकम बुझेको यो सूची


जिल्ला समन्वय समितिको लेखा शाखामा साविकका गाविस सचिव तुलसी भण्डारी र हालको अदानचुली गाउँपालिका-१ का वडा सचिव टक्कदत्त प्याकुरेलले पेश गरेका हुन् ।

साविकको कालिका गाविसमा त झन् अत्यासलाग्दो अवस्था देखियो । यस गाविसमा मात्रै, मृत्यु भएका र हुँदै नभएका ८३ जनाको नाममा नियमित रूपमा भत्ता निकासा भइरहेको छ । यी कथित ज्येष्ठ नागरिक र एकल महिलाको नामबाट आर्थिक वर्ष २०७३/७४ मा मात्रै रू.९ लाख ९६ हजारको भर्पाई गरिएको फेला परेको छ । अहिले पनि त्यो विवरण जिल्ला समन्वय समितिमा सुरक्षित छ ।

सोही गाविसको वडा नम्बर ७ र ८ (हालको अदानचुली गाउँपालिका वडा नम्बर ४) मा मात्रै ज्येष्ठ नागरिकको सूचीमा २८ जनाको फर्जी नाम छ । गाउँमै नभएका मानिसमा क्रमसंख्या १८० का चुच्या सिंह, १९२ का जक्ते छत्याल, १९६ का धनबहादुर शाही, १९८ का काले सिंह, १९९ का हंसविरे सिंह, २०८ की सुनरूपा छत्याल, ११२ का ग्यामे सिंह, ११३ का मानसिंगे छत्याल, २२० का कलुवा शाही, २३२ का नन्धा सिंह, २३३ का विष्णुबहादुर छत्याल, २३६ का वलरूव रावल, २३७ का धनसिंह ऐडी, २४० की कोइली ऐडी, २४५ की लोला टमटा, २५१ का पृथ्वी शाही, २५४ की जयसरा रावल, २५५ का पुने रावल रहेका छन् । त्यसैगरी क्रमसंख्या २५६ का अमरसिंह बोहरा, २६१ का गम्भीरे सार्की, २६५ का चन्द्रे रावल, २६९ का सिद्द टमटा, २७२ का अमरसिंह बुढा, २७५ का जंग बोहरा, २७६ की गौगोरा लुवार, २७७ का सिंहरूप कामी, २८० की सुन्दर्या टमटा, २८१ का दलबहादुर ऐडी रहेका छन् । यी कसैलाई पनि वडावासीले चिन्दैनन् । यी मानिसलाई नियमित रूपमा भत्ता वितरण भइरहेको छ ।

जिल्ला समन्वय समितिमा रहेको सामाजिक सुरक्षा भत्ता पाउनेको सूची बोकेर गाउँ जाँदा हामीले साविक राया गाविसको वडा नं २, ३ र ४ मा मात्रै ५९ जनाको विवरण नक्कली भेट्टायौं । जिल्लाको विवरणसँग भिडाउँदा तीमध्ये केहीको पहिल्यै मृत्यु भइसकेको र केहीको फर्जी नाम राखेको पाइयो । तर, अहिलेसम्म पनि उनीहरूका नाममा रकम निकासा भइरहेको छ ।


नक्कली व्यक्ति खडा गरेर सामाजिक सुरक्षा भत्ता झिकेका उदाहरण प्रशस्तै भेटिए । जस्तै राया-२ की ६७ वर्षीया मौरा शाही, ६९ वर्षीया



मृत्यु भएकाको नाममा वृद्ध भत्ता निकालिएको विवरण।

लालिरा शाही, उमेर सिंह बुढा, राया-४ का ६१ वर्षीय रग विक नाम गरेका व्यक्ति त्यो गाउँमै छैनन् । उनीहरूले २०७३ सालको अन्तिम किस्ता बापत रू.४-४ हजार (लालिरा शाहीले रू.८ हजार) बुझेर भर्पाईमा ल्याप्चे लगाइदिएको विवरण जिल्ला समन्वय समितिको लेखा शाखामा छ । शाखामा गाविस सचिवले पेश गरेको भर्पाईको पेज नम्बर ३ को क्रमसंख्या १, ९, ११ र पेज नम्बर ५ को क्रमसंख्या १४ मा उनीहरू चारै जनाले ल्याप्चे लगाएर पैसा बुझेको देखिन्छ । राया गाविसका पूर्व अध्यक्ष प्रेम बुढाले अचम्म मान्दै भने, “थुप्रै पैसा पो सकेछन् !”

कर्मचारीको मनमौजी प्रवृत्तिले पनि सीधासाधा नागरिक ठगिएका छन् । सदरमुकाम सिमकोट गाउँपालिका-७ मा पर्ने डाँडाफयाकी ६५



मृत्यु भएकाको नाममा वृद्ध भत्ता निकालिएको विवरण।

वर्षीया नानीकला शाहीले सामाजिक सुरक्षा भत्ता बापतको रकम नपाएको तीन वर्ष भयो । गाउँमा सचिव आएका वेला रकम माग्दा सरकारले यो वर्ष माथिबाटै रकम नदिएको उनले बताएछन् । नानीकलाले भनिन्, "कहिले दिने कहिले नदिने गरेर सरकारले हाम्रो बानी बिगाऱ्यो ।"

सरकारले कहिले दिने कहिले नदिने गरेको होइन । साविकका गाविस सचिवहरूले त्यो पैसा आफैं खाने, अथवा केही समय चलाएर ढिलो गरी दिने प्रवृत्ति हुम्लामा व्यापक छ । त्यसैको मारमा परेकी हुन् नानीकला । उनले २०६८ सालदेखि हालसम्म नियमित रूपमा सामाजिक सुरक्षा भत्ता बुझ्दै आएको जिल्ला विकास समितिको रेकर्डमा देखिन्छ ।

डाँडाफया गाविसमा पनि हरेक महीना रू.२ हजार सामाजिक सुरक्षा भत्ता खानेको सूचीको ३१ नम्बरमा उनको नाम छ ।

साविकको राया गाविसको वडा नम्बर ४ की ६६ वर्षीया लुफा रावलले चार वर्षदेखि लगातार सामाजिक सुरक्षा भत्ता पाइरहेकी थिइन् । पछिल्लो वर्ष गाविस सचिव मेघनाथ शाहीले 'यो वर्ष माथिबाटै पैसा आएन' भने । उनले विश्वास गरेकी थिइन् । तर हामीले 'तपाईंका नाममा पैसा निकालिएको छ' भनेर जिल्ला समन्वय समितिले दिएको विवरण देखायौं । भोलिपल्ट उनी जिल्ला समन्वय समिति गइन् । त्यहाँ सचिवले पेश गरेको भर्पाईको २ नम्बर पेजको क्रमसंख्या ११ मा उनको नाममा ल्याप्चे लाएर रू.४ हजार बुझेको भेटियो । आक्रोशित लुफाले भनिन्, "गरीबको नाममा सरकारले दिएको पैसा खाने ? यस्ता त पाप लागेर मर्नुपर्ने हो !"

हुम्ला जिल्लामा सामाजिक सुरक्षा भत्ता वितरणमा भएका अनियमितताका केही उदाहरण हुन् यी । सहारा नभएका ज्येष्ठ नागरिक, आफन्त गुमाएका एकल महिला, जातीय भेदभावको शिकार भएका दलित समुदायका नागरिकलाई सरकारले प्रदान गरेको सामाजिक सुरक्षा भत्तामा गाविस सचिवले मनलाग्दी गरेका छन् । यहाँ उनीहरूको यति विघ्न मनपरी चल्छ कि गाउँमा हुँदै नभएका मानिसको हस्ताक्षर र ल्याप्चे हानेर उनीहरू पैसा निकाल्छन् ।

यसो गर्न उनीहरूलाई कुनै डर–त्रास भएको देखिन्न । हुम्लाका साविकका ६ गाविसमा हामीले गरेको अध्ययनले सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्तामा व्यापक मात्रामा दुरूपयोग र अनियमितता भएको देखिन्छ । हुम्लाका साविक २७ गाविसमा सामाजिक सुरक्षा भत्ताको कतिसम्म दुरूपयोग भएको छ र यसमा को को कर्मचारी संलग्न छन् भन्ने सम्बन्धमा गतिलो छानबिन जरूरी देखिन्छ ।

सामाजिक सुरक्षा भत्ता वितरण गर्न सरकारले कार्यविधि पनि बनाएको छ । भत्ता प्राप्त गर्न स्वयं व्यक्ति उपस्थित हुनुपर्छ, सम्भव भए बैंक खाता मार्फत दिनुपर्छ, नत्र घरमा गई भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था छ । भत्ता प्राप्त गर्न स्थानीय निकायबाट परिचयपत्र प्राप्त व्यक्तिलाई पहिलो चौमासिक १ असोजमा, दोस्रो १२ माघमा र अन्तिम १५ जेठमा वितरण गर्नुपर्छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ को दफा १३ मा यो व्यवस्था छ ।

कार्यविधिले सामान्यतः बैंक मार्फत भत्ता वितरण गर्न भनेको छ । कार्यविधिको दफा १४ (१) मा भनिएको छ- नयाँ परिचयपत्र पाएका र परिचयपत्र नवीकरण भएका लाभग्राहीहरूको अद्यावधिक नामनामेसी, ठेगाना, परिचयपत्र नम्बर, नागरिकता/जन्म दर्ता प्रमाण-पत्र नम्बर, बैंक खाता नम्बर सहितको विवरण र संख्या गाउँ विकास समिति/नगरपालिकाले जिल्ला विकास समितिमा पठाउनुपर्नेछ ।

यसरी विवरण अद्यावधिक गर्दा आफैं उपस्थित भई रकम बुझ्न नसक्ने व्यक्तिहरू, पूर्ण अशक्त, अपाङ्ग र अरूको सहारा विना हिंडडुल गर्न नसक्ने, ओछ्यानमै बसी अरूको सहयोगले मात्र उठ्न र बस्न सक्ने वा बैंकसम्म आफैं आउन नसक्ने अवस्थाका लाभग्राही र बालबालिकाको पहिचान गरी त्यस्ता लाभग्राहीको हकमा यस कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिम उल्लेख भएको इच्छाएको व्यक्ति/अभिभावक/संरक्षकको विवरण समेत अद्यावधिक गरी जिल्ला विकास समितिमा पठाउनुपर्नेछ ।'

## 'अब कडाइ हुन्छ'

१६ साउन २०७४ मा हुम्ला जिल्ला अदालतले सामाजिक सुरक्षा भत्ता अनियमितता सम्बन्धी उजुरीमा ताजाकोट गाउँपालिका (साविकको मैला गाविस) लाई ताकेता गर्‍यो । तत्कालीन मैला गाविसका सचिव नराकोट-२ जुम्लाका कालिबहादुर हमाल विरूद्ध अख्तियारमा अनियमितताको उजुरी परेको थियो । अख्तियारले चलाएको मुद्दामा उनलाई १८ चैत २०७३ मा विशेष अदालत काठमाडौंले साविकको कालिका गाविसको रू.१२ लाख २० हजार २०० र मैला गाविसको रू.२२ लाख ७६ हजार ४०० बिगो भराउने फैसला गरेको थियो । सो फैसला कार्यान्वयन गर्ने क्रममा जिल्ला अदालत हुम्लाले ताकेता गरेको थियो ।

साविककै मैला र कालिका गाविसमा यसअघिका गाविस सचिवले पनि रकम वितरण नगरेको भनेर स्थानीय बासिन्दाले जिल्ला समन्वय समितिमा उजुरी गरेका थिए । उजुरीका आधारमा २०७४ असोज अन्तिम साता तत्कालीन गाविस सचिव गोपाल लामालाई जिल्ला प्रशासन कार्यालयमा बोलाइयो । जिल्ला समन्वय समितिका सचिव लोकबहादुर सुनार र तत्कालीन प्रमुख जिल्ला अधिकारी धनकृष्ण शर्मा पौड्यालले सचिव लामालाई 'पन्ध्र दिन भित्र पैसा जम्मा गरी गाउँका सम्बन्धित

व्यक्तिलाई वितरण गर्न' कागज गराएर छोडे । तर, लामाले अहिलेसम्म पनि झण्डै रू.५५ लाख बुझाउन बाँकी छ । महालेखा परीक्षकको प्रतिवेदन २०७३ मा पनि सचिव लामाको नाममा यो रकम बेरूजु देखाइएको छ ।

लगातार दुई वर्षसम्म साविकको डाँडाफया गाविसको सामाजिक सुरक्षा बापतको रकम वितरण नगरेर 'घर खर्च चलाएको' भन्ने उजुरी परेपछि तत्कालीन जिविसले तीन सदस्यीय टोली नै गठन गरेर गाविस सचिव रामप्रसाद देवकोटाले गरेको अनियमितताबारे छानबिन गरेको थियो । देवकोटाले अनुदान रकमले आफ्नो व्यवसाय चलाएको देखिएपछि समितिले ६ महीना लगाएर उक्त रकम असुलेको थियो । यस क्रममा २०७४ असार मसान्तसम्म उक्त रकम वितरणको जिम्मा त्यसपछिका सचिव रामलाल पाण्डेले पाए । पाण्डेले पनि सो रकम सम्बन्धित व्यक्तिलाई नबुझाई आफूसँग राखेपछि तत्कालीन जिल्ला विकास समितिले छापा मारेर रू.६ लाख उनको कोठाबाट बरामद गर्‍यो । बाँकी रू.२ लाख २७ हजार उनको तलबबाट असुल उपर गरी स्थानीय जनप्रतिनिधिलाई जिम्मा लगाइएको जिल्ला समन्वय समितिका लेखा अधिकृत विशाल बोहोराले बताए ।

हरेक चौमासिकमा सम्बन्धित व्यक्तिलाई दिनुपर्ने भनेर जिल्ला समन्वय समितिबाट निकास हुने तर सचिवले त्यो पैसा मनपरी गर्ने प्रवृत्ति हुम्लामा व्यापक छ । बोहोरा भन्छन्, "सचिवहरू भत्ताको पैसाले आफ्नो गर्जो टार्ने गर्छन्, रकम वितरण पारदर्शी छैन ।" केन्द्रबाट आएको अख्तियारीका आधारमा जिल्ला समन्वय समितिले सकेसम्म हरेक चौमासिकमा सबै स्थानीय सरकारका नाममा रकम निकासा गरेको बताउँछन्, बोहोरा । उनले भने "जिल्ला समन्वय समितिले निकासा गरेको एक सातामै सबैजसो सचिवले बैंकबाट पेश्की भनेर रकम निकाल्छन् । तर त्यो पैसा गाउँ लगेर वितरण नगरी केही महीना आफ्नो काममा लगाउँछन् ।" बोहोराले भने, "समस्या विकराल बन्दैछ । नियन्त्रण गर्न हामीले पनि खासै केही गर्न सकेका छैनौं ।"

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको दफा ९ को उपदफा ९ 'च' को १ मा प्रत्येक गाउँ विकास समिति/नगरपालिकामा भत्ता/वृत्ति वितरण गर्दा कम्तीमा पाँच जना स्थानीय राजनीतिक दल एवं समुदायमा आधारित संघ-संस्थाका प्रतिनिधि र स्थानीय भद्रभलादमीको

रोहवरमा वितरण गरेको मुचुल्का तयार गर्नुपर्ने उल्लेख छ । त्यसरी तयार गरेको मुचुल्का एक/एक प्रति गाउँ विकास समिति/नगरपालिका कार्यालयको सूचनापाटीमा टाँस गर्ने र एक प्रति लेखा परीक्षणको लागि भर्पाईसँग राख्ने कानूनी व्यवस्था छ । तर कर्मचारीले यो कानूनी व्यवस्थालाई वास्तै गर्दैनन् । सिमकोटका राजबहादुर रोकाया भन्छन्, "सचिवलाई गाउँका हरेक राजनीतिक दलको संरक्षण हुन्छ । कानून किन मान्नु पर्‍यो ? कसले गर्ने कारबाही ?"

कार्यविधिको दफा ९ को उपदफा ९ 'च' को (४) ले उल्लेख गरे अनुसार प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको सात दिनभित्र पेश्की फर्स्योटको लागि जिल्ला विकास समितिमा पठाउनुपर्ने व्यवस्था छ । तर यस्ता सबै कागजात सचिवले समयमै ल्याई नपुर्‍याउँदा आफूले राम्रोसँग अनुगमन गर्न नसकेको जिल्ला समन्वय समिति हुम्लाका सचिव लोकबहादुर सुनारले बताए । उनले भने, "अब कडाइ हुन्छ ।"

*प्रकाशित मिति : ८ पुस २०७४ www.cijnepal.org.np*

अध्यागमन ‘अप्रेसन’

# एउटाको राहदानीमा अर्को उड्दै

नेपालको अध्यागमन प्रणालीभित्र
मौलाएको ‘सेटिङ’ र त्यसले निम्त्याएको खतरा।

नवराज मैनाली

गृहमन्त्री नियुक्त भएर पदबहाली गरेकै दिन रामबहादुर थापा 'बादल' ले पहिलो निर्णय गरे– मुलुकको अध्यागमन प्रणाली सुधार गर्न अध्यागमन नीति बनाउने । १५ फागुन २०७४ मा अध्यागमन नीतिको मस्यौदा गर्न जतिखेर गृहमन्त्री कार्यदल बनाउने निर्णयमा हस्ताक्षर गर्दैथिए, ठीक त्यहीबेला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका कर्मचारी भारतीय युवतीलाई हङकङ उडाउन 'सेटिङ' मिलाइरहेका थिए ।

नेपाल वायुसेवा निगमका कर्मचारी र प्रहरी समेतको मिलेमतोमा दुई युवतीसहित चारजना भारतीयलाई भिजिट भिसामा हङकङ उडाउन लागेको सूचना पाएपछि विमानस्थलस्थित अध्यागमन कार्यालय प्रमुख होमनाथ थपलियाको पहलमा विमानभित्र चढिसकेका दुई युवतीसहित चार जनालाई पक्राउ गरियो । सडकमार्ग हुँदै नेपाल आउने भारतीय नागरिक 'नो अब्जेक्सन लेटर' विना अर्को देश उड्न नपाउने भए पनि अध्यागमन कार्यालयका अधिकृत नइन्द्रप्रसाद पौडेल सहितले 'सेटिङ' मिलाएर उनीहरूलाई हङकङ जान अनुमति दिएका थिए । यो 'सेटिङ' मा संलग्न निगमका तीन कर्मचारी निलम्बनमा परेका छन् भने पौडेललाई अध्यागमन विभागमा तानिएको छ ।

गृहमन्त्रीले अध्यागमन सुधारको घोषणा गरेकै दिन यस्तो घटना हुनु संयोग मात्रै थिएन । विमानस्थलस्थित अध्यागमन स्रोतका भनाइमा, "दिनहुँजसो यस्तो 'सेटिङ' हुँदै आए पनि त्यो दिन समूहभित्र कुरा नमिलेपछि मात्रै घटना बाहिर आएको हो ।" मानव तस्करीको यस्तो 'सेटिङ' सँगै नक्कली राहदानी र भिसामा विदेश उडाउने, चलखेलका आधारमा अपराधी भगाउने र मुद्दा कमजोर बनाएर अभियुक्तलाई उन्मुक्ति दिलाउने काम विमानस्थलमा दिनहुँजसो हुने गर्छ ।

गृहमन्त्री भएको एक सातापछि थापाले अध्यागमन विभागको निरीक्षण गरे भने त्यसको दुई हप्तापछि विमानस्थलस्थित अध्यागमन कार्यालयको छड्के अनुगमन गरे । त्यही दिन थापाले अध्यागमन कर्मचारीका कारण नेपाल विश्वभरका अपराधीहरूको 'ट्रान्जिट बन्दै गएको' दाबी गरे । यही बीचमा गृहमन्त्रीले विमानस्थलमा कार्यरत ३२ जना अध्यागमन कर्मचारी हटाए । त्यहाँ अहिले मालपोत, वैदेशिक रोजगार तथा यातायात

जस्ता 'कमाइ हुने कार्यालय' मा काम नगरेका कर्मचारी पठाइएको गृह मन्त्रालयको दाबी छ ।

मन्त्रालयका सहसचिव केदार न्यौपाने संयोजक रहेको कार्यदलले १४ चैतमा गृहमन्त्री थापालाई अध्यागमन नीतिको मस्यौदा बुझाइसकेको छ । अध्यागमनका १७ वटा प्रमुख चुनौती औंल्याइएको मस्यौदामा छिमेकी मुलुकसँगको खुला सीमा, उच्च प्रविधियुक्त प्रणालीको अभाव, सरोकारवाला निकायबीच समन्वयको कमी, सीमा क्षेत्रमा हुने अवैध आवागमनको व्यवस्थापन, मानव बेचबिखन जस्ता गैरकानूनी कार्यको नियन्त्रणलाई मुख्य चुनौती मानिएको छ ।

गृहमन्त्रालयका प्रवक्ता रामकृष्ण सुवेदीका शब्दमा, "मस्यौदामा परराष्ट्र, अर्थ, श्रम र कानून मन्त्रालयसँग राय मागिएको छ र यसलाई एक महीनाभित्रै पूर्णता दिने योजना छ ।" गृहमन्त्री थापाले अकस्मात् मुलुकको अध्यागमन प्रणालीलाई किन यतिविघ्न प्राथमिकता दिए ? हामीले विमानस्थलस्थित अध्यागमन कार्यालय र त्यहाँ कार्यरत कर्मचारीको काम कारबाहीको भित्री पाटो खोतलेका छौं ।



## काण्डैकाण्डको अखडा

नेपाल घुम्न आएकी फ्रेन्च युवती फ्लोरेन्स तारनी क्वेटको १३ एफभी २५२४८ नम्बरको राहदानी बौद्धमा हरायो । आफ्नो देश फर्कन उनी फ्रेन्च दूतावासबाट यात्रा अनुमतिपत्र बनाएर २ असोज २०७४ मा विमानस्थल पुगिन् । अनि मात्र थाहा भो, उनको हराएको राहदानीमा अर्कै व्यक्ति उडिसकेको रहेछ ।

अध्यागमन कर्मचारीले शुरूमा उनीमाथि नै शंका गरे । तर, अनुसन्धान गर्दा उनको राहदानी अर्कैले प्रयोग गरेको पुष्टि भयो । अध्यागमन अधिकृत प्रतीक राईले फ्लोरेन्सको राहदानीमा 'डिपार्चर' छाप हानेका रहेछन् । एउटाको राहदानीमा अर्कै व्यक्ति उड्दा पनि विमानस्थलस्थित अध्यागमन कार्यालयले पत्तो नपाउनु सुरक्षा दृष्टिले गम्भीर लापरवाही थियो ।

एउटाको राहदानीमा अर्को व्यक्ति उडेको पहिलो घटना नभएकाले हुनसक्छ, अध्यागमन कर्मचारीले यसलाई सामान्य रूपमा लिए । गृह मन्त्रालयका एक उच्च अधिकारीका भनाइमा, "एउटाको राहदानी अर्कोले प्रयोग गर्ने, नक्कली राहदानी र भिसामा उड्ने घटना बारम्बार भइरहन्छन् ।"

गत वर्ष एक भियतनामी युवतीको राहदानीमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अर्को व्यक्ति उडेको भेटियो । तर, त्यसरी उड्ने व्यक्ति को थियो भन्ने अध्यागमन अधिकारीले अहिलेसम्म पत्ता लगाउन सकेका छैनन् । विभागका महानिर्देशक दीपक काफ्ले एकदुई व्यक्ति नक्कली कागजपत्रबाट आवतजावत गर्नुलाई ठूलो समस्या ठान्दैनन् । "विकसित देशमा पनि नक्कली राहदानी प्रयोग गरिएका उदाहरण छन्" उनी भन्छन्, "केही घटना हाम्रोमा पनि भएका हुनसक्छन्, हामी सुधारको प्रयास गरिरहेका छौं ।"

तर, अहिलेसम्म सुधारको कुनै संकेत छैन । १७ असार २०७४ मा इजरायलको नक्कली राहदानी लिएर यूरोप छिर्न लागेका दुई इराकी नागरिक अमिद होसेन र ओमिड डस्ली त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सजिलै पार भए । भारत हुँदै फ्रान्स जाने क्रममा

मुम्बई एअरपोर्टमा पक्राउ परेका उनीहरूलाई भारतीय अध्यागमनले नेपाल नै फर्काइदियो । अध्यागमन अधिकारीहरू भने अहिले पनि आफ्नो कमजोरी स्वीकार गर्नुभन्दा प्रविधिलाई दोष दिएर उम्कन खोज्छन् । विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रमुख होमनाथ थपलिया भन्छन्, "कहिलेकाहीं प्रविधिले पनि हामीलाई धोका दिने गर्छ ।"

अझै गम्भीर अर्को उदाहरण छ । इन्टरपोलले 'रेड कर्नर नोटिस' जारी गरेका 'मोष्ट वान्टेड' दक्षिण कोरियाली नागरिक सिउन वोङ ली २४ पुस २०७४ मा सजिलै नेपाल प्रवेश गरे र पोखरातिर लागे । उनी पोखरा पुगेपछि मात्र 'रेडकर्नर' सूचीमा रहेको थाहा भयो । उनलाई समात्न प्रहरी टोली पोखरा पुग्यो, तर फेला पार्न सकेन । एक महीनापछि उनी भिसा थप्न अध्यागमन कार्यालय आउलान् र त्यहीं पक्राउ गरौंला भन्ने योजना बनाएर प्रहरीले उनको राहदानी लगायत सबै विवरण अध्यागमनलाई टिपायो र उनको नाम कालोसूचीमा पनि राख्यो ।

यति गर्दागर्दै पनि उनले पोखरास्थित अध्यागमन कार्यालयबाटै भिसा लिए । अध्यागमनको पोखरा कार्यालयका कर्मचारीका भनाइमा, "त्यतिबेला कार्यालयको सर्भर डाउन भएकोले उनी कालोसूचीमा रहेको थाहा पाउन सकिएन ।" धन्न उनी अरू देश भाग्न भ्याएनन्, एक सातापछि प्रहरीले पोखराकै एक होटलबाट पक्राउ गरी उनलाई दक्षिण कोरिया पठायो ।

गृह मन्त्रालयको उच्चस्रोतको दाबी अनुसार, कालोसूचीमा रहेको व्यक्तिलाई सेटिङमा 'पास' गराउन बेलाबेलामा कर्मचारी आफैंले 'सर्भर डाउन' गराउँछन् । अध्यागमन विभागका महानिर्देशक काफ्ले चाहिं यो नियोजित नभई प्रविधिगत कमजोरीको समस्या भएको दाबी गर्छन् । उनी भन्छन्, "हाम्रो अध्यागमनमा 'इमी' नामक सफ्टवेयर छ, त्यसमा बेलाबेला समस्या आइरहन्छ । त्यसलाई अपडेट गर्ने प्रयास भइरहेको छ ।"

२०७४ मंसीरमा अमेरिकाको नक्कली ग्रीनकार्ड बोकेर पोखराका पारस कार्की, क्षितिज कार्की र फणिन्द्र कार्की हङकङ पुग्नुले मुलुकको अध्यागमन प्रणालीभित्रको बिजोग देखाउँछ । हङकङ अध्यागमनले 'इन्ट्री रिफ्युज' गरेपछि मात्रै उनीहरू नेपाली अध्यागमनबाट सहजै बाहिरिएको भेद खुलेको थियो ।

## मानव तस्करीको सेटिङ

पाँचथरका भूपाल बस्नेत 'भिजिट भिसा' मा संयुक्त अरब इमिरेट्स (यूएई) जान ३ मंसीर २०७४ मा विमानस्थल पुगे । भिजिट भिसामा जान उनीसँग सबै कागजपत्र थिए । केही समय कुराएपछि अध्यागमन कर्मचारीले उनलाई फर्काइदिए । किन फर्काइएको भन्ने जवाफ पनि दिएनन् ।

बस्नेत पाँच दिनपछि फेरि तिनै कागजपत्र लिएर विमानस्थल पुगे । त्यसदिन चाहिं उनलाई लिन अध्यागमनका कर्मचारी अफिस बाहिरै आए । केही सोधपुछ नगरी ०९४०२७७५ नम्बरको उनको राहदानीमा 'डिपार्चर' छाप लगाइदिए । कारण, उनले त्यसका लागि नयाँबसपार्कस्थित कान्तिपुर मलमा रहेको एक ट्राभल एजेन्सीमार्फत रू.८० हजार खर्च गरेर 'सेटिङ' मिलाएका थिए ।

२०७४ मंसीरमा राष्ट्रिय अनुसन्धान विभागले गरेको आन्तरिक छानबिनमा विमानस्थलबाट दैनिक ५० देखि १०० जना व्यक्ति 'सेटिङ' मिलाएर भिजिट भिसामा काम गर्न विभिन्न देश पुग्ने गरेको भेटिएको थियो । गृह मन्त्रालयबाट प्राप्त सो गोप्य प्रतिवेदन अनुसार 'यो 'सेटिङ' मा नेपाल एअरलाइन्स, फ्लाई दुबई, टर्किस एअरलाइन्स, जेट एअरलाइन्स, कतार एअरलाइन्सका कर्मचारीको समेत मिलेमतो भेटिएको' थियो ।

प्रतिवेदनमा, 'सेटिङ' विना भिजिट भिसामा जान खोज्नेहरूलाई 'ग्राउण्ड ह्यान्डलिङ' को जिम्मा पाएका नेपाल एअरलाइन्सका कर्मचारीले विभिन्न बहानामा बोर्डिङ पास नै नदिने गरेको प्रतिवेदनमा उल्लेख छ । प्रतिव्यक्ति १३ हजारदेखि ३० हजार रूपैयाँसम्म लेनदेन हुने, दलालहरू मार्फत लिएको पैसा प्रत्येक हप्ता बाँडफाँड गरिने र विमानस्थलमा कार्यरत प्रहरी समेत यो भागबण्डाको हिस्सेदार रहेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनले विमानस्थलमा रहेका विभिन्न १३७ वटा एजेन्सीका गतिविधिमाथि निगरानी गर्न समेत सुझाव दिएको छ ।

विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रमुख थपलिया पनि विमानस्थलमा मानव तस्करी गर्नेहरू सक्रिय रहेको स्वीकार गर्छन् । तर, त्यसमा अध्यागमनका कर्मचारीभन्दा एअरलाइन्सका कर्मचारीहरूको हात रहेको दाबी गर्दै उनले भने, "त्यसमा संलग्नमध्ये एकाध हाम्रा कर्मचारी पनि हुनसक्छन्, तर उनीहरूमाथि निगरानी गर्ने संयन्त्र छ ।"

साँच्चिकै समस्या हो या नियतवश कायम गरिने व्यवस्था, अध्यागमनमा कमजोर प्रविधिका कारण पटक-पटक गम्भीर त्रुटि हुँदै आएका छन् । जस्तो कि, अध्यागमन कार्यालयमा डाटा इन्ट्री गर्ने सफ्टवेयर मात्र छ । 'इमी' नामक यो सफ्टवेयरमा यात्रुको नाम र राहदानी विवरण मात्र हुन्छ । यो सफ्टवेयरबाट एउटाको राहदानी अर्कोले प्रयोग गरेको पत्ता नलाग्ने हुँदा त्यस्तो हुनसक्ने जोखिम रहन्छ ।

यस्तो दुरूपयोग रोक्न धेरै देशले औंठाछाप तथा आँखाको रेटिनाको डाटा लिने गरे पनि नेपालमा त्यस्तो अभ्यास छैन । विभागले बनाएको रणनीतिक योजनामा भने अटोमेटिक बोर्डर कन्ट्रोल (एबीसी) नामको सफ्टवेयर जडान गर्नुपर्ने उल्लेख छ । गृह मन्त्रालयबाट तीन महीनाअघि स्वीकृति भएको तीनवर्षे रणनीतिक योजनामा प्रविधिगत सुधारमा जोड दिइएको छ । एक अध्यागमन कर्मचारीका भनाइमा, 'कतिपय कमजोरी त पुरानो प्रविधिका कारण पनि दोहोरिइरहेकाले अब बायोमेट्रिक प्रविधिमा जानैपर्ने बाध्यता छ ।'

अध्यागमनकै कमजोरीका कारण नेपाल मानव तस्करीको 'ट्रान्जिट' बन्दैछ । जस्तो कि, इराकी नागरिकहरू सेयेदेह जारा जमानी देरू र उनकी श्रीमती सेभेदा खाराजानी एक बच्चासहित २०७४ भदौमा



इन्टरपोलले 'रेड कर्नर नोटिस' जारी गरेका 'मोष्ट वान्टेड' दक्षिण कोरियाली नागरिक सिउन वोङ ली ।

विमानस्थलमा पक्राउ परे । उनीहरू नक्कली अमेरिकी राहदानी प्रयोग गरेर नेपाल आएका थिए । त्यसको केही दिनअघि इरानी नागरिक जोहोरा डेनी, शेन गजाभान्द र सिरियन मोहम्मद फौद उनोथेमन पक्राउ परेका थिए । उनीहरूसँग स्पेनको नक्कली राहदानी थियो ।

यी इराकी र इरानीहरूको गन्तव्य नेपाल थिएन । अमेरिका तथा यूरोपेली देशको राहदानी प्रयोग गरेर यूरोप पस्न सजिलो हुने हुँदा मध्यपूर्वी देशका नागरिक नक्कली राहदानी बोकेर आउँछन् र नेपालबाट यूरोप छिर्न खोज्छन् । नेपालको अध्यागमनले नक्कली राहदानी चिन्न नसक्ने आकलन गरेरै हुनसक्छ, यूरोप छिर्न उनीहरूले नेपालकै रूट प्रयोग गरिरहेका छन् । तीमध्ये केही व्यक्ति मात्र आक्कलझुक्कल पक्राउ पर्छन् ।

अध्यागमन अधिकारीहरू आफूसँग बायोमेट्रिक प्रविधि नहुँदा नक्कली राहदानी बोकेर आउने इराकी, इरानी र सिरियालीहरूको भेउ पाउन नसकेको बताउने गर्छन् । सिरियालीहरूको ठूलो संख्या नक्कली राहदानीमा आउन थालेपछि सरकारले गत वर्ष सिरियाली नागरिकलाई 'अन अराइभल भिसा' दिन बन्द गरेको थियो ।

मध्यपूर्वका देश मात्र होइन, भारत, बंगलादेश, पाकिस्तान र अफगानिस्तानका नागरिकले समेत यूरोप पस्न नेपाली भूमि प्रयोग गरिरहेको भेटिएको छ । १५ फागुन २०७४ मा 'नो अब्जेक्सन लेटर' विनै उड्न लाग्दा पक्राउ परेका दुई युवतीसहित चार भारतीय नागरिकलाई 'सेटिङ' मा प्रतिव्यक्ति साढे दुई लाख रूपैयाँ लिएर हङकङ उडाउन लागिएको राष्ट्रिय अनुसन्धान विभागको आन्तरिक छानबिनबाट खुलेको छ ।

यसरी बारम्बार चोरीका राहदानीमा यात्रा हुन थालेपछि ६ वैशाखदेखि विमानस्थलमा 'अप्रेसन मण्डला' शुरू गरिएको छ । अध्यागमनको इमी सफ्टवेयरमा विश्वभरि हराएका १७ करोड राहदानी तथा 'ट्राभल डकुमेन्ट्स' को तथ्याङ्क राखेर यस्तो अभियान शुरू गरिएको विभागका महानिर्देशक काफ्लेले बताए ।

विगतमा 'ब्ल्याकलिष्ट' मा भएको व्यक्ति भागिसकेपछि मात्र पत्ता लाग्ने अवस्था थियो । अब 'अराइभल' तथा 'डिपार्चर' छाप हान्नुअघि नै कालोसूचीमा रहेका व्यक्तिहरूबारे अध्यागमन कर्मचारीले सूचना

पाउनेछन् । यसबाट नक्कली राहदानी बोक्ने तथा अपराध गरी फरार रहेका व्यक्तिलाई पक्राउ गर्न सकिने महानिर्देशक काफ्लेको भनाइ छ ।

## सजाय हैन, उम्काउने नियत

नेपालको न्यायालयमाथि मुद्दा छिन्न ढिलासुस्ती गरेको आरोप लाग्ने गर्छ । तर, अध्यागमन सम्बन्धी मुद्दामा चाहिं हाम्रो अदालत छिटो फैसला गरेको भनेर आलोचित छ । तपाईंलाई पत्यार नलाग्ला, तर अरू मुद्दामा वर्षौं वर्ष झुलाउने जिल्ला अदालतमा अध्यागमन सम्बन्धी कसूरमा प्रायः मुद्दा दायर भएकै दिन फैसला हुन्छ । र, जस्तोसुकै गम्भीर कसूर भए पनि रू.५ हजार जरिवाना र सामान्यतया हिरासतमा बसेको अवधिभन्दा धेरै सजाय हुँदैन ।

इराकी नागरिक सेयेदेह जारा जमानी देरूलाई काठमाडौं जिल्ला अदालतले रू.५ हजार जरिवाना गर्ने फैसला सुनायो । उनी अमेरिकाको नक्कली राहदानी बोकेर नेपालबाट उड्न लाग्दा पक्राउ परेका थिए । अध्यागमन अपराधमा नक्कली राहदानीको प्रयोगलाई सबभन्दा गम्भीर अपराध मानिन्छ । तर, अदालतले यसको गम्भीरता नबुझ्दा अपराधीहरूलाई हौसला मिलेको अध्यागमन विभागका अधिकारीहरूको भनाइ छ ।

तर, विभागको अनुसन्धान पनि अति फितलो हुन्छ । अदालतमा मुद्दा लैजाँदा, पक्राउ परेका व्यक्तिसँग लिइएको बयानबाहेक अरू कुनै प्रमाण हुँदैन । मानव तस्करी तथा नक्कली राहदानी र भिसासम्बन्धी कसूरमा संगठित गिरोहकै संलग्नता हुने गर्छ । तर, विभागका अधिकारीहरू त्यस्तो समूह खोज्नेतर्फ कहिल्यै लाग्दैनन् । उनीहरू पक्राउ परेकासँग जतिसक्दो चाँडो बयान लिएर अदालतमा मुद्दा बुझाउने हतारोमा हुन्छन् । कतिलाई त त्यति पनि गरिंदैन । १५ फागुन २०७४ मा पक्राउ परेका चार जना भारतीयमाथि कुनै छानबिन नै भएन । विभागमा केही घण्टा राखेर उनीहरूलाई छाडियो । उनीहरूलाई हङकङ पठाउने समूह खोज्ने एउटा मौका विभागले गुमायो ।

सामान्यतया गृह प्रशासन पनि 'सेटिङ' मा संलग्न कर्मचारीलाई कारबाही गर्नुको साटो जोगाउनेतिर लाग्छ । जस्तो कि, भारतीयहरूलाई

हङकङ उडाउन खोज्ने आफ्ना कर्मचारीहरू विजय अधिकारी, घनश्याम चौधरी र हरि सुनारलाई नेपाल वायुसेवा निगमले तत्काल निलम्बन गऱ्यो । तर, उनीहरूको राहदानीमा 'डिपार्चर' को छाप लगाइदिने अध्यागमन अधिकृत नइन्द्रप्रसाद पौडेललाई भने विभागमा तान्ने बाहेक कुनै कारबाही गरिएन । फ्रेन्च युवतीको राहदानीमा अर्को व्यक्तिलाई उडाउने घटनामा संलग्न अध्यागमन अधिकृत प्रतीक राईलाई पनि विभागमै तानियो । उनलाई कारबाही गरिएन, उल्टो एजेन्सी शाखाको जिम्मेवारी दिइयो ।

अर्को उदाहरण हेरौं । उज्वेकिस्तानकी युवती नतोकाज जरिपरा सन् २०१३ मा नेपाल आइन् र नेपालबाट भारतको गोवा पुगिन् । भारतको भिसा नलिएकाले उनी नेपाल नै फर्किइन् । चार वर्षमा उनको भिसा विलम्ब शुल्क करीब रू.६ लाख पुगेको थियो । उनले विभागमा पुगेर शुल्क बुझाउने फारम भरिन् । तिर्ने पैसा लिएर आउँछु भनेर हिंडेकी उनी त्यसपछि फर्केर आइनन् । एकैचोटि उनी उज्वेकिस्तानै उड्न लागेको पत्ता लाग्यो ।

जरिवाना तिर्नु साटो भिसा केरमेट गरी सन् २०१३ लाई २०१८ बनाएर उनी विमानस्थलस्थित अध्यागमन कार्यालयबाट पार भइसकेकी थिइन् । उड्न केही समय मात्र बाँकी थियो । विभागको सर्भरमा यो सबै देखिएपछि उनलाई तत्काल नियन्त्रणमा लिइयो । अनुसन्धान गर्दा उनी रू.४ लाख घूस खुवाएर जान लागेको रहस्य खुल्यो । अनौठो के भने, त्यसबेला सर्भरमा भएको डाटा तलमाथि गरी जरिवाना तिर्नुपर्ने विदेशीलाई उन्मुक्ति दिलाउने 'सेटिङ' अध्यागमन विभागकै एक निर्देशकले मिलाएका थिए । गृह मन्त्रालय सूत्र भन्छ, "अध्यागमनमा यस्ता बदमाशीबारे पटकपटक उजुरी पर्छन्, आन्तरिक छानबिन पनि हुन्छ । तर, कारबाही हुँदैन । कारबाही भइहाले सरूवासम्म हुन्छ । त्यसैले यस्तो काम गर्ने कर्मचारीहरू निरूत्साहित हुँदैनन् ।"

## राष्ट्रिय सुरक्षा चुनौती

अध्यागमन विभागले नेपालमा गैरकानूनी रूपमा बसेका ४३४ विदेशीलाई सन् २०१७ मा निष्कासन गऱ्यो । उनीहरू पाँच महीनाभन्दा लामो

समयदेखि गैरकानूनी रूपमा बस्दै आएका थिए । पर्यटक भिसामा आएका यति धेरै व्यक्ति गैरकानूनी रूपमा बसेको भेटिनुले पनि नेपालमा पर्यटक भिसाको दुरूपयोग कुन हदसम्म छ भन्ने देखाउँछ ।

पूर्व गृहसचिव चण्डी श्रेष्ठ अध्यागमनलाई आधुनिक प्रविधिमा लैजान ढिला भइसकेको बताउँछन् । उनी भन्छन्, "सरकारले भवन निर्माणमा करोडौं खर्च गर्छ, अध्यागमन सुधारमा खर्च गर्न नसक्नु दुर्भाग्य हो । यसले कुनै दिन देशलाई नै समस्यामा पार्न सक्छ ।"

अध्यागमनको यही हालतबाट आजित भएर हुनसक्छ, गृह मन्त्रालयले निजामती कर्मचारी हटाएर अध्यागमनको जिम्मा प्रहरीलाई दिने प्रयास पटकपटक गर्दै आएको छ । तीन वर्षअघि वामदेव गौतम गृहमन्त्री हुँदा र २०७४ असारमा जनार्दन शर्मा गृहमन्त्री हुँदा पनि यो प्रक्रिया अघि बढाउन खोजियो । तर, गृहमन्त्रालयका कर्मचारीको असहमति पछि यो मामिला त्यसै सामसुम भयो । २०४६ सालअघि अध्यागमनको जिम्मा प्रहरीमै भए पनि त्यसपछि यो निजामतीको जिम्मामा आएको थियो ।

पूर्व एआईजी राजेन्द्रसिंह भण्डारी तुलनात्मक रूपमा अनुशासित हुने र गल्ती गर्दा तत्काल कारबाही हुने भएकाले प्रहरीलाई जिम्मा दिए अध्यागमनमा सुधार हुने बताउँछन् । पूर्व गृहसचिव श्रेष्ठ चाहिं जसलाई जिम्मा दिए पनि सिस्टम सुधार नगरेसम्म यो नसुध्रिने बताउँछन् ।

विमानस्थलमा अहिले पनि यात्रुको विवरण चेकजाँच गर्न खटाइएको प्रहरी टोली छ, जोसँग विश्वभर रेड कर्नर नोटिस जारी भएका व्यक्ति, चोरी भएका तथा हराएका ट्राभल डकुमेन्टको विवरण हुन्छ । अन्तर्राष्ट्रिय प्रहरी अपराध संगठन (इन्टरपोल) ले तयार पारेको डाटाबेसमा पहुँच हुने प्रहरीको यो टोली र अध्यागमनबीच राम्रो समन्वय छैन । यसले गर्दा पनि बेलाबखत समस्या देखिने गर्छ ।

## विदेशीका आँखा

नेपालको अध्यागमनमा छिमेकी भारतदेखि समुद्रपारिको अमेरिकासम्मको चासो छ । छिमेकी भारतले नेपालका विमानस्थलमा अनुदान सहयोग दिएर अत्याधुनिक सफ्टवेयर जडान गर्ने प्रस्ताव राख्दै आएको छ भने अमेरिकाले 'पाइसेस' (पर्सनरल आइडेन्टिफिकेसन सेक्युर कम्प्यारिजन

एण्ड इम्प्यालुएसन सिष्टम) सफ्टवेयर जडान गर्न दबाब दिंदै आएको छ । लगातारको दबाबपछि शेरबहादुर देउवा नेतृत्वको सरकारले 'पाइसेस' सफ्टवेयर जडान गर्न सहमति दिने निर्णय गरेको थियो । तर, यो सफ्टवेयर जडान गर्दा अध्यागमनको डाटा अरूको हातमा जान सक्ने भन्दै गृहमन्त्रालयले थप प्रक्रिया अघि बढाएको छैन ।

'पाइसेस' अमेरिकी सरकारले बनाएको अन्तर्राष्ट्रिय अपराध मामिलाको डाटासम्बन्धी सफ्टवेयर हो । अध्यागमनका अधिकारीहरू यो सफ्टवेयर जडान गरेमा अध्यागमनका गोप्य विवरण विदेशीको हातमा पुग्न सक्ने आशंका व्यक्त गर्छन् । विभिन्न मुलुकले यस्तै विवादका कारण यो सफ्टवेयर हटाएका छन् । पूर्व गृहसचिव चण्डी श्रेष्ठ अध्यागमनमा विदेशी प्रविधिको सहयोग लिनु घातक हुने र यसमा राज्यले नै लगानी गर्नुपर्ने बताउँछन् । गृहमन्त्री रामबहादुर थापाले पनि अहिलेसम्म अध्यागमनमा विदेशी सहयोग भित्र्याउन चाहिं चासो दिएका छैनन् ।

*प्रकाशित मिति : ७ वैशाख २०७५, www.cijnepal.org.np*

# भरतपुर अस्पतालमा पाँच सुत्केरीको मृत्यु

## सरकारी प्रतिवेदन भन्छ, ‘उनीहरूलाई बचाउन सकिन्थ्यो’

पछिल्लो तीन महीनामा भरतपुर अस्पतालमा २८ वर्ष मुनिका पाँच सुत्केरीको ज्यान गएको छ। अस्पतालको आन्तरिक प्रतिवेदन भन्छ, ‘विभागहरूबीच आपसी समन्वयको अभावमा उनीहरूको मृत्यु भएको हो।’

प्रमोद आचार्य र एकल सिलवाल

२०७४ असोज, कात्तिक र मंसीरमा भरतपुर अस्पतालमा सुत्केरी गराउन आएका पाँच महिलाको ज्यान गयो । उनीहरू २१ देखि २८ वर्षसम्मका थिए । यो मृत्युबारे अस्पतालले औपचारिक रूपमा केही भनेको छैन । बरू सकेसम्म तथ्यहरू लुकाएको छ । तथ्य जान्न खोज्दा अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रूद्र मरासिनीले उल्टै हप्कीदप्कीको भाषा प्रयोग गरे । उनले भने, "जसरी मरे पनि तपाईंहरूलाई बताउन आवश्यक छैन । तपाईंहरूलाई बताउनुपर्छ भन्ने कहाँ लेखेको छ ?"

केही साताको अनुसन्धानपछि हामी स्वास्थ्य मन्त्रालयका उच्च सूत्रहरूको सम्पर्कमा पुग्यौं । त्यसपछि हामीलाई भरतपुर अस्पतालमा गम्भीर चिकित्सकीय लापरबाही र व्यवस्थापकीय कमजोरीहरू छन् भन्ने थाहा भयो । यस बीचमा अस्पताल स्वयंले गरेको गोप्य समीक्षा रिपोर्ट पनि हाम्रो हात पर्‍यो । त्यसमा भनिएको छ, "उनीहरू सबैलाई बचाउन सकिन्थ्यो ।"

## 'मर्न नपर्ने पाँच महिला'

सुत्केरी हुन चितवनको भरतपुर अस्पताल गएकी सर्लाही वागमतीकी २६ वर्षीया विना अधिकारीको ८ असोजमा, चितवन गुञ्जनगरकी २२ वर्षीया

डा. रुद्र मरासिनी,
मेडिकल सुपरिन्टेन्डेन्ट,
भरतपुर अस्पताल।



सुनु भुजेलको २६ असोजमा, प्रेम बस्तीकी २१ वर्षीया सुरूची सुवालको २० कात्तिकमा, नवलपरासी देवचुलीकी २८ वर्षीया शोभा चापागाईंको ४ मंसीरमा र चितवन गौरीगञ्जकी २२ वर्षीया केशिया महतोको १२ मंसीरमा मृत्यु भएको थियो ।

यी मृतकका परिवारलाई अस्पतालले 'उनीहरूलाई कहीं लगे पनि बचाउन सकिन्नथ्यो' भन्ने जवाफ दिएर घर पठाएको थियो । अस्पताल प्रशासनले परिवारका सदस्यलाई दिएको जानकारी अनुसार ती सुत्केरीहरूको ज्यान जानुमा अस्पतालको कुनै कमजोरी थिएन । बरू उनीहरूकै स्वास्थ्यमा गम्भीर खराबीले यस्तो दुःखद परिणाम आएको हो ।

तर तीन महीना भित्र अस्पतालमा सुत्केरी गराउन आएका यी आमा र तिनका बच्चाको मृत्युबारे अस्पताल भित्र त्रास फैलियो । यसपछि उसले आन्तरिक रूपमा गोप्य समीक्षा गऱ्यो । समीक्षाको निष्कर्ष गम्भीर निस्कियो । त्यसमा भनिएको छ, "उनीहरूको मृत्यु हुनुमा अस्पतालकै कमजोरी छ, सबैलाई बचाउन सकिन्थ्यो ।"

ज्यान गुमाएका प्रत्येक महिलाको व्यक्तिगत समीक्षापछि अस्पतालले परिवार स्वास्थ्य महाशाखा, काठमाडौंमा पठाएको मृत्यु समीक्षा फारम (डेथ रिभ्यू फर्म) ले बचाउन सकिने ती सुत्केरी महिलाको मृत्यु अस्पतालकै कमजोरीले भएको पुष्टि गर्छ ।

*खोज पत्रकारिता केन्द्र* लाई प्राप्त ती प्रमाणअनुसार 'गौरीगञ्जकी केशिया, प्रेम बस्तीकी सुरूची र सर्लाहीकी विनाको अस्पतालका विभिन्न विभागका चिकित्सकको बीचमा राम्रो समन्वय र आन्तरिक सञ्चार नहुँदा मृत्यु भएको' भनेर अस्पतालले स्वीकारेको छ ।

शल्यक्रियापछि होशमा आइसकेको अवस्थामा अकस्मात् मिर्गौलाले काम नगरेपछि केशियालाई के-कस्तो उपचार गर्ने भन्ने बारेमा उपचारमा संलग्न चिकित्सकहरूबीच अन्तरविभागीय समन्वय हुन नसक्दा उनको मृत्यु भएको थियो । "बहुविभागीय विशेषज्ञ (जस्तै नेफ्रोलोजी इकाई) उपलब्ध भएको भए उनलाई बचाउन सकिन्थ्यो" अस्पतालले गरेको समीक्षाको निष्कर्ष छ ।

सोही अस्पतालमा नियमित जाँच गराउँदै आएकी केशियालाई अस्पतालले २२ मंसीरमा सुत्केरी हुने दिन तोकेकोमा उनी १० मंसीरमै अस्पताल पुगेकी थिइन् । जाँचपछि डाक्टरहरूले प्रेसर हाई (उच्च

रक्तचाप) रहेछ, औषधि खाएर तुरून्त अपरेशन गर्नुपर्छ भन्दै त्यसै दिन शल्यक्रियाबाट बच्चा निकालिदिएका थिए । परिवारका सदस्यहरूले बताएअनुसार उनी घरबाट आफैं चोकसम्म हिंडेर सार्वजनिक भ्यान चढेर अस्पताल गएकी थिइन् ।

शल्यक्रियापछि 'पोष्ट अपरेटिभ वार्ड' र 'आईसीयू' मा राख्दा उनलाई भिरूलेन्ट इन्फेक्सन (कडा खालको विषाक्त संक्रमण) भएको अस्पतालको समीक्षा प्रतिवेदनले स्वीकार गरेको छ, जसका कारण सेप्टिक सक (रगतमा विष फैलने काम) भएको थियो ।

समीक्षा प्रतिवेदनमा 'अस्पतालमा आपत्कालीन अवस्थामा आवश्यक पर्ने जनशक्ति उपलब्ध नहुनु' उनको मृत्युको अर्को कारण भनिएको छ । केशियाको शल्यक्रिया स्त्री तथा प्रसूति रोग विशेषज्ञ तथा विभागीय प्रमुख डा. सुनिलमणि पोखरेलले गरेका हुन् । शल्यक्रिया टोलीमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. हेमनाथ सुवेदी, एनेस्थेसिस्ट डा. प्रदीप अधिकारी पनि संलग्न थिए ।

सुरूचीलाई पनि 'आईसीयूमा अनुभवी चिकित्सकको टोली भएको भए र विभिन्न विभागहरूको बीचमा सही तरीकाले सूचना आदानप्रदान भएको भए बचाउन सकिन्थ्यो' भन्ने अस्पतालको समीक्षा दस्तावेजको निष्कर्ष छ । अस्पतालले शल्यक्रियापछि 'पोष्ट अपरेटिभ वार्ड' मा राख्दा 'सुरूचीमाथि निगरानी नपुगेको' स्वीकारेको छ ।

शल्यक्रियापछि 'सक' (अत्यधिक रक्तस्रावपछि बेहोश हुनु र हातगोडा चिसो हुनु) अवस्थामा पुग्नुअघि समयमै हेरचाह नगर्दा सुरूचीको मृत्यु भएको थियो । अस्पतालको अभिलेखमा 'सुरूचीको 'सक' पहिचान नभएको र रक्तस्राव नरोकिएपछि दोस्रो अपरेशनको तयारी तत्काल गर्न नसक्दा' उनको मृत्यु भएको उल्लेख छ । उनको शल्यक्रियामा सर्जन डा. मन्जु पाण्डे, एनेस्थेसिस्ट डा. प्रदीप अधिकारी लगायत संलग्न थिए । अपरेशन गरेर पोष्ट अपरेटिभ वार्डमा पुऱ्याउँदा समेत रगत बग्न नरोकिएपछि उनको अवस्था गम्भीर भएको थियो । उनको उपचारमा डा. जीवन परियार, डा. रामहरि ढकाल लगायतको टोली शामेल थियो ।

सर्लाही वागमतीकी विना पनि अस्पतालमा समयमै सही उपचार पाएको भए बाँच्ने महिला रहिछन् । अस्पतालको समीक्षा अनुसार, उनको मृत्यु हुनुको कारण पनि 'अस्पतालका विभागहरूको बीचमा सूचना प्रवाह

राम्रोसँग हुन नसक्नु' हो । उनलाई 'आईसीयूमा राख्दा राम्रो हेरचाह नपुगेको' अस्पतालको आन्तरिक समीक्षा रिपोर्टले स्वीकार गरेको छ । तर, मृत्युपछि उनका आफन्तलाई उपचारमा संलग्न चिकित्सकहरूले 'मुटु र कलेजो फेल भएर आमा र बच्चा दुवैलाई बचाउन नसकिएको' बताएका थिए ।

अस्पतालले तयार गरेको गोप्य अभिलेख अनुसार चितवन गुञ्जनगरकी सुनु र नवलपरासी देवचुलीकी शोभा पनि सुरक्षित प्रसूति सेवा लिन अस्पताल जाँदा ज्यान गुमाएका 'बाँच्ने सम्भावना भएका' महिला हुन् ।

स्वास्थ्य मन्त्रालयको परिवार स्वास्थ्य महाशाखाका अनुसार, कुनै सुत्केरीको मृत्यु भएमा मातृ मृत्यु समीक्षा फारम भरेर ७२ घण्टा भित्र मन्त्रालयमा पठाइसक्नुपर्छ । भरतपुर अस्पतालले पनि यस्तो फारम केन्द्रमा बुझाएको छ ।

अस्पतालले पठाएको उक्त फारममा दुवैलाई बचाउनै नसकिने भनेर लेखिएको छैन । तर, उनीहरू मर्नुको कारण र बचाउन सकिने उपायका बारेमा अस्पतालले गोलमटोल विवरण दिएको छ । मातृशिशु सुरक्षा कार्यक्रमको गुणस्तर तथा नीतिगत व्यवस्थामा सुधार ल्याउने उपयोगिताका लागि भरिने त्यस्तो फारममा ती विवरण छुटाउन डाक्टर हरूलाई छूट छैन ।

त्यसैले, सुनु र शोभाको मृत्युको कारण र बचाउन सकिने सम्भावित उपायका बारेमा विवरण लुकाउनु शंकास्पद रहेको नाम खुलाउन नचाहने एक विशेषज्ञ बताउँछन् । शोभाको शल्यक्रियामा स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. हेमनाथ सुवेदी, एनेस्थेसिस्ट डा. प्रदीप अधिकारी, डा. दिलीपकुमार यादव लगायत संलग्न थिए ।

सुत्केरी हुन अस्पताल पुगेकी सुनुको दुई दिनसम्म उपचार नथाल्दा बच्चा जन्माउन नसकी ज्यान गएको थियो । उनको ज्यान जानुमा अस्पतालका चिकित्सकहरूको अर्को कमजोरी पनि जिम्मेवार देखिएको छ । उनले भरतपुर अस्पतालमै चार पटक गर्भ परीक्षण गराएकी थिइन् । गर्भको शिशु असामान्य रहेकाले जीवित जन्माउने सम्भावना कम रहेको २२ साउनमै भिडियो एक्सरेबाट पत्ता लागे पनि डाक्टरहरूले उनी र उनको परिवारलाई यसबारे केही बताएका थिएनन् । त्यसको दुई

महीनापछि सुनाको मृत्यु भएको थियो । त्यसपछि मात्र डाक्टरहरूले 'पहिल्यै फ्याँक्नुपर्ने बच्चा जन्माउने समय कुरेर बसेकोले यस्तो परिणाम आएको' तर्क परिवारसँग गरेका थिए ।

"अस्पतालले २५ असोजको मिति दिएर एक-दुई दिन पहिले नै ल्याउनु भनेको थियो । हामीले त्यसै गर्‍यौं तर लगेको दुई दिनसम्म पर्खाएर मात्रै राखियो । ज्यान गएपछि डाक्टरहरूले हाम्रै दोष देखाए", सुनाकी सासू तिलकुमारीले भनिन् । अस्पतालले सुत्केरी बेथा लाग्ने समय पर्खाइरहेको अवस्थामा एक्कासि बेहोश भएपछि आईसीयूमा लगिएकी सुनाको होशमा नआई मृत्यु भएको थियो ।

## गल्ती लुकाउने प्रयास

अस्पताल प्रशासनले आन्तरिक अभिलेखमा महिलाहरूको ज्यान जानुमा अस्पताल र चिकित्सककै कमजोरी रहेको स्वीकार गरे पनि दोषी देखिएकालाई जिम्मेवार बनाएर कमजोरी सुधार्नुको सट्टा अहिले पनि गल्ती लुकाउने प्रयास गरिरहेको छ ।

अस्पतालले सार्वजनिक रूपमा दिने गरेको अभिव्यक्तिबाट ऊ आफ्नो कमजोरी लुकाउन खोजिरहेको प्रष्ट हुन्छ । अस्पतालले तयार गरेको मृत्यु समीक्षा फारम, मेडिकल रेकर्ड, मृत्यु प्रमाणपत्र र मृतकका परिवारलाई दिएको मौखिक जवाफ आफैंमा बाझिएका छन् ।

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रूद्र मरासिनी 'सुत्केरीको मृत्यु हुनुमा अस्पतालको कुनै दोष नभएको' दाबी गर्छन् । प्रारम्भिक खोज पछि हामी उनको अन्तर्वार्ता गर्न चितवन पुगेका थियौं । उनले भने "सुत्केरी महिलाहरूको मृत्यु हुनुमा अस्पतालको कुनै कमजोरी होइन, उनीहरूकै मेडिकल कज (रोगहरू) जिम्मेवार छ, उनीहरूलाई कहीं लगे पनि बचाउन सकिन्नथ्यो ।" अस्पतालले आन्तरिक रूपमा तयार गरेको प्रतिवेदन बोकेर त्यहाँ पुगेका हामीलाई ढाँट्न उनले हरसम्भव प्रयास गरे ।

यसअघि अस्पतालले केशिया, सुनु, विना र शोभाको परिवारलाई उनीहरूको मुटु र मिर्गौलाले काम नगर्दा मृत्यु भएको मौखिक जवाफ दिएको थियो, जसलाई चिकित्सकहरूले 'कहीं लगे पनि निको पार्न नसकिने रोग' भनेर व्याख्या गरेका थिए । यस्तै, सुरूचीको परिवारलाई

उनीहरूले अत्यधिक रक्तस्रावपछि रगत जम्ने तत्वको अभावमा रक्तस्राव नरोकिएकाले मृत्यु भएको बताएका थिए । उनको परिवारलाई पनि 'कहीं लगे पनि सञ्चो नहुने' जवाफ दिएका थिए । डा. मरासिनीले हामीलाई पनि त्यही कुरा दोहोऱ्याए ।

मृतकका परिवारलाई दिइएको मृत्यु प्रमाणपत्रमा अस्पतालले तिनै कारण लेखेको छ । अस्पतालले केशियाको परिवारलाई 'सेप्टिक सक', सुरूचीको परिवारलाई 'कोयागुलोप्याथी', सुनुको परिवारलाई 'कार्डियाक फेलियर' र 'एस्पाइरेसन फेलियर' को कारणले मृत्यु भएको भनेको छ । यस्तै शोभा र विनाको परिवारलाई मुटु र मिर्गौला फेल भएको कारणले मृत्यु भएको भनेको छ ।

सार्वजनिक रूपमा गल्ती स्वीकार्न नचाहने अस्पताल प्रशासनले सोधखोज गर्न जाने परिवारलाई सकेसम्म सबै दोष मृतकमै थोपरेर उम्किने, नसकेमा केही रकम दिएर घटना सामसुम पार्ने रणनीति अपनाएको छ । मृत्यु भएका पाँचै महिलाका परिवारलाई अस्पतालले उनीहरूकै रोगका कारण मृत्यु भएको बताएको थियो । तीमध्ये चार जनाको परिवारले 'डाक्टरले भनेपछि होला' भनेर चित्त बुझाएका थिए । तर, नवलपरासीकी शोभाका आफन्तले अस्पतालमा प्रदर्शन गरेपछि नगद रकम दिएर कुरा मिलाइयो । अस्पतालले शोभाको परिवारलाई दुई लाख रूपैयाँ नगद दिने, छोरीहरू पढाइदिने र उनीहरूको उपचार पनि आजीवन निःशुल्क गर्ने आश्वासन दिएर फर्काएको थियो । शोभाकी सासू मनरूपा चापागाईंले भनिन्, "हामीले शव नउठाउने अडान लिएपछि कुरा मिल्यो ।"

यसैगरी सुनाको मृत्युपछि आक्रोशित भएको उनको परिवारलाई पनि एक जनालाई मासिक नौ/दश हजार रूपैयाँको जागिर दिने आश्वासन अस्पताल प्रशासनले दिएको मृतककी सासू तिलकुमारीले बताइन् । "मान्छे नै गइसकेपछि जागिरले के गर्नु भनेर छोडिदियौं", उनले भनिन् ।

## औषधि : 'ब्याच नम्बर छैन'

अस्पतालकै अभिलेख अनुसार बिरामीको उपचारमा अन्तरविभागीय समन्वयको अभाव र अपरेशनपछिको संक्रमणबाट महिलाहरूको मृत्यु भएको देखिन्छ । अस्पताल र चिकित्सकले जिम्मेवारी लिनुपर्ने डरले पहिलो

कारण गोप्य राख्ने प्रयास गरिरहेको अस्पताल प्रशासनले उपचारमा प्रयोग भएका औषधिमा खराबी हुनसक्ने आशंका रहे पनि यकिन भइनसकेको बताउने गरेको छ ।

अस्पतालले औषधिका केही नमूना परीक्षण गरिदिन औषधि व्यवस्था विभाग बबरमहल, काठमाडौंलाई २० मंसीरमा पत्र पठायो । सो पत्रमा अस्पतालले चलाखीपूर्ण बेहोरा लेखेको देखिन्छ । पत्रमा भनिएको छ, 'भरतपुर अस्पतालमा उपचार गराउन आउने प्रसूति सम्बन्धी बिरामीहरूको विगतको तुलनामा अनपेक्षित रूपमा मातृ मृत्युदर बढिरहेकोले औषधिको गुणस्तर परीक्षण गर्न विशेषज्ञ टोली खटाई सहयोग गरिदिन अनुरोध छ ।'

अस्पतालकै शब्दमा 'अनपेक्षित रूपमा मातृ मृत्युदर बढिरहेको' साढे दुई महीनापछि मात्रै औषधि परीक्षणका लागि पत्राचार गरेको देखिन्छ । अस्पताल प्रशासनले त्यसबीचमा आफूले गरेका प्रयत्नहरूबारे केही बताउन सकेको छैन । अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रूद्र मरासिनी भन्छन्, "यस विषयमा के गरियो त्यो भन्न जरूरी छैन ।"

अस्पतालको अनुरोधपछि २ पुसमा काठमाडौंबाट विज्ञ टोली भरतपुर अस्पताल गयो । तर, टोलीलाई अस्पतालले मृत्यु भएका बिरामीलाई प्रयोग गरिएका औषधि कुन-कुन हुन् भन्ने जानकारी दिएन । विज्ञ टोलीकी सदस्य राष्ट्रिय औषधि प्रयोगशालाकी वरिष्ठ गुणस्तर निरीक्षक शिवानी खड्गीले भनिन्, "मृतकको मेडिकल रेकर्ड हेर्दा औषधिको नाम मात्र थियो, कुन व्याच नम्बरको भन्ने खुलेको थिएन ।"

औषधि व्यवस्था विभाग र राष्ट्रिय औषधि प्रयोगशालाबाट गएको टोली सामान्य सोधपुछ र औषधि भण्डारणको अनुगमन गरेर फर्कियो । त्यसपछि अस्पतालले परीक्षणका लागि पठाएका विभिन्न ९ वटा औषधिको नमूना त्यसको झण्डै एक महीनापछि २६ पुसमा मात्रै औषधि व्यवस्था विभागमा पुग्यो । ती सबै नमूना 'आमा सुरक्षा कार्यक्रम' अन्तर्गत नेपाल सरकारले सुत्केरीलाई नि:शुल्क उपलब्ध गराउने औषधिका हुन्, जसको परीक्षण राष्ट्रिय औषधि प्रयोगशालामा अहिले भइरहेको छ ।

मृत्युको तथ्यगत कारण पत्ता लगाउन मृतकहरूको शव पोस्टमार्टम गर्नुपर्नेमा अस्पतालले गुञ्जनगरकी सुनु भुजेलबाहेक अरू चारको पोस्टमार्टम नै गरेन । केही मृतकका आफन्तले अनपेक्षित मृत्युको शोकमा पोस्टमार्टम गर्नेतिर ध्यान नगएको बताएका छन् । केही मृतकका परिवारले

पोस्टमार्टम गर्न चाहँदा पनि अस्पतालले 'शरीर टुक्राटुक्रा पार्नुपर्छ' भन्ने जवाफ दिएर त्रसित बनाएको पाइएको छ ।

मृत्यु भएकी विनाका श्रीमान् विराज अधिकारी भन्छन्, "मेरो बिरामीको मृत्यु हुनुमा डाक्टरले दिएको जवाफ पत्यार लागेन । पोस्टमार्टम गराउँछु भन्दा डाक्टरहरूले 'गर्ने हो भने सबै भित्री अंग निकालेर देखाइदिन्छौं' भने ।" विराजले भने, "ज्यान गइसकेपछि किन त्यसरी चिरफार गरेर अंग निकाल्नु, जे हुनु भइसक्यो भनेर आँखा चिम्लँदै अस्पतालले दिएको कागजमा सही गरें । अनि आमा र बच्चाको शरीर छुट्याएर वागमतीमा ल्याई अलग अलग अन्त्येष्टि गरें ।"

## अस्पताल गएका जो फर्केनन्




### *शोभा चापागाईं (२८), नवलपरासी*

२६ पुस बिहान १० बजे हामी देवचुली-१६, नवलपरासीस्थित शोभा चापागाईंको घरमा पुग्दा उनकी पाँच वर्षीया छोरी साक्षी र सासू मनरूपा सल्काएको सिन्केधूप हातमा लिएर घर परिक्रमा गरिरहेका थिए । तीन फन्का लगाएपछि उनीहरू पछिल्तिरको ढोकाबाट घर भित्र पसे । हामी पनि उनीहरूलाई पछ्याउँदै गयौं ।

हजुरआमाको अघिअघि हिंडिरहेकी साक्षी घरको प्यासेजबाट एउटा कोठामा प्रवेश गरिन् । जहाँ देवीदेवताका केही फोटाहरूसँगै धिपधिप दियो बलिरहेको थियो । त्यसैको माथि भित्तामा 'हार्दिक श्रद्धाञ्जली' लेखेर टाँसिएको शोभाको फोटो थियो । साक्षी र मनरूपा दुवैले हातमा लिएको धूप भित्ताको फोटोमा तीन/तीन पटक घुमाएर दियोको छेउमा राखे । त्यसपछि उनीहरूले शोभाको फोटोतिर फर्किएर एकाग्र मुद्रामा उभिंदै केहीबेर हात जोडेर प्रार्थना गरे ।

पाँच वर्षकी साक्षी तिनै बालिका हुन्, जसकी आमा अर्को बच्चा जन्माउन जाँदा अस्पतालमै बितिन् । ४ मंसीरमा आमा शोभाको मृत्यु भएर १३ दिनको काजक्रिया सकिएपछि हरेक बिहान साक्षीले यसरी नै आमाको आराधना गरिरहेकी छन् ।

साक्षी बेलुका भएपछि चारैतिर फर्कंदै आमाको बाटो हेरिरहन्छिन् । अलि धेरै मान्छे जम्मा भएको देखेपछि उनी सबैसँग सोध्ने गर्छिन्, "आज ममी आउने दिन हो ?" उनको यो अबोध प्रश्नको जवाफ आँसुले दिइरहेका छन् आफन्तजनहरू । साक्षीकी हजुरआमा मनरूपा भन्छिन्, "बिचरा यो बालखले आमा बिर्सन सकेकी छैन, उसलाई के जवाफ दिनु !"

शोभाकी जेठानी दिदी अप्सराले भनिन्, "उसको प्रश्न सुनेपछि भक्कानो छुटेर आउँछ अनि तिम्रो ममी भगवान भइसकिन् छोरी, अब उनी आउँदिनन् भनेर सम्झाउँछु तर उसले विश्वासै गर्दिन ।" साक्षी सुत्ने ओछ्यान अर्को कोठामा थियो जहाँ उनका बाबुआमाको ठूलो फोटो छापिएको फ्लेक्स उल्टो पारेर (फोटो नदेखिने गरेर) झुण्ड्याइएको थियो । नातिनीले सुत्ने बेला आमा सम्झेर खोजी नगरोस् भनी बिर्साउनकै लागि फोटो उल्ट्याइएको मनरूपाले बताइन् ।

२८ वर्षीया शोभा दोस्रो बच्चा जन्माउनका लागि भरतपुर अस्पतालका डाक्टरहरूले दिएको ६ मंसीरको मिति आउनुभन्दा तीन दिनअघि आफैंले खोजेको एम्बुलेन्स चढेर सासूसँगै अस्पताल पुगेकी थिइन् । त्यसको अघिल्लो दिनसम्म उनी घर नजिकैको एक उद्योगमा जुस प्याक गर्ने काम गर्थिन् ।

अस्पताल पुगेर जाँच गराएपछि डाक्टरहरूले भिडियो एक्सरे गर्न पठाए । एक्सरे रिपोर्ट हेरेपछि डाक्टरले 'ठीकै छ' भनेका थिए । बेलुका ५ बजे एक्कासि अपरेशन कोठामा लगिएकी उनको ६ बजेतिर अपरेशन गरेर बच्चा निकालियो । बच्चा आफन्तलाई जिम्मा लगाएर डाक्टरहरूले उनलाई पोस्ट अपरेटिभ वार्डमा लगे । उनीसँगै रहेकी आमा कृष्णकुमारी वस्ताकोटी बेलाबेलामा भेट्न जाँदा उनले पेट दुखेको बताएकी थिइन् । घरी जाडो र घरी गर्मी भइरहेको पनि बताइरहेकी थिइन् । रातिदेखि नै उनको पिसाब बन्द भएको थियो ।

बिहान ६ बजेतिर आमासँग तातोपानी मागेर खाइन् । त्यसबेलासम्म आत्तिई आत्तिई बोल्दै थिइन् । त्यतिबेला उनले नवजात छोरी ल्याइदिन

भनिन् र लगेपछि काखमा पनि लिइन् । त्यसको केहीबेरपछि उनको पेट अस्वाभाविक रूपले फुल्दै गयो । त्यही कारण अपरेशन गरेको टाँका पनि खुल्यो । उनी बेहोश भइन् । अवस्था बिग्रँदै गयो । झन् सिकिस्त हुँदै गएपछि डाक्टरले आफन्तहरूसँग पहिले कुनै रोग थियो कि भनेर सोधे । उनीहरूले कुनै बिमार नभएको जानकारी गराए ।

शोभाकी आमा कृष्णकुमारी भन्छिन्, "एकैछिनपछि अक्सिजन दिएको देखें । धेरै जना डाक्टरहरू आएर घेरे । त्यसपछि उनीहरूले बिरामीको मिर्गौलाले काम गरेन, यहाँ मिर्गौलाका डाक्टर छैनन्, बलिया बलिया मान्छे बोलाएर छिट्टै मेडिकल कलेज लगिहाल्नुस् भने ।" दिउसो तीन बजेतिर अस्पतालले उनलाई थप उपचारका लागि सँगै रहेको कलेज अफ मेडिकल साइन्सेज शिक्षण अस्पताल पठायो । त्यहाँ भेन्टिलेटरमा राखिएकी शोभाको होशमै नआई साँझ ६ बजे मृत्यु भयो ।

त्यसको भोलिपल्ट भरतपुर अस्पतालको कमजोरीले ज्यान गएको आशंका गर्दै उनका परिवारजनले अस्पतालविरूद्ध धर्ना र प्रदर्शन गरे । त्यसपछि भएको वार्तामा अस्पताल प्रशासनले नवजात शिशु समेत शोभाका दुई छोरीहरूको नाममा दुई लाख रूपैयाँको अक्षय कोष राखिदिने, दुवै बच्चालाई पढाइदिने र उनीहरूको उपचार आजीवन निःशुल्क गरिदिने प्रतिबद्धता जनायो । त्यसपछि शोभाको शव बुझेर अन्त्येष्टि गरियो ।

त्यसबेलाको प्रतिबद्धता अनुसार अस्पतालले पुसको अन्तिम साता एक लाख रूपैयाँको चेक दिएको थियो । तर बैंक खाता निष्क्रिय अवस्थामा रहेकाले साट्न नपाएको त्यो चेक फिर्ता गरिएको शोभाका जेठाजु बुद्धि चापागाईंले बताए । अस्पतालका एक डाक्टरले फोन गरेर उनलाई दुई लाखको चेक एकैचोटि बनाइदिने आश्वासन दिएका छन् ।

घर बनाएको ऋण तिर्न २०७४ असोजमा दुबई गएका शोभाका श्रीमान् रामप्रसादले अझैसम्म काम पाएका छैनन् । फर्कने खर्च समेत नहुँदा उनी श्रीमतीको मृत्यु हुँदा पनि घर आउन सकेनन् । रामप्रसादले यसै वर्ष नौ लाख रूपैयाँ ऋण काढेर बनाएको घरमा अहिले पाँच वर्षीया छोरी साक्षी र आमा मनरूपा मात्र छन् । शोभाको शल्यक्रियाबाट निकालिएकी नवजात छोरीलाई भैरहवा निवासी ठूलोबुबा बुद्धिले पालनपोषण गरिरहेका छन् ।



## केशिया महतो (२२), चितवन

भरतपुर महानगरपालिका-८, गौरीगञ्जकी केशिया महतोको बच्चा जन्मने सम्भावित दिन भरतपुर अस्पतालका डाक्टर हरूले बताएअनुसार २२ मंसीरमा थियो । डाक्टरकै सल्लाहमा घर नजिकैको स्वास्थ्य चौकी गएर उनी बेलाबेलामा प्रेसर जँचाउने गर्थिन् । डाक्टरले दिएको मिति अनुसार अस्पताल जान हतारो नभए पनि आमा बन्न लागेकोमा उत्साही केशिया समय आउन लागेकाले जँचाउनु राम्रो होला भनी १० मंसीर बिहान खाना खाईवरी आमाजू लक्ष्मी गुरूङसँगै अस्पताल पुगिन् ।

उनी घरबाट अस्पतालसम्म स्थानीय रूटको भ्यान चढेर गएकी थिइन् । कुनै असजिलो महसूस नभएकाले गाडी चढ्ने ठाउँसम्म करीब आधा किलोमिटर हिंडेरै पुगेकी थिइन् । तर अस्पताल पुगेर ओपीडीमा जँचाउँदा डाक्टरहरूले 'अपरेशन गर्नुपर्छ' भने । विश्वस्त देखिएकी उनी 'किन अपरेशन गर्नुपर्‍यो, म बेथा लागेरै पाउन सक्छु' भनिरहेकी थिइन् ।

डाक्टरकै सल्लाह अनुसार उनको रगतका विभिन्न तत्वहरूको जाँच गरियो । उसै दिन अपरेशन गरिन सक्ने बुझेपछि लक्ष्मीले तुरून्तै केशियाका श्रीमान् कृष्ण थापालाई फोन गरेर बोलाइन् । रगतका रिपोर्टहरू आउनुअघि नै उनलाई अपरेशन कोठाभित्र लगिसकिएको थियो ।

लक्ष्मी भन्छिन्, "हामी बाहिर उभिएर कुरिरह्यौं, धेरैबेरपछि एक जना डाक्टर आएर अपरेशनको लागि सही गरिदिनुपर्‍यो भने, भाइले डराउँदै सही गर्‍यो ।" दिउसो एक बजेतिर अस्पतालका नर्सहरूले अपरेशनबाट निकालिएकी बालिका उनीहरूको हातमा सुम्पिए । एकैछिनपछि डाक्टर हरूले "तपाईंको बिरामी सिरियस छ, आईसीयूमा सार्नुपर्छ" भने ।

लक्ष्मीले बेलाबेलामा केशियालाई भेटेर के छ, कसो छ भनी सोधिरहिन् । उनले अरू सबै ठीक भएको तर पेट चाहिं अलिअलि

दुखेको बताएकी थिइन् । आईसीयूमा राखेपछि एकदुई दिनमा सञ्चो हुने आशा गरिरहेका आफन्तहरू भोलिपल्ट बिहानै उनको पिसाब बन्द भएको खबरबाट आत्तिए । त्यतिबेला भएको भेटमा लक्ष्मीले "नानीलाई कस्तो छ ?" भनेर सोधेकी थिइन् ।

एक्कासि डाक्टरहरूले केशियाको रगत बढी गएको भन्दै प्रशस्त औषधिहरू मगाउन थाले । बिरामी सिकिस्त भएको सुनेपछि बाहिर बसेर उनलाई कुर्ने आफन्तजनहरूको भीड लाग्यो । कुनै कनै बेला चार/पाँच जना चारैतिर कुदेर औषधि जुटाउनुपरेको थियो । त्यसबेला बिरामीलाई सास फेर्न गाह्रो भएको र पेट फुलिंदै गएको थियो । डाक्टरहरूले "मिर्गौलामा प्रेसरले हानेको" बताए ।

रगतको कमी भयो भन्दै भित्रबाट रगत मगाउन थालिएपछि बिरामीका आफन्तले तीन/चार जना मान्छे बोलाएर ताजा रगतको पनि व्यवस्था मिलाए । रगत दिइयो तर अवस्थामा सुधार आएन । त्यो देखेपछि उनीहरूले केशियालाई अर्को अस्पताल लैजाने भने । तर डाक्टरहरूले त्यस्तो गम्भीर अवस्थामा बिरामीलाई अन्यत्र लैजान नमिल्ने बताए ।

त्यस दिन उनका दुवै आँखा पहेंला भएका थिए । आँखा हेर्न मिलेको छैन, निद्रा मात्रै लागेको छ भनिरहेकी थिइन् । प्यास लागेको बताएपछि आफूले अलिकति पानी खुवाइदिएको पूजा बताउँछिन् । लक्ष्मीले भनिन्, "अपरेशन गरेको पर्सिपल्ट (१२ मंसीर) धेरै थरी डाक्टरहरूले हामी सबै कुरूवालाई एउटा कोठामा बोलाएर बुहारीलाई बचाउन नसकिएको बताए । हामी बेहोश जस्तै भयौं ।"

"चुनावको बेला सबैको ध्यान चुनावमै थियो, हाम्रो लागि बोलिदिने मान्छे पनि भएन, रूँदै लाश लिएर फर्कियौं", केशियालाई अस्पताल लगेदेखि अन्तिमसम्म सँगै रहेकी उनकी आमाजू लक्ष्मीले भनिन् ।

## विना अधिकारी (२६), सर्लाही

वागमती नगरपालिका-३, सर्लाहीकी २६ वर्षीया विना अधिकारी आफ्नो टोलको सेफ इङ्गलिश बोर्डिङ स्कूलमा पढाउँथिन् । उनका श्रीमान् विराज अधिकारी पनि त्यहींको अर्को निजी स्कूल डनिङ फ्यूचर एकेडेमीका शिक्षक हुन् ।



हरिऔनको नमूना अस्पतालमा गर्भावस्थाको नियमित जाँच गराउँदै आएकी विनालाई सो अस्पतालले बच्चा जन्मन सक्ने सम्भावित दिन ६ असोजलाई अनुमान गरेको थियो । उनलाई ज्वरो देखिएपछि २ र ३ असोजमा सोही अस्पतालमा जँचाएर घर लगियो । कुनै जटिलता नआओस् भनी सावधानी अपनाउँदै ४ गते पनि उनलाई जँचाउन लगियो । ५ गते दिउसोसम्म पनि ज्वरो कम भएन । त्यसपछि अस्पतालकै सल्लाहमा सुरक्षित सुत्केरी सेवाका लागि त्यसै दिन बेलुका उनलाई भरतपुर अस्पताल पुऱ्याइयो ।

विनाका श्रीमान् विराजका अनुसार अस्पतालका डाक्टरहरूसँग सोध्दा अपरेशन गर्नुपर्ने अवस्था नरहेको बताउँदै ज्वरो सञ्चो भएपछि सकेसम्म सामान्य अवस्थामै सुत्केरी गराउने र नभएमा मात्र अपरेशन गर्ने सल्लाह दिएका थिए । ७ गते दिउसोसम्म पानीपट्टी लगाएर राखिएकी उनको त्यस दिन मध्यरातबाट ज्वरो कम भयो । लगत्तै सुत्केरी बेथा लाग्ने औषधि चलाएपछि ढाड र पेट दुख्न थाल्यो ।

बेथा शुरू भएपछि उनले खुशी हुँदै गाउँबाटै आएर सुत्केरी भइसकेकी अर्की एक महिलासँग एउटै एम्बुलेन्समा घर फर्कने सल्लाह गरिन् । रातभर उनलाई स्लाइन चढाएर राखियो । ८ गते बिहान ४ बजेतिर बेथाले बढी च्यापेको बेला एक्कासि रक्तस्राव देखियो । त्यसबेला डाक्टरहरूले दुई-तीन घर खुलेको छ, अब बेथा लाग्न थालेको छ, भनेका थिए ।

त्यसको केहीबेरपछि विनालाई सुत्केरी हुनुअघिको प्रतीक्षा वार्डमा नर्सहरूले डोऱ्याएर हिंडाउँदै लगे । एकछिनपछि ज्वानोको झोल मगाएर खान दिए । त्यसलगत्तै डाक्टरहरूले हेर्न थाले । त्यसैबेला एक्कासि दाँत किट्दै उनी बेहोश भएको खबर आयो । तर बिरामीका आफन्तलाई भेट्न जान दिइएन । "हामी बाहिर कुरिरहेका थियौं, करीब दुई घण्टापछि धेरै

जना डाक्टरहरूले मलाई भित्र बोलाएर आमा र बच्चा दुवैलाई बचाउन नसकिएको सूचना दिए । त्यो सुन्नेबित्तिकै म बेहोश भएँछु", विनाका श्रीमान् विराजले भने ।

पुलिस आएर जबर्जस्ती शव बुझ्न दबाब दिएको र डाक्टरले तपाईंलाई विश्वास लागेको छैन भने पोस्टमार्टम गराउनुस्; मुटु, कलेजो, फोक्सो सबै निकालेर देखाइदिन्छौं भनेकोमा विराज अहिलेसम्म स्तब्ध छन् । "डाक्टरले रिपोर्टहरू देखाएर यो यो कारणले यस्तो अवस्था आउँछ भनेको भए पत्याउन पनि सकिन्थ्यो तर हामी मृत्युको कारण के थियो भनेर अहिलेसम्म प्रष्ट हुन पाएका छैनौं" २७ पुस साँझ आफ्नै निवासमा भेटिएका अधिकारीले आमाविहीन पाँच वर्षको छोरो काखमा लिएर हामीसँग गुनासो पोखे ।



## सुरुची सुवाल (२१), चितवन

भरतपुर महानगरपालिका-५, प्रेम बस्तीकी सुरूची सुवालले बिहेको पहिलो वर्षगाँठ पनि मनाउन पाइनन् । २९ मंसीर २०७३ सालमा सन्तोष सुवालसँग लगनगाँठोमा बाँधिएकी सुरूची तनहूँ कालिमाटीबाट दुलही भएर भित्रिएको एक वर्ष पनि बितेको थिएन । भरतपुर अस्पतालले दिएको ११ कात्तिकको सम्भावित मितिमा बच्चा पैदा नभएपछि उनलाई अस्पतालले नै एक हप्तापछि बोलाएको थियो ।

सुरूची १६ कात्तिक अस्पताल गएर भर्ना भइन् । त्यस दिन अस्पतालले कुनै औषधि चलाएन । सुत्केरी बेथा शुरू हुने प्रतीक्षा गरिरहेकी सुरूचीलाई डाक्टरहरूले गएको भोलिपल्टदेखि दुई दिनसम्म पाठेघरका मुखहरू खुल्ने औषधि खुवाए । तर ती औषधिले काम गरेनन् । बरू उनले आफूलाई दुखेको बताइरहिन् ।

सुरूचीलाई खानपानमा भने अरू बेलाकै जस्तो रूचि थियो । १९

कात्तिक बिहान नास्ता गरिसकेपछि डाक्टरले अपरेशन गर्नुपर्छ भने । दिउसो सवा दुई बजे अपरेशन गरेर बच्चा निकालियो । तीन बजेतिर अपरेशन कोठाबाट निकालेपछि उनले बच्चालाई दूध पनि खुवाएकी थिइन् । त्यसबेला पसिना आइरहेको थियो । सवा तीन बजेतिर टाउको दुख्यो भनिन्, नानीलाई कस्तो छ भनेर सोधिन्, त्यसपछि मेरो श्रीमान्लाई बोलाइदिनुस् भनिन् । त्यो नै उनको अन्तिम वाणी बन्यो ।

उनीसँगै रहेकी दिदी सुष्माका अनुसार पोस्ट अपरेटिभ वार्डमा बोल्न नसक्ने भएको करीब एक घण्टापछि उनलाई एकदमै गाह्रो भएजस्तो देखेर ड्यूटीमा रहेका नर्सहरूलाई हेरिदिन आग्रह गरिएको थियो । त्यसबेला मात्र नर्सहरूले उनको रक्तस्राव भइरहेको देखेर डाक्टरलाई बोलाएका थिए । स्त्री तथा प्रसूति रोग विभागका प्रमुख डा. सुनिलमणि पोखरेल लगायतका सात जना आएर हेरेपछि रक्तस्राव रोक्न तुरुन्त दोस्रो अपरेशन गर्नुपर्छ भनेर औषधिहरू मगाए ।

लगातार भइरहेको रक्तस्राव नरोकिएपछि दोस्रो अपरेशन उपयोगी भएन । डाक्टरहरूले आफन्तलाई बोलाएर भने, "जति सकिन्छ रगत खोज्नुस् तर बाँच्ने आशा चाहिं पाँच प्रतिशत मात्र छ ।" डाक्टरहरूको भनाइबाट विक्षिप्त बनेका आफन्तहरूले त्यस दिन रातिसम्ममा २० जना भन्दा बढी मानिस बोलाएर ताजा रगतको जोहो गरेको सुरूचीका छिमेकी दीपक सेनले बताए । तर उपचार चल्दाचल्दै डाक्टरहरूले सुरूचीका आफन्तलाई भने "बिरामीको सेतो रक्तकोष कम रहेछ, रगत बग्न रोकिएन । अब कहीं लगे पनि बचाउन सकिंदैन ।"

घरबाट अस्पताल जाँदा बच्चा काखमा लिएर फर्कने कल्पनाले सुरूची उत्साही देखिन्थिन् । उनलाई कुनै समस्या पनि थिएन । सुरूचीकी दिदी सुष्माले भनिन्, "तर अस्पतालले अघिल्लो साँझ बच्चा दियो, भोलिपल्ट बिहान सुरूचीकै शव जिम्मा लगायो, यस्तो कसैलाई नपरोस् ।"

## सुना भुजेल (२२), चितवन

भरतपुर महानगरपालिका-१९, गुञ्जनगरकी सुना भुजेल २४ असोजमा अस्पताल जानुअघि टोलछिमेकका सबैसँग हाँसी-हाँसी विदा भएकी थिइन् । पहिलो बच्चा जन्माउन तयार भएकी उनी आफू पनि आमाको रूपमा नयाँ जन्मको अनुभूति सहित एकदुई दिनमै फर्कने व्यग्रतामा थिइन् ।



घरबाट करीब १८ किलोमिटरमा रहेको भरतपुर अस्पताल जाने बेला खेतको बीचमा रहेको घरदेखि सार्वजनिक यातायातको बस गुड्ने सडकसम्म हिंडेर गएकी उनी बाटोमा भेटिएका साथीसंगीहरूको शुभकामना लिंदै भनिरहेकी थिइन्, "फर्कंदा काखमा बच्चा र हातमा लड्डु ल्याउँछु ।" तर सुनाको त्यो रहर पूरा हुन पाएन । बरू, दुई दिनपछि उनको शरीर दुइटा शव बनेर गाउँ फर्कियो ।

सुनाले गर्भ चार महीनाको हुँदादेखि नै भरतपुर अस्पतालमा नियमित स्वास्थ्य परीक्षण गराइरहेकी थिइन् । चिकित्सकले सुत्केरी हुनको लागि २५ असोजको मिति तोकेकोले उनी एक दिन अघि अस्पताल गएकी थिइन् ।

अस्पतालमा बेड नपाउँदा सुनाले भोलिपल्टसम्म भुईंमै कुरिरहनुपर्‍यो । उनले २५ गते दिउसो दुई बजेतिर पूर्व प्रसूति वार्डमा बेड पाइन् । त्यसको डेढ घण्टापछि डाक्टरहरूले उनलाई एउटा सिंगो र एउटा आधा ट्याबलेट खान दिए । सुनाले खाएको औषधि त्यति नै हो । २६ गते बिहानसम्म सासूसँग कुरा गरिरहेकी थिइन् ।

सुखद खबर पर्खिरहेका आफन्तजनहरू बिहान साढे सात बजेतिर एक्कासि उनलाई स्ट्रेचरमा राखेर आईसीयूतिर लैजाँदै गरेको देखेपछि झस्किएका थिए । त्यसरी आईसीयूमा सार्नुअघि उनीहरूलाई कुनै जानकारी दिइएन । "कपडाबाट आफ्नो बिरामी चिनेर पछिपछि दगुर्दै जाँदा लिफ्टमा चढाएर माथिल्लो तलाको आईसीयूमा पुर्‍याए । म सँगसँगै गएँ, छोपेको कपडा पन्छाएर अनुहार हेरें, नानी भनेर बोलाएँ । उसले हेरिरही । मलाई सुरक्षा गार्डले तान्दै बाहिर निकालेर ढोका लगाइदिए", सासू तिलकुमारीले भनिन् ।

उनले भनिन्, "हामीलाई त्यतिबेलै हाम्रो मान्छे छैन भन्ने शंका लागेको थियो, तर डाक्टरहरूले 'काठमाडौं लैजानुहुन्छ भने बचाउन सकिन्छ' भने । लैजान्छौं भनेपछि '१२ लाख रूपैयाँ चाहिन्छ, सक्नुहुन्छ ?' भनेर

सोधे । मैले हामी जहाँ लगेर भए पनि बचाउँछौं भनेपछि फेरि 'हेलिकप्टर मगाउनुपर्छ' भनेर बहाना बनाए ।"

आईसीयूमा भेला भएका डाक्टरहरूले केही समयपछि गाउँका एक स्थानीय नेतालाई बोलाएर सुनाको ज्यान गइसकेको बताएका थिए । अस्पतालले नै उनको शव पोस्टमार्टम गऱ्यो । मुटुको भल्भ साँघुरो भएकाले रक्तप्रवाह हुन नसक्दा ज्यान गएको डाक्टरहरूले बताए । २७ असोजमा आमाको शव एकातिर, बच्चाको शव एकातिर र सालनाल अर्कोतिर छुट्याएर लगी दाहसंस्कार गरे ।

"मर्नेका आफन्तलाई नौ/दश हजार रूपैयाँसम्मको जागिर लगाइदिन्छौं भनेका थिए, तर मान्छे नै गइसकेपछि जागिरले के गर्नु भनेर छोडिदियौं" तिलकुमारीले भनिन् ।

*प्रकाशित मिति : १४ माघ २०७४, www.cijnepal.org.np*

## गभर्नरको नीतिगत विचलन

# वित्तीय बिचौलिया हाई हाई

नेपाल राष्ट्र बैंकका पछिल्ला कामकारबाही केलाउँदा स्पष्ट हुन्छ- ऊ बैंक तथा वित्तीय प्रणालीमा सर्वसाधारणको हित रक्षाको साटो वित्तीय बिचौलियालाई फाइदा पुऱ्याउने काम गरिरहेको छ।

सुदर्शन सापकोटा

नेपाल राष्ट्र बैंकमा जागिर खाएको ३० वर्ष वा कर्मचारीको उमेर ५८ वर्ष जुन पहिले आउँछ, त्यसैका आधारमा अवकाश हुने व्यवस्था छ । तीन वर्षअघि केही कर्मचारीले ३० वर्षे सेवा हद हटाउन (५८ वर्ष उमेर हद मात्रै राख्न) माग गर्दै सर्वोच्च अदालतमा मुद्दा हालेका थिए । राष्ट्र बैंकको तर्फबाट वारेसमार्फत जवाफ दिंदै गभर्नर डा. चिरञ्जीवी नेपालले '३० वर्षे प्रावधान हटाउँदा वित्तीय सुधार कार्यक्रममा नै असर पर्ने' भनेर झण्डै एक दर्जन जति तर्क पेश गरेका थिए । उनको तर्क समेतलाई मानेर सर्वोच्च अदालतले त्यो मागदाबी खारेज गरिदिएको थियो ।

तीन वर्षपछि गभर्नर नेपाल ठ्याक्कै उल्टिए । कर्मचारीको चर्को विरोध हुँदाहुँदै उनले ३० वर्षे प्रावधान हटाउने प्रस्ताव राष्ट्र बैंक बोर्डबाट निर्णय गराई स्वीकृतिका लागि लोक सेवा आयोगमा पठाए । अहिले लोक सेवा आयोग उनको बाटोमा तगारो बनेको छ । आयोगका प्रवक्ता लक्ष्मीविलास कोइरालाले भने, "नेपाल सरकारले संघीय निजामती सेवा लगायत विभिन्न ऐन, नियम तर्जुमा गर्न लागेको छ । नेपाल राष्ट्र बैंकको



कर्मचारी अवकाश सम्बन्धी नीति पनि ती कानून आएपछि संशोधन गर्नु उपयुक्त हुन्छ । तत्काललाई हाल कायम अवकाश नीति नै यथावत् राख्नू भन्ने रायसहित, स्वीकृतिका लागि आएको कर्मचारी विनियमावली फिर्ता पठाइएको छ ।"

राष्ट्र बैंकका कांग्रेस, एमाले र माओवादी निकट तीनवटै कर्मचारी संघ ३० वर्षे प्रावधान हटाउने प्रस्तावको विरोधमा थिए । १५ वर्षअघि वित्तीय सुधारका लागि अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) र विश्व बैंकको सात अर्ब रूपैयाँ ऋण सहयोगमा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक (दुई सरकारी बैंक) को सुधार तथा राष्ट्र बैंकको आधुनिकीकरण गर्ने कार्यक्रम ल्याइएको थियो । त्यहाँ कार्यरत कर्मचारीलाई ३० वर्षमा अवकाश दिने नीति यसैको एउटा अङ्ग थियो । यही नीतिका कारण नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल राष्ट्र बैंकका साथै कृषि विकास बैंक, एनआईडीसी डेभलपमेन्ट बैंकका हजारभन्दा धेरै कर्मचारी ३० वर्ष सेवा अवधि पुगेर अवकाश भइसकेका छन् ।



यो नीतिले पुराना कर्मचारीले अवकाश पाउने र आधुनिक प्रविधिसँग अभ्यस्त नयाँ व्यक्ति भर्ना हुन पाउने अवसर सिर्जना भइरहेको छ । यही सिर्जित पदमा राष्ट्रिय वाणिज्य बैंकले २०७३ सालभरिमा ४०० भन्दा बढी नयाँ कर्मचारी भर्ना गरेको छ । कृषि विकास बैंकले पनि केही महीनाअघि २९८ र नेपाल बैंकले करीब १०८ नयाँ कर्मचारी भर्ना गरिसकेको छ ।

राष्ट्र बैंकको प्रस्तावमा लोक सेवाको तगारो नलागेको भए अहिले सरकारी बैंकका थुप्रै पुराना कर्मचारीको जागिर लम्बिने थियो । उनीहरूले पाउने पेन्सन र उपदानको रकम पनि बढ्ने थियो । नयाँ कर्मचारी भर्नाको ढोका बन्द हुनपुग्थ्यो । राष्ट्र बैंककै तथ्यांक लिने हो भने २०७५ असारसम्म अवकाश हुन लागेका ३०१ कर्मचारीको जागिर १० वर्षसम्म लम्बिने थियो र ती पदमा नयाँ कर्मचारी छिर्ने ढोका बन्द हुन्थ्यो । ११०० कर्मचारी रहेको राष्ट्र बैंकमा करीब ८०० ले यो नीति विरूद्ध आन्दोलन गरिरहेका थिए । यो सबका बावजूद केही 'प्रभावशाली' र 'स्वार्थ समूह' को दबाबमा गभर्नर नेपाल आफ्नो पूर्व अडानबाट उल्टिएर ३० वर्षे प्रावधान हटाउने बाटोमा अघि बढेका थिए, जसमा लोक सेवाले तगारो लगाइदियो ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ भन्छन्, "समग्र प्रणालीलाई हेर्ने हो भने ३० वर्षे प्रावधान हटाउनै हुन्न ।" श्रेष्ठले भने, "हामीले सरकारी स्वामित्वका राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र कृषि विकास बैंकको अवस्था हेर्ने हो । केन्द्रीय बैंकसहित ती बैंक सुधारका लागि ठूलो पैसा खर्च भइसकेको छ । ३० वर्षे प्रावधान लागू गरेपछि ती बैंक बल्ल बौरिएका हुन् । संस्थाको सबलताको लागि अझै अर्को एउटा कर्मचारी लेयर निवृत्त हुन जरूरी छ । उनीहरूलाई पदमै राख्ने गरी ३० वर्षे प्रावधान हटाउन खोज्नु भनेको त झनै आत्मघाती काम थियो ।"

लोक सेवा आयोगले आफ्नो योजना अस्वीकार गरेपछि हताश बनेको राष्ट्र बैंक व्यवस्थापन त्यो प्रस्ताव पुनरावलोकन गर्न लोक सेवा आयोगमा निवेदन हाल्ने तयारीमा छ । पुनरावलोकनको मस्यौदा तयार भएर डेपुटी गभर्नर शिवराज श्रेष्ठको टेबुलमा पुगेको पनि छ । बैंक स्रोतले भन्यो, "केही दिनमै पठाउने योजनामा छौं ।"

## बिचौलियालाई लाइसेन्स

नेपाल राष्ट्र बैंकले छापाखानामा छाप्न पुऱ्याएको मौद्रिक नीति छापिनै लाग्दा २७ असार २०७३ का दिन अचानक रोकियो । त्यही दिन अपराह्न सार्वजनिक गर्ने योजना रहेको सो नीति त्यसको तीन दिनपछि ३० असारमा मात्रै सार्वजनिक भयो । छाप्दाछाप्दैको नीति तीन दिनसम्म प्रेसमै रोक्नुको कारण थियो- लघुवित्त संस्थाको लाइसेन्स । त्यो नीतिमा 'लघुवित्त संस्था स्थापना एवम् वित्तीय कारोबार गर्न इजाजतपत्रको लागि आवेदन लिने कार्य स्थगन गरिएको छ' भन्ने वाक्यांश रहेको थियो ।

त्यो प्रावधानका कारण 'नयाँ लगानीकर्ता' हरूले लाइसेन्स नपाउने अवस्था उत्पन्न हुनेथियो । तर गभर्नर नेपाल, डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठका निकट नातेदार, वित्तीय बिचौलिया र पहुँचवालाहरूले लघुवित्त खोल्ने इच्छा जाहेर गरेकाले राष्ट्र बैंकको 'उच्च व्यवस्थापन' ले त्यसलाई नकार्न सकेन । फलस्वरूप प्रेसमा छाप्दै गरेको मौद्रिक नीति तीन दिन रोकियो । यसबीच उनीहरूले लाइसेन्स पाए । त्यसपछि यस्तो लाइसेन्स नदिने मौद्रिक नीति पनि आयो ।

तीन दिन समय लम्ब्याउँदा २३ लघुवित्त संस्थाहरू थपिए । मौद्रिक नीति छाप्न पठाउँदासम्म राष्ट्र बैंकमा ९२ वटा मात्रै कम्पनीले आवेदन दिएका थिए । तीन दिनपछि यो संख्या ११५ पुग्यो । लाइसेन्स दिइभ्याउन कतिसम्म चटारो परेको थियो भने, ३० असार २०७३ मा लाजिम्पाटस्थित र्‍याडिसन होटलमा गभर्नर नेपालले मौद्रिक नीति वाचन गरिरहँदा राष्ट्र बैंकको बालुवाटार कार्यालयमा लघुवित्त संस्थाहरू दर्ता भइरहेका थिए ।

मौद्रिक नीति रोकेर दर्ता गरिएका लघुवित्त संस्थामा सावित्री ग्रामीण लघुवित्त, कर्णाली माइक्रोफाइनान्स, हाम्रो माइक्रोफाइनान्स, राइजिङ लघुवित्त, लोक कल्याण लघुवित्त, निर्वाह माइक्रोफाइनान्स, सक्षम माइक्रोफाइनान्स, नवचेतना लघुवित्त रहेका छन् । यस्तै उत्कृष्ट लघुवित्त, वागेश्वरी लघुवित्त, प्रकृति लघुवित्त, सिद्धकाली लघुवित्त, एक्सेलेन्ट लघुवित्त, गरीबी निवारण लघुवित्त, कल्प लघुवित्त, दिव्यज्योति लघुवित्त, समावेशी लघुवित्त र कालीगण्डकी लघुवित्त पनि सो अवधिमा दर्ता भएका थिए । यसमध्ये कतिपयले त अन्तिम स्वीकृति पाएर कारोबार पनि सञ्चालन गर्न थालिसकेका छन् । यो मामिला थाहा पाउने राष्ट्र बैंकका एक उच्च अधिकारीले भने, "पदीय हैसियतको दुरूपयोग

र सीमित पहुँचवालाको हितमा विधि मिचिएको यो एउटा टड्कारो उदाहरण हो ।"

## 'मर्जर होइन पूँजी वृद्धि' को स्वार्थ

गभर्नर नेपालले ७ साउन २०७२ मा आफ्नो पहिलो मौद्रिक नीति घोषणा गर्दै वित्तीय संस्था बढी भएकोले तिनलाई घटाउन आवश्यक भएको बताएका थिए । त्यसमा थियो बैंकहरूको मर्जरको नीति । अर्थात् पूँजी वृद्धि योजना (वाणिज्य बैंकहरूको हकमा रू.२ अर्बबाट रू.८ अर्ब), जसले वित्तीय संस्थालाई मर्जरमा जान दबाब पुग्थ्यो । घोषणा अनुसार, तत्कालीन डेपुटी गभर्नर महाप्रसाद अधिकारीले वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिईओ) र सञ्चालकहरूलाई व्यक्तिगत रूपमै बोलाएर 'उपयुक्त पार्टनर' खोजेर मर्जरमा जान' दबाब दिएका थिए ।

राष्ट्र बैंकले वित्तीय संस्थाको संख्या घटाउने नै नीति लिएपछि बैंकहरूले पूँजी वृद्धि योजनामा अनिवार्य रूपमा 'मर्जर तथा एक्विजिसन' लाई राखेका थिए । त्यसै अनुरूप काम पनि थालेका थिए । लुम्बिनी बैंकले हतारहतार बैंक अफ काठमाण्डूसँग मर्जर प्रक्रिया शुरू गऱ्यो । पूँजी र जगेडा कोषको आधार कमजोर भएका अन्य बैंकहरूले पनि धमाधम पार्टनर खोज्न थाले । मर्जरका लागि वातावरण बन्दै गएको थियो ।

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा समेत भइसकेको थिएन । गभर्नर नेपालले २९ माघ २०७२ मा प्रभु बैंक र ग्राण्ड बैंकबीचको एकीकृत कारोबार आरम्भका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै 'मर्जरलाई भन्दा पनि पूँजी बढाउने कुरालाई प्राथमिकता दिन' निर्देशन दिए । चारदेखि २५ गुणासम्मको पूँजी वृद्धिको निर्देशनपछि बैंक तथा वित्तीय संस्थाहरू धमाधम मर्जरमा गइरहेका वेला गभर्नर नेपालले भन्दिए "यतिका वर्षसम्म तपाईंहरू (बैंकका प्रवर्द्धक) ले कमाउनुभयो । अब त्यो पैसा पूँजी वृद्धिका लागि बैंकमा हाल्नुहोस् ।" गभर्नरको एउटा भाषणले त्यो माहोल नै बदलियो । फेरि केही वित्तीय बिचौलिया सक्रिय भए ।

गभर्नरले यसो भन्नुपूर्व ८४ वटा वित्तीय संस्था गाभिएर ३१ वटामा झरिसकेका थिए । तीन दर्जन संस्था मर्जरको प्रक्रियामा थिए । गभर्नरको 'नीतिगत यूटर्न' ले बैंकिङ तथा पूँजी बजारको तस्वीर नै फेरियो । १२०० अंक हाराहारीमा रहेको शेयर बजार सूचक ह्वात्तै बढ्यो ।

मर्जर गर्नु नपर्ने भएपछि बैंकहरूले कमाए जति नाफाबाट बोनस शेयर दिने र अपुग पूँजी १०० रूपैयाँका दरले हकप्रद शेयर बेचेर पुऱ्याउने रणनीति लिए । यसले शेयर बजार अस्वाभाविक रूपमा बढेर १८८१ अंकसम्म पुग्यो । नाकाबन्दी र भूकम्पका वेला समेत शेयर बजार निरन्तर उकालोमै रह्यो ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा राष्ट्र बैंकका पूर्व गभर्नर डा. युवराज खतिवडा भन्छन्, "अहिलेको समस्या शेयर बजारप्रति बढी र वास्तविक अर्थतन्त्रप्रति कम चिन्तित भएर आएको हो ।" उनी भन्छन्, "राष्ट्र बैंकले शेयर बजार बढ्नुपर्छ भन्ने आशय राखेको देखिन्छ । जसले गर्दा वित्तीय सम्पत्ति र भौतिक सम्पत्तिको मूल्य अस्वाभाविक रूपमा बढेको छ ।" डा. खतिवडाका भनाइमा, "कसको के स्वार्थ पूरा गर्नुपर्ने थियो, जसले गर्दा शेयर बजारको चिन्ता बढी नै भयो, मैले बुझ्न सकेको छैन । स्पष्ट छ राष्ट्र बैंकको ध्यान शेयर बजार माथि पुऱ्याउन केन्द्रित भयो ।"

## 'साना बचतकर्ता ठगिए'

पूँजी वृद्धि नहुँदासम्म बैंकमा प्रसस्त पैसा थियो । व्याजदर पनि सस्तो थियो । पूँजी वृद्धिले बैंकबाट ऋण लिएर शेयर लगानीबाट पूँजी बढाउन शुरू भयो । तरलता अभाव भएर व्याजदर बढ्न शुरू भयो । अब संस्थापक तथा प्रवर्द्धकले बैंकबाट ऋण लिएर धमाधम १०० रूपैयाँ गोटाका हकप्रद शेयर भर्न थाले । बैंकरले दुई वर्षमा जुन अनुपातमा पूँजी वृद्धि गरे त्यही अनुपातमै नाफा बढाउन खोजे । त्यसका लागि सहयोग गऱ्यो हकप्रद शेयर भर्नका लागि ओभरड्राफ्टसँगै 'मल्टिपल फाइनान्सिङ' को 'विन्डोज' ले । चल्तापुर्जा व्यापारी, जसलाई नियमित व्याज र किस्ता तिर्न समस्या हुँदैन, उनीहरूलाई एउटै प्रोजेक्टका लागि बैंकहरूले धमाधम ऋण (मल्टिपल फाइनान्सिङ) दिए । जस्तो कि– कुनै व्यापारीलाई ५० करोड रूपैयाँ ऋण आवश्यक परे, उसलाई चार/पाँच वटै बैंकले ऋण दिए । त्यो व्यापारीलाई चाहिएको ५० करोड रूपैयाँ; तर उसको हातमा दुई अर्ब रूपैयाँसम्म पऱ्यो ।

बैंकबाट सस्तो व्याजमा पाएको अतिरिक्त पैसाबाट व्यापारीले शेयर बजार र घरजग्गामा लगानी गरे । बैंकलाई नाफा भइरह्यो । शेयर

बजार, घरजग्गा र ओभरड्राफ्ट, गाडी, मल्टिपल फाइनान्सिङमा ऋण बढ्यो । ऋणका शीर्षक बदलिए तर पैसा फेरि पनि गइरह्यो, घरजग्गा र शेयर बजारमा ।

खास मिहिनेत विनै बैंकहरूको व्यापार चम्किरहेकै थियो । नाफाको मात यति लाग्यो कि बैंकले ८० प्रतिशत सीसीडी (कर्जा पूँजी–निक्षेप अनुपात) नाघेको चालै पाएनन् । नेपाल राष्ट्र बैंकले पनि आँखा चिम्लिदियो । आर्थिक वर्ष २०७२/७३ को केही महीनादेखि नै प्रणालीमा पैसा ह्वारह्वार्ती आयो । तर २०७३/७४ मा त्यस्तो भएन । राष्ट्र बैंकले कारबाही नगरेपछि बैंकहरूले ८० प्रतिशत सीसीडी त नघाए नै, जोखिम न्यूनीकरणका लागि राख्नुपर्ने २० प्रतिशत रकमबाट पनि 'नक्कली निक्षेप' सिर्जना गरेर ऋण लगानी गरे ।

सरकारले खर्च गरेन । सोही कारण अघिल्लो वर्षजस्तो २०७३/७४ मा प्रणालीमा पैसा बढेन । राष्ट्र बैंक व्यवस्थापनले आँखा चिम्लिदिएकै कारण २०७३/७४ मा ऋणको व्याजदर एक र डेढ महीनामै ५ र ६ प्रतिशत विन्दुले बढ्यो । जोखिम न्यूनीकरण गर्न राखेको पैसाबाट पनि ऋण लगानी गर्दा बैंकहरू संकटमा परे । राष्ट्र बैंकको सानो त्रुटिले प्रणाली नै अप्ठेरोमा पर्ने अवस्था आयो । त्यसलाई जोगाउन अन्य नीतिगत सहुलियत दिनुपर्‍यो । राष्ट्र बैंकको तथ्यांक अनुसार, गभर्नरले मर्जर होइन, पैसा हाल भनेर भाषण गरेपछिको एक वर्षमा ओभरड्राफ्ट ३२ प्रतिशतले बढेर रू.३ खर्ब ४१ अर्ब, घरजग्गा ऋण ३१ प्रतिशतले बढेर रू.२ खर्ब ८६ अर्ब, शेयर धितो ऋण ४८ प्रतिशतले बढेर रू.४० अर्ब ८० करोड नाघेको थियो ।

बैंकहरूको वर्ष दिनमा २० प्रतिशत ऋण विस्तार गर्ने लक्ष्य रहेकोमा ६ महीनामै ३० प्रतिशत नाघ्यो । पछि कडाइ गर्दा ऋण लगानी नै ठप्प भयो । यही कारण अहिलेसम्म पनि ऋणको व्याज महँगो छ । ऋण महँगो भएपछि माग घटेको छ । ऋण नगएपछि आर्थिक वृद्धिदर लक्ष्य अनुसार नहुने विश्व बैंक र आईएमएफले जनाइसकेका छन् । सरकारले साढे सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखेकोमा दुई अन्तर्राष्ट्रिय निकायले वृद्धिद्धर चारदेखि साढे चार प्रतिशतसम्म मात्रै हुने जनाएका छन् ।

पूर्व गभर्नर डा. खतिवडा भन्छन्, "अहिले साना साना बचतकर्ता सबै ठगिएका छन् । ग्राहक सुरक्षा भनेर निर्देशन त जारी भएको छ तर

पालना भएको छैन । ग्राहकलाई दिने न्यूनतम सुविधा नदिई शुल्क लिने गरिएको छ । यो पूँजी वृद्धिसँग सम्बन्धित छ । पूँजी बढेको छ, त्यो अनुसार नाफा कायम गर्नु छ । व्याज बढाउन ठाउँ छैन । बैंकहरू पूँजी परिचालन नगरी हुने आम्दानीतिर केन्द्रित भएका छन् ।"

खतिवडाका भनाइमा, अहिले अधिकांशले तोकिएको चुक्ता पूँजी पुऱ्याइसकेका छन् । उनीहरूले बैंकबाटै ऋण लिएर पूँजी बढाएका हुन् । अर्थात् निक्षेप जति ऋणको माध्यमबाट पूँजीमा परिणत भएको छ । अस्वाभाविक रूपमा बाध्य पारिएको मर्जर र ऋण मार्फत पूँजी वृद्धि गर्दा विकृतिहरू भित्रिएका छन् ।

## 'अर्को महाभूल'

उद्योगी व्यापारीले संस्थागत तवरमै बैंकिङ तरलता अभाव र महँगो व्याजदरले उद्योगधन्दा बन्द गर्नुपर्ने अवस्था आएको भन्दै मन्तव्य दिन थाले । नेपाल उद्योग परिसंघ (सीएनआई) ले ३ असारमा विज्ञप्ति निकाल्यो भने नेपाल उद्योग वाणिज्य संघले कार्यक्रमको आयोजना गरेर व्याज वृद्धिबारे ध्यानाकर्षण गरायो । सबैको नजर केन्द्रीय बैंकतर्फ सोझियो । गभर्नरले तत्कालका लागि सजिलो उपाय निकाले- जुन व्यवस्थाले ऋण लगानी रोकिएको छ त्यही व्यवस्थालाई उलटपुलट गर्ने ।

१० फागुन २०७३ मा मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षामा उनले सीसीडी रेसियो गणना गर्ने स्थापित 'सूत्र' नै परिवर्तन गरिदिए । अर्थात् १०० डिग्री फरेनहाइट तापक्रम नाघे ज्वरो आएको मानिने मान्यता नै परिवर्तन गरियो र १०५ डिग्री सम्मलाई सामान्य ज्वरो मान्ने नयाँ 'सूत्र' बनाइयो । राष्ट्र बैंककै अधिकारीहरूका अनुसार, उत्पादनमूलक क्षेत्रमा गएको ऋण नै सामान्यतया सबैभन्दा बढी खराब कर्जामा परिणत हुन्छ । त्यसैले अझ सचेत हुनुपर्नेमा त्यसलाई आधा मात्र सीसीडी गणना गर्न पाइने विधि बनाइयो ।

"फर्मूला परिवर्तनले अर्को ठूलो जोखिम आउने सम्भावना छ" राष्ट्र बैंकका पूर्व गभर्नर खतिवडाले भने, "बैंकहरूलाई सुधारगत कारबाही गर्नुको साटो उनीहरूलाई जोखिम बढाएर पैसा उपलब्ध गराउनु अर्को महाभूल हो ।"

खतिवडाका भनाइमा, "कर्जा निक्षेप अनुपातकै कुरामा जसले कानून मिचेर काम गरे आखिर उनीहरूले नाफा कमाए । जसको औसतमा ६० अर्बको निक्षेप थियो, त्यसबाट एक प्रतिशत सीसीडी ब्रिज गर्दा उनीहरूले १० प्रतिशतको व्याजदरमा ६० करोड लगानी गरे । यसबाट ६ करोड रूपैयाँ बढी व्याज कमाए ।"

## वित्तीय बिचौलियाको प्रभाव

बैंक तथा वित्तीय संस्थाको नियमित सुपरिवेक्षणका लागि राष्ट्र बैंकले विभिन्न बैंकमा आफ्नो सुपरिवेक्षण टीमलाई स्थलगत अनुगमनमा खटाउँछ । नियमित रूपमा यस्ता अनुगमन टोलीहरू खटिन्छन् । त्रैमासिक रूपमा ६ देखि ९ वटासम्म बैंकमा यस्ता टोलीले अनुगमन गर्छन् । आर्थिक वर्ष २०७३/७४ को टोलीले अधिकांश बैंक तथा वित्तीय संस्थाले नक्कली निक्षेप तयार पारेर ऋण लगानी गरेको भेट्टायो । नक्कली निक्षेपलाई नियन्त्रण गर्न राष्ट्र बैंक व्यवस्थापनलाई लिखित सुझाव समेत दियो । उनीहरूको सुझावका आधारमा व्यवस्थापनले नक्कली निक्षेप रोक्न 'एउटा वित्तीय संस्थाले अर्को वित्तीय संस्थामा राखेको पैसालाई (कर्जा पूँजी-निक्षेप) सीसीडीमा गणना गर्न नपाइने' व्यवस्था गऱ्यो । यो व्यवस्थाका कारण बैंकहरूको निक्षेप ८० अर्ब रूपैयाँले घट्यो ।

लगानी गर्न नसकेर बैंकहरू छटपटिए । उनीहरूले राष्ट्र बैंकमा मौखिक लबिङ तीव्र पारे । लिखित लबिङ गर्न गाह्रो थियो । किन भने वित्तीय स्थायित्वका लागि राष्ट्र बैंकको कदम ठीक थियो । बैंकहरूको तीव्र दबाबपछि गभर्नर नेपाल र व्यवस्थापनले तलबाट सिफारिश भएको नीतिलाई लागू भएको एक सातामै खारेज गरे । अहिले त्यही रकम बैंकिङ प्रणालीमा अधिक तरलताका रूपमा देखिएको छ । त्यसलाई व्यवस्थापन गर्न राष्ट्र बैंकले बढी भएको तरलता व्याज तिरेर लिनु परिरहेको छ ।

पूर्व गभर्नर खतिवडा भन्छन्, "कतिपय अवस्थामा मुलुकका अर्थमन्त्री, प्रधानमन्त्रीले भनेका कुरा विरूद्ध गएर पनि अडान लिनुपर्ने हुन्छ । त्यस्तो वेला यो विषय मुलुकको हितमा छैन भनेर भन्न सक्नुपर्छ । गभर्नरले उहाँहरूलाई 'कन्भिन्स' गर्न सक्नुपर्छ । तर अहिले दबाबका भरमा जे पनि गर्न थालेको छ राष्ट्र बैंकले ।"

त्यसको एउटा उदाहरण हो स्थानीय तहमा बैंकका शाखा खोल्ने निर्णय । सरकारले आफूले स्थानीय तहमा पठाउने वार्षिक विकास बजेट तथा अनुदान बैंक खाता मार्फत भुक्तानी दिनुपर्छ । त्यसका लागि स्थानीय तहमा कम्तीमा एउटा वाणिज्य बैंक चाहिने भन्दै अर्थमन्त्रीले बजेट वक्तव्यमै शाखा खोलिने घोषणा गरे ।

त्यसअनुसार राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई विभिन्न ठाउँमा शाखा खोल्न निर्देशन दियो । राष्ट्र बैंकको निर्देशन अनुसार वाणिज्य बैंकहरूले शाखा खोल्ने लिस्ट राष्ट्र बैंकलाई बुझाए तर सुविधासम्पन्न ठाउँका लागि मात्र ।

देशमा ७५३ स्थानीय तह छन् । यसमध्ये ३३२ ठाउँमा बैंकहरू पुगिसकेका छन् । बाँकी ४२१ ठाउँमा पुगेका छैनन् । उनीहरू सबै ठाउँमा जान नसकिने भनेर बसेका छन् । त्यसमध्ये पनि २५० ठाउँमा त जानै नसकिने उनीहरूको ठम्याइ छ । बैंकर्स संघका अध्यक्ष अनिल शाह भन्छन्, "पूर्वाधार नै भएको ठाउँमा जान हामीलाई कठिन छ । सुरक्षाको प्रश्न आउँछ । त्यही कुरा राष्ट्र बैंकमा आग्रह गरिएको छ ।"

राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई मुक्ति दिन विकास बैंकहरूलाई पनि स्थानीय तहको खाता सञ्चालन अनुमति दिने निर्णय गऱ्यो । तर, बजेटमा सरकारी खाता विकास बैंकहरूमा सञ्चालन गर्न नपाउने व्यवस्था छ ।

सबै स्थानीय तहमा बैंकहरू नपुग्दा बजेट परिचालनका लागि नजिकको अर्को स्थानीय तहमा भएको बैंकबाट कारोबार गर्नुपर्ने बाध्यता हुन्छ । बैंक र वित्तीय प्रणालीले सर्वसाधारणमाथि गर्न सक्ने उपेक्षा र शोषणको निगरानी गर्ने समेत जिम्मेवारी पाएको नेपाल राष्ट्र बैंक आफ्नो उद्देश्यमा गैरजिम्मेवार बन्दै गएको पछिल्लो उदाहरण हो, यो ।

निजी क्षेत्रमैत्री भनेर चिनिने डा. चिरञ्जीवी नेपाल यसअघि पूँजी बजारको नियामक निकाय धितोपत्र बोर्डका अध्यक्ष थिए । बोर्डबाट राजीनामा दिएपछि परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयका सल्लाहकार भएर काम गरे । गभर्नर हुनुअघि उनी प्रधानमन्त्री सुशील कोइरालाका प्रमुख आर्थिक सल्लाहकार थिए ।

त्योभन्दा पनि महत्वपूर्ण कुरा, सरकारी नियुक्ति पाउनुअघि गभर्नर नेपालले व्यवसायीहरूसँग बसेर काम गरेका थिए । निजी क्षेत्रका तीनवटै

छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल उद्योग परिसंघमा सल्लाहकार एवं परामर्शदाताका रूपमा काम गरेको अनुभव छ उनीसँग । यिनै कारणले हुनसक्छ गभर्नर नेपालका लागि सर्वसाधारणको हित भन्दा पनि निजी क्षेत्रको स्वार्थ प्राथमिकतामा परिरहेको देखिन्छ ।

नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ४ ले यसलाई 'वित्तीय सेवाको पहुँच अभिवृद्धि, बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व, बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि र सुरक्षित भुक्तानी प्रणाली विकास' को जिम्मेवारी दिएको छ । तर, बैंकका पछिल्ला गतिविधिले ऊ परिभाषित जिम्मेवारीबाट विमुख बन्दै वित्तीय बिचौलियाको प्रभावमा हिंडिरहेको देख्न सकिन्छ ।

*प्रकाशित मिति : २९ मंसीर २०७४, www.cijnepal.org.np*

# सेनाको द्रव्यमोह

## ऐतिहासिक अस्पताल मासेर व्यापारिक भवन

ऐतिहासिक त्रि-चन्द्र मिलिटरी हस्पिटल मासेर नक्शा समेत पास नगरी हतार-हतार बिजनेस कम्प्लेक्स बनाएको जंगी अड्डा अहिले प्रमाणपत्रका लागि महानगरलाई दबाब दिइरहेको छ।

रामेश्वर बोहरा

अबको केही हप्ताभित्र काठमाडौंमा यस्तो 'बिजनेस कम्प्लेक्स' सञ्चालनमा आउँदैछ, जसलाई बर्दीधारी सैनिकहरूले पहरा दिइरहेका हुनेछन् । काठमाडौंको केन्द्रमा रहेको महाँकालस्थान सामुन्ने बनेको अत्याधुनिक यो नौतले व्यापारिक भवन नेपाली सेना आफैंले निर्माण गरेको हो । जंगी अड्डाले यो भवन भाडामा दिन बोलपत्र आह्वान गरिसकेको छ । टेण्डरको सम्पूर्ण प्रक्रिया पूरा गरेर आउँदो १ माघबाट भाडामा दिइने घोषणा गरेको छ ।

८९ वर्ष पुरानो 'त्रिचन्द्र मिलिटरी हस्पिटल' भत्काएर सुविधासम्पन्न 'बिजनेस कम्प्लेक्स' बनाइएको हो । तीन वर्षअघि 'त्रिचन्द्र मिलिटरी हस्पिटल' को भवन भत्काउँदा सेनाले त्यही नामको नयाँ अस्पताल बनाएर बहालवाला तथा भूतपूर्व सैनिक र तिनका परिवारसँगै सर्वसाधारणलाई पनि सेवा दिने बताएको थियो । सेनाले नयाँ अस्पताल 'त्रिचन्द्र मिलिटरी हस्पिटल (भेट्रान्स तथा सिभिल)' का नाममा सञ्चालन हुने घोषणा गऱ्यो । त्यस क्रममा यो अस्पताल सेवामा समर्पित हुने, व्यवसाय र नाफा यसको ध्येय नहुने घोषणा समेत गरिएको थियो, पत्रकार सम्मेलन मार्फत । तर, नयाँ भवन तयार हुँदानहुँदै जंगी अड्डाले त्यसलाई भाडामा लगाउन टेण्डर आह्वान गरेको छ ।

नेपाली सेनाको गौरवपूर्ण इतिहास जोडिएको भवन मासेर बिजनेस कम्प्लेक्स बनाउन जंगी अड्डा किन लागिपऱ्यो ? यो प्रकरण खोतल्दा सैनिक नेतृत्वको द्रव्यमोह र त्यसका लागि भएको विधि मिच्ने शृंखला अगाडि आयो ।

## धन देखेपछि...

'बहालवाला तथा भूतपूर्व सैनिक र तिनमा आश्रित परिवारहरूलाई सैनिक कल्याणकारी कोषबाट उपलब्ध गराउँदै आएको निःशुल्क औषधोपचार सुविधालाई थप प्रभावकारी एवम् व्यवस्थित गर्ने र सर्वसाधारण नागरिकहरूलाई सशुल्क स्वास्थ्य उपचार सेवा प्रदान गर्ने उद्देश्यले महाँकालस्थानमा निर्माणाधीन ४५९ बेडको त्रिचन्द्र मिलिटरी हस्पिटल (भेट्रान्स तथा सिभिल) को निर्माण कार्य पूरा गरी सञ्चालनमा ल्याउने ।'

नेपाली सेनाको आधिकारिक वेबसाइटमा त्रिचन्द्र मिलिटरी हस्पिटलका सम्बन्धमा अहिले पनि यही जानकारी राखिएको छ *(हे.*

*लिंक- http://nepalarmy.mil.np/welfare.php?)* । जबकि, सेनाले २५ भदौ २०७४ मै यो भवन भाडामा दिन बोलपत्र आह्वान गरिसकेको छ । बोलपत्रमा उल्लेख भए अनुसार, काठमाडौं महानगरपालिका वडा नम्बर २२ मा पर्ने महाँकालस्थानको यो भवनको कुल क्षेत्रफल ३ लाख १५ हजार वर्गफिट छ । त्यसमध्ये पुरानो मिलिटरी हस्पिटलले चर्चेको ३० हजार वर्गफिटमा 'सैनिक कल्याणकारी कोषका हिताधिकारीहरूलाई औषधोपचार सुविधा उपलब्ध गराइने' उल्लेख छ । बाँकी २ लाख ८५ हजार वर्गफिटको, बेसमेन्टसहित नौ तला भएको भवन, परिसरमा निर्मित संरचना र कम्पाउण्डसहित इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई भाडामा दिइने बोलपत्रमा उल्लेख छ ।

अर्थात्, अस्पताल भनेर बनाइएको भवनको ३० हजार वर्गफिट (कुल क्षेत्रफलमध्ये ९.५२ प्रतिशत) मात्र औषधोपचारका लागि प्रयोग गरिने सेनाको भनाइ छ । झट्ट हेर्दा त्यति क्षेत्रफलमा भए पनि अस्पताल त चल्ने हो कि भन्ने देखिन्छ । तर, त्यो पनि होइन । "सैनिक व्यक्ति र तिनका परिवारलाई एमआरआई, सीटी स्क्यान, प्रयोगशाला आदि




१९८२ सालमा निर्मित त्रिचन्द्र मिलिटरी अस्पताल। पहिलो विश्वयुद्धबाट प्रभावित नेपाली सैनिकहरुको उपचार र स्वास्थ्य सेवाका लागि बेलायतले निर्माण गरिदिएको ऐतिहासिक महत्वको यही अस्पताल भत्काएर सेनाले बिजनेस कम्प्लेक्स बनाएको छ । तस्वीर स्रोतः मदन पुरस्कार पुस्तकालय

पोलिक्लिनिक सेवा दिइनेछ, बिरामीको बेड भर्ना हुँदैन" भर्खरै सैनिक प्रवक्ताको जिम्मेवारीबाट सरूवा भएका सहायक रथी नैनराज दाहाल भन्छन्, "पोलिक्लिनिक बाहेकको बाँकी भवन भाडामै दिने हो ।"

देशकै पहिलो सैनिक अस्पताल 'त्रिचन्द्र मिलिटरी हस्पिटल' ले दिंदै आएका धेरै सेवा २०४६ सालपछि छाउनीमा सारियो । वीरेन्द्र सैनिक अस्पतालका नाममा सञ्चालित सो अस्पतालमा जहाँ अहिले बहालवाला तथा अवकाशप्राप्त सैनिक र तिनका परिवारलाई निःशुल्क स्वास्थ्योपचार सेवा उपलब्ध छ । सिटी स्क्यान, एमआरआई, प्रयोगशाला जाँच लगायतका सुविधा छाउनीमै उपलब्ध छन् । छाउनीमा सुविधासम्पन्न सैनिक अस्पताल हुँदाहुँदै र त्यसलाई जति पनि विस्तार गर्न सकिने अवस्था रहँदारहँदै महाँकालस्थानमा किन यति ठूलो अस्पताल भवन बनाउन शुरू गरियो ?

जंगी अड्डाकै कतिपय सैनिक अधिकृतहरूका भनाइमा, अस्पतालका लागि यो भवन बनाइएकै थिएन । उनीहरूका अनुसार, सीधै व्यापारिक भवन बनाउँछौं भन्न नमिल्ने भएकाले अस्पताल बनाउने भन्दै ऐतिहासिक अस्पताल भवन भत्काइयो । "अहिले पनि सम्पूर्ण भवन भाडामा दिंदा सीधै व्यापार गरेको आक्षेप आउने डरले पोलिक्लिनिक चलाउने भनिएको हो" नाम गोप्य राख्ने शर्तमा एक उपरथी भन्छन्, "तर, त्यसो भन्नुको अर्थ छैन । यो बिजनेस कम्प्लेक्स हो, अस्पताल हुँदै होइन ।"


सैनिक मुख्यालयका अनुसार, सैनिक कल्याणकारी कोषको रू.२ अर्ब लगानीमा 'महाँकालस्थानमा सैनिक अस्पतालका लागि बनाइएका तीन वटा भवन तयार भएका छन् ।' कल्याणकारी कोष आफैंमा सेनाको अंग होइन, एकखाले गुठी हो । संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यमा विभिन्न मुलुकमा खटिने सैनिकहरूको पारिश्रमिक कटौती गरेर २०३२ सालमा खडा गरिएको यही कोषबाट सेनाले नाफामूलक व्यवसाय र कतिपय कल्याणकारी काम समेत गर्दै आएको छ । २२ साउन २०७४ मा जंगी अड्डामा पत्रकार सम्मेलन गरेर दिइएको जानकारी अनुसार सैनिक कल्याणकारी कोषमा २०७४ असार मसान्तसम्म रू.३४ अर्ब ५६ करोड १५ लाख जम्मा भएको छ । कोष मार्फत गरिएको रू.४ अर्ब ९८ करोड ४४ लाख २२ हजार प्रत्यक्ष लगानी समेत जोड्दा कोषको कुल सम्पत्ति रू.३९ अर्ब ५५ करोड ५ लाख ७९ हजार छ । यसबाट स्वास्थ्य सेवा, शिक्षा,

आर्थिक राहत, बीमा, परिवार आवास र व्यावसायिक तालिम जस्ता काम गरिरहेको सेनाको भनाइ छ ।

महाँकालस्थान साविकको हस्पिटल भत्काएर विधि र प्रक्रिया छल्न मात्र अस्पताल भवन बनाउने भनिएको देखिन्छ । भवन तयार हुनैलाग्दा भाडामा दिन टेन्डर आह्वान गरिएपछि त्यो अभीष्ट छर्लङ्ग नै भयो । सहायक रथी दाहालले पनि यो कुरा लुकाएनन् । "सेनाको मुख्य अस्पताल छाउनीमा भएकाले त्यहाँ कार्यरत जनशक्ति यता ल्याउन गाह्रो भो, यहाँ ठाउँ पनि साँघुरो भएकाले सबै सेवा यहाँबाट दिन नसकिने भो" उनले भने, "कोषको पैसा लगानी गरिएकाले नाफा पनि हुनै पर्‍यो, त्यसका लागि अस्पताल सञ्चालन गर्नु भन्दा भाडामा दिनु फाइदाजनक देखियो ।"

## विना नक्शा नौ तला

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार महानगर वा नगर क्षेत्रभित्र कुनै पनि भवन निर्माण गर्नुभन्दा पहिले सम्बन्धित महानगर वा नगरपालिकाबाट अनिवार्य रूपमा नक्शा पास गर्नुपर्छ । सेनाको यो भवनको नक्शा पास गर्ने कार्य काठमाडौं महानगरपालिकाको क्षेत्राधिकारभित्र पर्छ । तर, निर्माण



नेपाली सेनाको वेबसाइटमा राखिएको 'त्रिचन्द्र मिलिटरी हस्पिटल ४६९ बेडको हुने' जानकारी (जुन अहिले हटाइएको छ)।

सकिएर भाडामा दिनै लाग्दा समेत न नक्शा पास गराइएको छ न त भवन निर्माणको स्वीकृति नै लिइएको छ ।

सेनाले यो भवन निर्माण गर्ने प्रक्रिया शुरू गर्न लाग्दा काठमाडौं महानगरपालिकाले नक्शा पास गर्न जंगी अड्डालाई ताकेता गऱ्यो । सेनाले कुनै वास्ता नगरेपछि नक्शा पास गरेर मात्र काम शुरू गर्न पत्र काट्यो । एकपटक मात्र होइन, महानगरपालिकाले जंगी अड्डालाई दुई पटक पत्र पठाएको अभिलेखमा देखिन्छ । त्यसको जानकारी रक्षा मन्त्रालयमा पनि दिइयो । तर, सेनाले नक्शा पास गर्नु त परै जाओस्, पत्रको जवाफ नै दिएन । अन्ततः नक्शा पास नै नगरी सेनाले भवन निर्माणको काम अघि बढायो । काठमाडौं महानगरपालिकाका भवन इजाजत महाशाखा प्रमुख रामबहादुर थापा भन्छन्, "हामीले पटक पटक ताकेता गऱ्यौं, तर सेनाले मौखिक जवाफसम्म दिएन ।"

सुरक्षाका दृष्टिले संरचनात्मक गोपनीयता नखुलोस् भनेर कतिपय संवेदनशील भवनलाई विस्तृत नक्शा पास गर्नु नपर्ने छूट पनि दिइएको हुन्छ । राष्ट्रपति, प्रधानमन्त्री लगायत अति विशिष्ट व्यक्तिहरूको निवास र सेना, प्रहरी लगायत सुरक्षा निकायका मुख्यालयभित्रका भवनहरूलाई त्यस्तो छूट हुन्छ । सुरक्षा संवेदनशीलताका कारण ती भवनको विस्तृत नक्शा पास नगरिए पनि लम्बाइ, चौडाइ, उँचाइ, तला आदि विवरण उल्लेख गरेर सामान्य नक्शा पास भने गर्नैपर्छ । राष्ट्रपतिको कार्यालय र आवास प्रयोजनका लागि हालसालै निर्मित नयाँ भवनको मोटामोटी विवरणसहितको नक्शा यसैगरी पास गरिएको थियो । महानगरपालिकाले विस्तृत नक्शा पास नगर्ने हो भने भवनको मोटामोटी विवरण पत्रमा लेखेर दिन पनि जंगी अड्डालाई ताकेता गरेको थियो । "पत्रमा लेखेर मोटामोटी विवरण मात्र दिएको भए पनि हामी सुरक्षा संवेदनशीलता बुझेर नक्शा पास गरिदिन्थ्यौं र भवन निर्माणको स्वीकृति दिन्थ्यौं" थापा भन्छन्, "तर, हामीले माग्दा पनि सेनाले वास्तै गरेन ।"


सेनाले बनाएको यो भवन सुरक्षाका दृष्टिले संवेदनशील भवनको सूचीमा पनि पर्दैन । यो न सैनिक मुख्यालयभित्र छ, न सैनिक अड्डा बस्न बनाइएको हो । अस्पताल भवन नै भए पनि विस्तृत संरचनात्मक विवरण गोप्य राख्नुपर्ने सुरक्षा संवेदनशीलताभित्र यो भवन पर्दैन । त्यसमाथि यो त विशुद्ध व्यापारिक भवन रहेछ । महानगरपालिकाका

अधिकारीहरू भन्छन्, सेनाले बनाएका कुनै भवनको पनि नक्शा पास गरिएको छैन ।

विधि, प्रक्रियाको उल्लंघन यतिमै रोकिंदैन । कुनै पनि भवन बनाइसकेपछि महानगरपालिका वा नगरपालिकाबाट निर्माण सम्पन्नताको प्रमाणपत्र लिनुपर्छ । त्यस्तो प्रमाणपत्र नलिएसम्म भवन प्रयोग गर्न समेत पाइन्न । अब त बिजुली, खानेपानी आदि सुविधा जडानका लागि समेत निर्माण सम्पन्नताको प्रमाणपत्र अनिवार्य गरिंदैछ । निर्माण स्वीकृति नलिइएको र नक्शा पास नै नभएको सेनाको यो व्यापारिक भवनले निर्माण सम्पन्नताको प्रमाणपत्र पाउने कुरै भएन । तर, विना प्रमाणपत्र नै यसलाई भाडामा लगाउने प्रक्रिया टुंगोमा पुग्न थालिसकेको छ ।

## 'यो मिल्दै मिल्दैन'

सेनाले निर्माण गरेको यो 'बिजनेस कम्प्लेक्स' काठमाडौंको 'सिटी कोर' भनेर सूचीकृत क्षेत्रमा पर्छ, जहाँ भवन निर्माण सम्बन्धी बेग्लै मापदण्ड तोकिएको छ । 'सिटी कोर' भित्र पाँच तलाभन्दा अग्ला भवन बनाउन रोक लगाइएको छ । भवन निर्माण मापदण्ड २०६४ मा प्रष्टसँग उल्लेख छ– 'यस क्षेत्रमा बन्ने भवनको अधिकतम तला ५ (पाँच) तथा उँचाइ ४५ फिट (१३.७ मिटर) सम्म बनाउन सकिनेछ ।'


मालपोत कार्यालय,
जग्गाधनी दर्ता श्रेस्ता

भवन रहेको जग्गाको मालपोत कार्यालयको दर्ता स्रेस्ता ।

मापदण्ड यस्तो भए पनि सेनाले बेसमेन्टसहित ९ तले भवन ठड्यायो । यो मापदण्ड सम्झाउने काठमाडौं महानगरपालिकाको ताकेतालाई पनि सेनाले वास्ता गरेन । विधिप्रति मुलुकको प्रमुख सुरक्षा निकाय नेपाली सेनाको यो रवैयाले गर्दा 'सिटी कोर' भित्र मापदण्ड विपरीत बनेका केही घर भत्काउने महानगरपालिकाको तयारीलाई पनि विलखबन्दमा पारेको छ । न्यूरोड क्षेत्रमा यो मापदण्ड उल्लंघन गरेर बनेका केही घर भत्काउने तयारी महानगरपालिकाले गरिरहेको थियो । भवन इजाजत महाशाखा प्रमुख थापा भन्छन्, "मापदण्ड मिचेका घरधनीहरूले पहिले सेनालाई कारबाही गर, अनि हामीलाई गर्नू भन्न थालेपछि समस्या भएको छ ।"

महाँकालस्थानको यो भवन शुरूमा 'बेसमेन्ट' बाहेक १४ तलाको बनाउने सेनाको योजना थियो । त्यही अनुसार काम अघि बढ्यो र १४ तलाकै भवन बनाउने गरी फाउण्डेशन निर्माण गरियो । १२ वैशाख २०७२ मा महाभूकम्प नआएको भए यो भवन १४ तलाकै हुनेथियो । तर यसैबीच भूकम्प आयो र त्यहीबेला गौरवशमशेर जबरा सेवानिवृत्त भएर राजेन्द्र क्षत्री सेनाप्रमुख बने । त्यसपछि योजना परिवर्तन गरेर 'बेसमेन्ट' सहित ९ तलाको मात्र बनाउने निर्णय गरियो । "भूकम्प नआएको र नेतृत्व परिवर्तन नभएको भए चिफसाबले पेलेरै १४ तला बनाइछाड्नुहुन्थ्यो", जंगी अड्डाका एक अधिकृत भन्छन् ।


सहायक रथी दाहाल चाहिं कल्याणकारी कोषको लगानी धेरै हुने, तर त्यस अनुसार लाभ नहुने देखिएपछि 'रि-एसेस' गरेर १४ तलाबाट घटाइएको बताउँछन् ।

प्रधान सेनापति छँदा रूक्मांगद कटवालले पहिलो पटक यो भवन निर्माणको पहल थालेका थिए । त्यसबेला रू.३ अर्ब लगानीमा भवन बनाउने योजना बनाइएको थियो । तर, कटवालपछि छत्रमानसिंह गुरूङका पालामा पनि काम अघि बढ्न पाएन । गौरवशमशेर जबरा प्रधान सेनापति बनेपछि यसलाई रू.६ अर्ब निर्माण लागत अनुमानका साथ अगाडि बढाइयो । तर, भूकम्पले लागत र तला दुवै घटाउन बाध्य तुल्यायो । आधुनिक प्रविधिबाट निर्माण गरिएको यो भवनले १० रेक्टर स्केलसम्मको भूकम्प थेग्ने जंगी अड्डाको दाबी छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले भूकम्पपछि जारी गरेर कडाइपूर्वक लागू गरेको 'बस्ती विकास, शहरी योजना तथा भवन

निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२' हेर्ने हो भने यो भवन थप समस्याग्रस्त देखिन्छ । किनभने अब यो भवन शपिङ कम्प्लेक्स वा व्यापारिक मल सरह हुनेछ । मार्गदर्शनमा उल्लेख छ, "अपार्टमेन्ट तथा संयुक्त आवासका भवन, शपिङ कम्प्लेक्स, व्यापारिक मल, डिपार्टमेन्ट स्टोर आदि ठूला भवनको नक्शा पास गर्दा 'इमर्जेन्सी रेस्पोन्स प्लान' समेत नक्शाका साथ पेश गर्नुपर्नेछ ।" नक्शा पास नै नगरिएको यो भवन 'इमर्जेन्सी रेस्पोन्स प्लान'का हिसाबले कस्तो होला हेर्न बाँकी नै छ ।

बिजनेस कम्प्लेक्सका रूपमा सञ्चालन गर्न खोजिएको यो भवन रहेको जग्गाको स्वामित्व 'त्रिचन्द्र मिलिटरी अस्पताल' सँग छ । मालपोत कार्यालय, डिल्लीबजारको दर्ता श्रेस्ता अनुसार यो जमीनको कुल क्षेत्रफल ११ रोपनी १५ आना २ पैसा १ दाम छ । १७ साउन २०३४ को नापी नक्शामा यसको कुल क्षेत्रफल १२ रोपनी १४ आना ३ पैसा थियो । पछि 'ट्रायल चेक' बाट यसको क्षेत्रफल २१ रोपनी १ आना २ पैसा ३.५ दाम भेटियो र त्यही नै कायम भयो । त्यसबेला पूरै जग्गाको एउटै कित्ता थियो- कित्ता नम्बर १८७ । २५ मंसीर २०५८ मा त्यसमध्ये ९ रोपनी २ आना २.५ दाम जग्गा सरकारले वीर अस्पतालका नाममा नामसारी


**काठमाण्डौ महानगरपालिका महाकालस्थान न्यूरोडमा निर्माणाधिन भवन भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७४/०५/२५ गते)

सैनिक ऐन, २०६३ बमोजिम स्थापना भएको सैनिक कल्याणकारी कोषको लगानीमा काठमाण्डौ महानगरपालिका वडा नं.२२, महाकालस्थान, न्यूरोडमा निर्माणाधिन भवनको कुल क्षेत्रफल ३ लाख १५ हजार वर्गफिट मध्ये साविकको त्रि चन्द्र मिलिटरी अस्पतालले चर्चेको क्षेत्रफल करिब ३० हजार वर्गफिटमा सैनिक कल्याणकारी कोषका हिताधिकारीहरुलाई औषधोपचार सुविधा उपलब्ध गराउने उद्देश्यले कट्टा गरी बाँकी रहन आउने क्षेत्रफल करिब २ लाख ८५ हजार वर्गफीटको, बेसमेन्ट सहित नौ तल्ला भएको व्यवसायिक भवन र भवन परिसरमा निर्माण गरिएको संरचना सहितको पुरै भवन (कम्पाउण्डसहित) मिति २०७४ माघ १ देखि अधिकतम १५ वर्षसम्मको लागि बोलपत्र फाराममा उल्लेखित निर्देशिका एवं देहायका शर्तहरुको अधिनमा रही एउटै व्यक्ति/फर्म/कम्पनी वा संस्थालाई भाडामा दिइने हुँदा इच्छुक व्यक्ति/फर्म/कम्पनी वा संस्थाबाट रितपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१ इच्छुक व्यक्ति/फर्म/कम्पनी वा संस्थाले उक्त भवनको वास्तविक स्वरुप तथा हाल जेजस्तो अवस्थामा रहेको छ सोही अवस्थालाई आधारमानी भाडामा लिनको लागि प्रस्ताव पेश गर्नुपर्ने छ । प्रस्तावित भवनमा अस्पताल वा औषधोपचार सुविधा संचालन गर्न प्रस्ताव गर्ने बोलपत्र दातालाई पहिलो प्राथमिकता प्रदान गरिने छ । बोलपत्र स्वीकृत भएको बोलपत्र दाताले पूरै भवन अरुलाई पुनः भाडामा दिन (Sub-Lease गर्न) सक्ने छैन । तर भवनको केही भाग आफूले उपभोग गरी वा भवनको विभिन्न

भवनलाई व्यापारिक प्रयोजनका लागि भाडामा दिन २५ भदौ २०७४ मा सेनाले आह्वान गरेको बोलपत्र।

गरिदियो, जसमा अहिले राष्ट्रिय ट्रमा सेन्टर छ (नयाँ कायम भएको कित्ता नम्बर १५८३) । बाँकी ११ रोपनी १५ आना २ पैसा १ दाम जग्गा चाहिं त्रिचन्द्र मिलिटरी अस्पतालकै नाममा कायम रह्यो (नयाँ कित्ता नम्बर १५८४) ।

'त्रिचन्द्र मिलिटरी अस्पताल' का नाममा रहेको यो सरकारी जग्गा हो । अस्पतालको स्वामित्वमा हुनु भनेको सेनाको स्वामित्वमै हुनु हो । अर्थात्, सैनिक प्रयोजनको लागि उपलब्ध गराइएको सरकारको जग्गा हो, यो । त्यहाँ लगानी गरेर बिजनेस कम्प्लेक्स बनाउने सैनिक कल्याणकारी कोष चाहिं न सरकारको हो, न सरकार त्यसप्रति जवाफदेही हुन्छ । कल्याणकारी कोष सञ्चालनका लागि छुट्टै 'कल्याणकारी बोर्ड' हुन्छ । कोषका हरेक निर्णय त्यही बोर्डले गर्छ । रक्षा र अर्थ मन्त्रालयका एक-एकजना सहसचिव बोर्डका सदस्य भए पनि त्यहाँ जंगी अड्डाका अधिकृतहरूकै बोलबाला हुन्छ । सरकारी जग्गामा बिजनेस कम्प्लेक्स बनाएर नाफा कमाउने निर्णय त्यही बोर्डले गरेको हो ।

सरकारको निर्णय विना सरकारी जग्गामा 'बिजनेस कम्प्लेक्स' बनाउन मिल्छ ? त्यो जग्गामा सैनिक कल्याणकारी कोषको लगानी गरेर नाफा कमाउन पाइन्छ ? हामीले यो प्रश्न ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष, वरिष्ठ अधिवक्ता श्रीहरि अर्याललाई सोध्यौं । उनको जवाफ छ- "पहिलो कुरा त त्रिचन्द्र मिलिटरी हस्पिटल आफैंमा ऐतिहासिक धरोहर थियो, त्यसलाई भत्काउन मिल्दैनथ्यो । दोस्रो, त्यसलाई भत्काएर व्यापार गर्न त झन् मिल्दै मिल्दैन ।"

सेनाले के गर्न पाउने र के गर्न नपाउने भन्नेबारे लोकतान्त्रिक मुलुकहरूमा स्पष्ट रेखांकन गरिएको भए पनि नेपालमा सरकार र राजनीतिक दलहरू कोही पनि सेनाबारे नबोल्नु मुख्य समस्या भएको उनको निर्क्योल छ । सेनाले गर्न पाउने र नपाउने कामबारे सरकारले स्पष्ट नीति बनाएर लागू गर्नुपर्ने र सामरिक-रणनीतिक विषय बाहेक सरकार र सेनाका सबै विषय पारदर्शी हुनुपर्ने अर्याल बताउँछन् । "पैसाले सेनामा व्यापारको हुटहुटी बढाएको देखिन्छ" उनी भन्छन्, "सेना यसैगरी अघि बढ्दा लोकतन्त्रलाई पनि राम्रो गर्दैन । भोलि पैसाको बलमा सेनाले जे पनि गर्न थाल्यो भने के गर्ने ?"

## प्रमाणपत्रका लागि दौडधूप

प्रथम विश्वयुद्धको विजेता बेलायतले युद्धपछि पुनर्निर्माणका लागि 'पोष्ट वार रि-कन्स्ट्रक्सन फण्ड' खडा गरेको थियो । उसले युद्धको भरपर्दो सहयोगी नेपाललाई उपहारस्वरूप वि.सं. १९८२ मा त्यही 'फण्ड' बाट 'त्रिचन्द्र मिलिटरी हस्पिटल' बनाइदियो । प्रथम विश्वयुद्धमा भाग लिएका र ज्यान गुमाएका नेपाली सैनिकहरूको सम्झनामा निर्मित यही अस्पताल थियो, जसले नेपालमा पहिलो पटक फाइबर अप्टिक इण्डोस्कोपी प्रविधि भित्र्यायो ।

नेपाली सेनाको इतिहाससँग जोडिएको 'त्रिचन्द्र मिलिटरी हस्पिटल' वास्तुकलाको दृष्टिले पनि उत्कृष्ट मानिएको थियो । त्यो समयमा यत्तिको उत्कृष्ट नियो-क्लासिकल वास्तुकला एशियामै नरहेको र ईष्ट-इण्डिया कम्पनीले राजधानी बनाएको कलकत्ताको कारीगरीले पनि काठमाडौंको यो भवनको ईर्ष्या गर्ने कुरा पर्सिभल ल्याण्डनले लेखेका छन्, नेपाल ग्रन्थ मा । यस्तो गौरव बोकेको कलात्मक भवन भत्काएर आधुनिक बिल्डिङ बनाउने तत्कालीन प्रधानसेनापति कटवालको योजना विरूद्ध रथी कुलबहादुर खड्काले 'ऐतिहासिक महत्वको सम्पदा नामेट गर्न नहुने' भन्दै अडान लिएका थिए ।

योजनाको विरोध हुने देखेरै हुन सक्छ, कटवालले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट हतारहतार 'नयाँ अस्पताल भवन' शिलान्यास गराएका थिए । उनले निर्माणको काम भने अगाडि बढाउन सकेनन् । कटवालदेखि जबरासम्मको कार्यकालमा यो भवन बनाउने उक्त क्रममा एक व्यक्ति भने निरन्तर सक्रिय रहे- नरेश बस्न्यात । नेपाली सेनाको प्राविधिक उपरथीबाट अवकाश पाएका बस्न्यात तिनै व्यक्ति हुन्, जसले पछिल्लो समयका सबैजसो सेनापतिलाई विवादमा पारे । २०७१ सालमा मिलिटरी हस्पिटल भत्काइँदा उनी प्रधानसेनापति जबराका दाहिने हात थिए । अस्पताल भनेर भवन बनाउने र त्यसको धेरैजसो भाग भाडामा दिएर वर्षमा रू.३५ करोडभन्दा बढी उठाउने भनी उनैले तयार पारेको खाकामा जबरा कस्सिएर लागेको जंगी अड्डाका एक अधिकृत सुनाउँछन् ।

'त्रिचन्द्र मिलिटरी हस्पिटल' भत्काउँदा त्यो भवन निर्माण भएको ८९ वर्ष पुगेको थियो । केही वर्ष ढिला गरे भवनले पुरातात्विक हैसियत पाउने

र भत्काउन नसकिने हुनाले तत्कालीन सैनिक नेतृत्व हतार-हतार देशको सैनिक इतिहास विनाशमा लागेको थियो । कतिपय सम्पदा पुरातात्विक महत्वका हुनलाई १०० वर्ष पुग्नु पर्दैन, जस्तो- सिंहदरबार, शीतलनिवास (राष्ट्रपति भवन), बहादुर भवन (निर्वाचन आयोग) लगायतका राणाकालीन दरबारहरू । विशिष्ट खालको वास्तुशैलीका र कुनै विशिष्ट कालखण्डको प्रतिनिधित्व गर्ने संरचना पुरातात्विक महत्वको सम्पदा सूचीमा स्वतः पर्न सक्छन् । तर, त्यसका लागि पुरातत्व विभाग सक्षम हुनुपर्छ, जुन हामीकहाँ भएन । विभागले 'त्रिचन्द्र मिलिटरी हस्पिटल' लाई सेनाको सम्पत्ति सम्झेकाले पनि हुनसक्छ, बचाउन सकेन ।

पुरातत्व विभागका प्रवक्ता रामबहादुर कुँवर नेपाली सेनाले १०० वर्ष नपुगेको 'थ्यौरी' लगाएर त्यो भवन भत्काई आफ्नै इतिहासको गौरव नाश गरेको बताउँछन् । भत्काउन नदिन विभागले चाहिं के गर्‍यो त ? कुँवर भन्छन्, "हामीले त भत्काइसकेपछि मात्र थाहा पायौं ।"

जंगी अड्डा अहिले भवन निर्माण सम्पन्नताको प्रमाणपत्रका लागि महानगरपालिकालाई दबाब दिन थालेको छ । सैनिक अधिकृतहरू महानगरपालिका गएर 'कल्याणकारी कोषको लगानी भएकाले ब्यांकिङ प्रक्रियामा जानुपर्ने भो, भवनलाई नियमित गरिदिनुपर्‍यो, निर्माण सम्पन्नताको प्रमाणपत्र पनि दिनुपर्‍यो' भन्न थालेका छन् । महानगरपालिकाका एक अधिकारी भन्छन्, "पहिले नक्शा पास गर्न पटक-पटक ताकेता गर्दा पनि नआउने, अहिले स्वीकृत गर्न दबाब दिनेलाई कसरी सम्पन्नताको प्रमाणपत्र दिने ?"

*प्रकाशित मिति : ३ माघ २०७४, www.cijnepal.org.np*

प्राज्ञिक पतनको नमूना

# बौद्धिक चोरीमा लेक्चरर, रीडर र प्रोफेसर

नियुक्ति र बढुवाका लागि अंक ल्याउन उप-प्राध्यापक, सह-प्राध्यापक र प्राध्यापक समेतले अरूका लेख-रचना र पुस्तकलाई आफ्नो झैं प्रस्तुत गर्ने प्रवृत्ति विश्वविद्यालयहरूमा मौलाएको छ।

प्रमोद आचार्य

२०७० सालमा विश्वविद्यालय अनुदान आयोग (यूजीसी)ले त्रिभुवन विश्वविद्यालय रसायनशास्त्र विभागका प्रा.डा. केदारनाथ घिमिरेलाई बौद्धिक चोरी गरेको आरोपमा कालोसूचीमा राख्यो । तर, दुई वर्ष नबित्दै उनको नाम कालोसूचीबाट हट्‌यो । घिमिरे लगायत तीन जनाको टोलीले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेपछि यूजीसी रक्षात्मक हुनपुग्यो। यूजीसीसँग बौद्धिक चोरीमा कारबाही गर्ने कार्यविधि थिएन, त्यसमाथि उसले समयावधि नतोकी कारबाही गरेको थियो। यसरी प्रक्रिया पूरा नगरेको आधारमा यूजीसी एउटा 'अभियुक्त' सँग 'मिलापत्र' गर्न बाध्य भयो। जतिबेला घिमिरे कालोसूचीमा परेर कारबाही भोगिरहेका थिए त्यसैबेला तत्कालीन सुशील कोइराला सरकारले उनलाई त्रिवि सेवा आयोगमा नियुक्त गर्‍यो ।

उनी कालोसूचीमा पर्नुपर्ने कारण रोचक छ। विश्वविद्यालय अनुदान आयोगबाट अनुसन्धानवृत्ति लिएर घिमिरे लगायतको समूहले 'केमिकल मोडिफिकेसन अफ नेच्युरल पोलिमर्स एण्ड दियर एप्लिकेसन इन बेस्ट/ड्रिङ्‌किङ वाटर' शीर्षकमा अनुसन्धान पेपर तयार पारेको थियो । यसमा घिमिरे आफैंले नेपाल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी (नास्ट) का लागि लेखेको शोधपत्रको केही तथ्यांक जस्ताको तस्तै प्रयोग गरिएको थियो । तर, यो तथ्याङ्क आफ्नो अघिल्लो शोधपत्रबाट लिइएको भनेर कहीं कतै उल्लेख गरिएको थिएन ।

शोधपत्र लेख्ने अरू दुई जना 'विज्ञ' हरूमा त्रिवि रसायनशास्त्र विभागकै प्रा.डा. मेघराज पोखरेल र प्रा.डा. देवबहादुर खड्‌का थिए । घिमिरेसँग मिलेर बौद्धिक चोरी गर्नेमध्येका खड्‌काले अर्को पनि यस्तै काम गरेको प्रमाण फेला परेको छ । नेपाल केमिकल सोसाइटीको सन् २०११ मा छापिएको बुलेटिनमा उनले 'नोबल प्राइज' को प्रेस रिलिज हुबहु सारेका छन्, कहीं कतै स्रोत उल्लेख नगरिकन ।

यसैबीच सेवा आयोगले लिएको उप-प्राध्यापक पदको परीक्षामा अनियमितता भएको भनेर घिमिरेसहित आयोग विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी पर्‍यो । अख्तियारमा बयान दिंदै, सेवा आयोगले विज्ञका रूपमा खटाएका प्राध्यापक रामविश्वास साहले घिमिरेको कर्तुत खोलिदिए । उनले भने "उप-प्राध्यापक पदको परीक्षामा सेवा आयोगका सदस्य प्रा.डा. केदारनाथ घिमिरेले 'अंक थपेर पास गराउनू' भनेर निर्देशन नै दिएका थिए ।"

अख्तियारमा साहले सेवा आयोगका सदस्य घिमिरेबाट 'अंक बढाएर पास गराउन निर्देशन पाएको मौकामा आफूले आफ्ना ज्वाइँ अमरनाथ साहलाई पनि अंक थपिदिएको' साबिती बयान दिएका छन् । यस प्रकरणमा प्रश्नपत्र बनाउने र उत्तरपुस्तिका जाँच्ने दुवै काम गर्ने प्रा.डा. चेतराज भट्ट पनि संलग्न थिए । भट्टले चाहिं प्रश्न मात्रै सारेर हिंडेका परीक्षार्थीलाई पनि अङ्क दिएको भेटिएको थियो ।

अख्तियारको दाबी अनुसार, प्रश्नपत्र निर्माणदेखि उत्तरपुस्तिका परीक्षणसम्मका अनियमिततामा घिमिरेसँगै तत्कालीन सेवा आयोग अध्यक्ष प्रा.डा. ईश्वरचन्द्र दत्त पनि संलग्न थिए । अहिले विशेष अदालतमा यो मुद्दा चलिरहेको छ । सेवा आयोगले २०७२ फागुन र चैतमा लिएको उप-प्राध्यापक पदको लिखित परीक्षा लापरबाहीको टड्कारो नमूना थियो । बदमाशी यतिसम्म गरिएको थियो कि, उत्तरपुस्तिका परीक्षणकर्ताले नै परीक्षा अगावै उत्तर लेखेर परीक्षार्थीलाई वितरण गरेका थिए । सेवा आयोगले त्यतिबेला खुला र विशेष आन्तरिक प्रतिस्पर्धा मार्फत १५०० भन्दा बढी उप-प्राध्यापकको स्थायी पदपूर्तिको परीक्षा लिएको थियो ।

सेवा आयोगमा सहजै हुने यस्ता चलखेल बारे थाहा पाएपछि हामीले त्रिवि र नेपाल संस्कृत विश्वविद्यालयभित्रको बौद्धिक चोरी खोतल्ने प्रयास गऱ्यौं । थुप्रै यस्ता प्राध्यापक, सह-प्राध्यापक र उप-प्राध्यापकसहितका सज्जनहरू भेट्यौं जसले त्यहाँभित्रका कर्तुतहरू बाहिर निकाल्न हामीलाई सहयोग गरे ।

## बौद्धिक चोरीमा प्रोफेसर

भवानीशंकर आचार्य त्रिवि केन्द्रीय व्यवस्थापन विभागका प्रोफेसर हुन् । 'जनरल म्यानेजमेन्ट' अन्तर्गतका विषय पढाउने आचार्यले केही पुस्तक र जर्नलमा लेखहरू पनि प्रकाशन गरेका छन् । त्यसमध्ये एउटा पुस्तकको नाम हो- 'फाउन्डेसन्स अफ ह्यूमन रिसोर्स म्यानेजमेन्ट ।' यो पुस्तकका केही अंश उनले पहिल्यै अरू लेखकहरूले प्रकाशित गरेका पुस्तक तथा 'रिसर्च पेपर'बाट सारेका छन् । ती सामग्रीलाई उनले आफ्नै सिर्जना झैं प्रस्तुत गरेका छन् । थोरै ठाउँमा मात्रै स्रोत उल्लेख गरेका छन् ।

जस्तो कि आचार्यको पुस्तकको पृष्ठ ५ र ६ मा रहेको 'अब्जेक्टिभ्स् अफ एचआरएम' शीर्षकको एउटा खण्डमा लेखक राजकुमारद्वारा लिखित

पुस्तक 'ह्युमन रिसोर्स म्यानेजमेन्टः स्ट्राटेजिक एनालिसिस टेक्स्ट एण्ड केसेज' बाट सारिएको छ । पुस्तकको पृष्ठ ६८ मा लेखिएको 'जब एनालिसिस इन्फर्मेसन' शीर्षकको खण्ड ग्यारी डेस्लर र बिजु वारक्कीद्वारा संयुक्त रूपमा लिखित पुस्तक 'ह्युमन रिसोर्स म्यानेजमेन्ट' बाट सारिएको छ । यी सबच्याप्टरहरूमा कहीं पनि फलानो ठाउँबाट उद्धृत गरिएको भन्ने उल्लेख छैन । तर चलाखीपूर्वक सन्दर्भ सूचीमा चाहिं यी पुस्तकको नाम उल्लेख छ । आचार्यले कतिपय ठाउँमा विषयवस्तुलाई आफ्नो शैलीमा लेख्ने प्रयास गरे पनि बीच-बीचमा पुरानै कृतिको भाषा र शैली छ । कतिपय ठाउँमा उनले एउटा शब्द फेरेर पूरै वाक्य हुबहु सारेका छन् ।

आचार्यले 'अब्जेक्टिभ्स् अफ इण्डष्ट्रियल रिलेसन्स' भन्ने सबच्याप्टर भारतको क्यालिकट विश्वविद्यालयले बीबीएका विद्यार्थीलाई लक्षित गरी तयार गरेको अध्ययन सामग्रीबाट हुबहु सारेका छन् । कहीं पनि 'क्रेडिट' दिएका छैनन् । केही 'सबच्याप्टर' को निष्कर्ष उनले ट्यापोमो डेबद्वारा लिखित पुस्तक 'म्यानेजिङ ह्युमन रिसोर्स एण्ड इण्डष्ट्रियल रिलेसन्स' भन्ने पुस्तकबाट सारेको भेटिएको छ । केही ठाउँमा उनले डेबको वाक्यांशलाई टुक्र्याएर सरल बनाउन चाहिं खोजेका छन् । उनले डा. मन्जुला एचएस र टी मणिचन्दरले संयुक्त रूपमा लेखेको पुस्तक 'म्यानेजमेन्ट अफ दि स्कूल एजुकेशन' बाट पनि केही विषयवस्तु सारेका छन् । यसबारे प्रतिक्रिया लिन खोज्दा आचार्यले केही बताउन चाहेनन् । 'आफू बिरामी भएर आराम गरिरहेको' भन्दै 'पछि भेटेरै कुरा गर्ने' बताए ।

व्यवस्थापन विभागमै पढाउने असिस्टेन्ट प्रोफेसर अच्युत ज्ञवालीले 'फरेन डाइरेक्ट इन्भेष्टमेन्ट इन नेपाल' शीर्षकको आफ्नो जर्नल लेखमा बौद्धिक चोरी गरेका छन् । त्रिवि व्यवस्थापन केन्द्रीय विभागद्वारा प्रकाशित 'दी नेप्लिज म्यानेजमेन्ट रिभ्यू' को २०१३ को संस्करणमा छापिएको लेखमा उनले संयुक्त राष्ट्रसंघद्वारा प्रकाशित 'इन्भेष्टमेन्ट पोलिसी रिभ्यू' मा उल्लिखित निचोडहरूलाई आफ्नै निष्कर्ष जस्तो गरी प्रस्तुत गरेका छन् । 'इन्भेष्टमेन्ट पोलिसी रिभ्यू' को पृष्ठ ५९ मा उल्लिखित विषयवस्तुलाई उनले 'दी नेप्लिज म्यानेजमेन्ट रिभ्यू' मा प्रकाशित आफ्नो अनुसन्धान लेखको निष्कर्ष (पृष्ठ १५१) बनाएका छन् ।

आफ्नो अनुसन्धान लेखमा ज्ञवालीले अन्यत्रबाट पनि सारेको भेटिएको छ । त्रिवि अर्थशास्त्र केन्द्रीय विभागका प्रा.डा. मदनकुमार दाहाल

र इन्स्टिच्यूट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिजका रिसर्च एसोसिएट शंकर अर्यालले 'साउथ एशिया नेटवर्क अफ इकोनोमिक इन्स्टिच्यूट' ले आयोजना गरेको एक सम्मेलनका लागि तयार गरेको कार्यपत्रबाट ज्ञवालीले स्रोत उल्लेख नगरी हुबहु सारेका छन् । त्यस्तै आराधना अग्रवालद्वारा लिखित 'रिजनल इकोनोमिक इन्टिग्रेसन एण्ड एफडीआई इन साउथ एशिया : प्रोस्पेक्ट्स एण्ड प्रब्लम' शीर्षकको कार्यपत्रबाट पनि उनले केही अंश कपी गरेका छन् । यस विषयमा प्रतिक्रिया माग्दा ज्ञवालीले 'आफूले धेरै पहिले तयार गरेको कृति भएकोले यसबारे अहिले केही भन्न नसक्ने' बताए ।

बौद्धिक चोरीको रोग अन्य विभागमा पनि छ । त्रिवि तथ्यांकशास्त्र केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख प्रा.डा. अजयविक्रम स्थापित र शंकरप्रसाद खनाल तथा पाटन क्याम्पसका राशिन्द्रप्रसाद यादवद्वारा संयुक्त रूपमा प्रकाशित 'बिजनेश स्टाटिस्टिक्स्' नामको पुस्तक यसको एउटा उदाहरण हो । यस पुस्तकमा लेखकहरूले विदेशी लेखकका पुस्तक र प्रकाशित 'लेक्चर' हरूबाट विषयवस्तु हुबहु सारेको भेटिएको छ । उनीहरूले डेभिड रे एण्डरसन लगायतले लेखेको 'फन्डामेन्टल्स् अफ बिजनेश स्टाटिस्टिक्स्', ई. धिव्यादिपाद्वारा लिखित 'स्याम्पलिङ टेक्निक्स एन एजुकेशनल रिसर्च' तथा गुगलमा उपलब्ध विभिन्न 'अनअथोराइज्ड वेबसाइट' बाट विषयवस्तु सारेर पुस्तक छपाएका छन् । 'अरू लेखकका पुस्तकबाट हुबहु सार्नुभएको रहेछ, तर स्रोत उद्धृत गर्नुभएको छैन, किन ?' भनेर हामीले लेखकमध्येका स्थापितसँग सोध्यौं । उनले भने "पुस्तक लेख्ने म मात्रै होइन, कसरी यस्तो हुन गयो साथीहरूसँग सोधेर भन्छु ।"

प्रा.डा. मीना वैद्य मल्ल राजनीतिशास्त्र केन्द्रीय विभागकी प्रमुख हुन् । उनले सन् २०१५ मा प्रकाशित 'जर्नल अफ पोलिटिकल साइन्स'को लागि लेखेको 'नेपाल्स प्रब्लम अफ पोलिटिकल कल्चर इन ट्रान्जिसन म्यानेजमेन्ट' शीर्षकको रिसर्च पेपर पनि बौद्धिक चोरीबाट अछुतो छैन । रेफरेन्स लिस्टमा चलाखीपूर्वक केही लेखक र तिनका पुस्तकहरूको सूची दिए पनि उनले आफ्नो लेखमा चाहिं निकै कम ठाउँमा मात्रै स्रोत उद्धृत गरेकी छन् । जस्तो कि उनले लेखको पहिलो प्याराग्राफ नै विष्णुराज उप्रेतीको कार्यपत्र र देवराज दाहालको लेखबाट सारेकी छन् । त्यसमा

स्रोत उल्लेख नगरी आफ्नै जस्तो गरी प्रस्तुत गरेकी छन् । "मैले लेख्ने बेलामा सकेसम्म अरू लेखकका सामग्री समेटेर स्रोत उल्लेख गर्ने प्रयास गरेकी हुँ" मल्लले भनिन् "अन्जानवश त्रुटि हुन गएको होला, आगामी दिनमा सच्याउँछु ।"

अरूले लेखिसकेका लेखका अंशहरू कपीपेस्ट र काँटछाँट गरेर एउटा सिंगो आर्टिकल तयार पारेकी मल्लको लेख झट्ट हेर्दा उनैले अनुसन्धान गरेर लेखेको जस्तै देखिन्छ । तर मसिनोगरी हेरेपछि थाहा हुन्छ त्यो धेरैवटा लेखहरूको अंशको 'जोडजाड' मात्रै हो ।

## जर्नलदेखि पीएचडीसम्म

बौद्धिक चोरीमा आंगिक क्याम्पसका प्राध्यापकहरू पनि संलग्न छन् । विभिन्न विभागले विभिन्न समयमा प्रकाशन गर्ने विभागीय प्रकाशनहरूमा फुटकर लेख प्रकाशित गर्ने प्राध्यापकहरूले पनि यो काम गरेको भेटियो । जस्तो कि त्रिचन्द्र क्याम्पसकी सह-प्राध्यापक डा. कमलमैयाँ प्रधानले 'सिग्निफिकेन्स अफ कल्चरल टुरिजम इन नेपाल' शीर्षकको आफ्नो जर्नल आर्टिकलमा बौद्धिक चोरी गरेकी छन् । त्यसमा 'कल्चरल टुरिजमः ह्वाट इट मिन्स इन नेपाल ?' शीर्षकको सबच्याप्टर सर्लक्कै 'फर्स्ट इन्भायरोमेन्टल ट्रेकिङ प्रा.लि.' को वेबसाइटबाट सारेकी छन् । खोज्दै जाँदा उनको लेखमा एल.के. सिंहद्वारा लिखित 'फन्डामेन्टल्स् अफ टुरिजम एण्ड ट्राभल' शीर्षकको पुस्तकबाट पनि एक प्याराग्राफ सारेको भेटियो ।

ग्रामीण विकास केन्द्रीय विभागले प्रकाशित गरेको 'नेप्लिज जर्नल अफ डेभलपमेन्ट एण्ड रूरल स्टडिज' मा संग्रहित लेख अर्को एउटा उदाहरण हो । त्रिचन्द्र क्याम्पसका कृष्णप्रसाद अम्गाइँले लेखेको 'इम्प्याक्ट अफ कम्युनिटी फरेष्ट्री अन दूधकोशी कम्युनिटी फरेष्ट यूजर ग्रुप चितवन' शीर्षकको जर्नल लेखमा सारांश (एब्स्ट्र्याक) अर्काको सारिएको छ । अम्गाइँले रेशम डाँगी, अनुजा शर्मा, केशव खनाललगायतले लेखेको 'पोटेन्सियल अप्सन्स फर इकोनोमिक एण्ड फाइनान्सियल आस्पेक्टस् अफ फरेष्ट्री सेक्टर' शीर्षकको रिसर्च पेपरबाट सारेको देखिन्छ । उनले नाइजेरियाको 'सतोयम इनिसियटिभ' ले प्रकाशन गरेको 'केस स्टडी बूकलेट' बाट स्रोत उल्लेख नगरिकन अनुच्छेद नै सारेका छन् ।

यस्तो कार्यमा विश्वविद्यालयका पूर्व डीन समेत संलग्न भएको भेटियो । पोखरा विश्वविद्यालयको व्यवस्थापन संकायका पूर्व डीन कर्णवीर पौड्यालले 'इम्फ्लेक्सन इम्प्याक्ट अन स्यालरी ट्याक्स रेट स्टक्चर इन नेपाल' शीर्षकको आफ्नो जर्नल लेखमा 'प्लेजराइज' गरेका छन् । पौड्यालको त्रिवि व्यवस्थापन विभागले २०१३ मा प्रकाशन गरेको 'दि नेप्लिज म्यानेजमेन्ट रिभ्यू' मा संग्रहित सो जर्नल लेखको निष्कर्ष नै अरूको हो । पौड्यालले अर्थशास्त्री रूपबहादुर खड्काद्वारा लिखित 'एन इभ्याल्युएसन अफ दि नेप्लिज इनकम ट्याक्स सिस्टम' शीर्षकको रिसर्च पेपरबाट सो निष्कर्ष सारेका हुन् । खड्काले सन् १९९५ मा नेपाल राष्ट्र बैंकको 'इकोनोमिक रिभ्यू' का लागि लेखेको रिसर्च पेपरको अंश पौड्यालले १८ वर्षपछि आफ्नो लेखमा प्रयोग गरे, त्यो पनि स्रोत उल्लेख नगरिकन ।

पूर्व डीन पौड्यालले यसबारे लामो कुरा गर्न चाहेनन् । उनले भने, "आर्टिकल लेख्ने बेला ठ्याक्कै के भएर यस्तो भयो अहिले म भन्न सक्दिनँ ।"

डा. विष्णुप्रसाद पोखरेल नेपाल संस्कृत विश्वविद्यालयका उप-प्राध्यापक हुन् । सन् २०१६ मा मात्रै संस्कृत विश्वविद्यालयबाटै विद्यावारिधि गरेका पोखरेलको शोधपत्रको शीर्षक 'इम्प्याक्ट अफ वेदान्त अन विलियम बट्लर इट्स पोयम' छ । सो शोधपत्रका अधिकांश विषयवस्तु विभिन्न पुस्तक, जर्नल र 'अनअथोराइज्ड वेब पोर्टल' हरूबाट जस्ताको तस्तै सारिएको छ । पोखरेलले सन् २०१३ मा 'इन्टरनेशनल जर्नल अफ लिटरेचर एन्ड आर्टस्' मा प्रकाशित सरदार एम अनवरूद्दिनको लेख 'इमर्सन्स प्यासन फर इन्डियन थट्स' को अधिकांश विषयवस्तु हुबहु सारेका छन् । यस्तै 'वेदान्त' नामको पुस्तकमा छापिएको स्वामी विरेश्वरानन्दद्वारा लिखित निबन्ध 'अ कम्प्यारेटिभ स्टडी अफ दि कमेन्ट्रिज अन दि ब्रह्मसूत्राज' र स्वामी शिवानन्दद्वारा अनूदित 'भागवत गीता' का केही अंशहरू पनि पोखरेलको शोधपत्रमा उल्लेख छन् । तर, कहीं स्रोत उद्धृत गरिएको छैन ।

पोखरेलले वेदान्त सोसाइटी अफ पोर्टल्याण्ड, अद्वैत वेदान्त केन्द्र, हरेकृष्ण टेम्पल पोर्टल लगायतका थुप्रै 'वेब पोर्टल' हरूबाट विषयवस्तु जस्ताको तस्तै सारेका छन् । सार्न पनि यसरी सारिएको छ, इन्टर

नेटबाट 'टेक्स्ट' कपी-पेस्ट गर्दा अक्सर देखिने 'टाइपोज' (जस्तै अक्षर नमिल्ने, आकार ठूलो सानो हुने, बक्सा बक्सा देखिने) पनि शोधपत्रमा मिलाइएको छैन । यसले गर्दा कैयन् ठाउँमा 'ले आउट' पनि मिलेको छैन । जस्तो कि धेरै ठाउँमा एउटा र अर्को शब्दका बीचमा हुनुपर्ने खाली ठाउँ (स्पेस) छैन । 'तपाईंले त अरूको सामग्री सोभै आफ्नो बनाउने काम गर्नुभएछ' भन्ने प्रश्नमा पोखरेलले भने, "चोरी गर्ने मनसाय होइन मेरो, कुनै मानवीय त्रुटि भएको भए सच्याउन तयार छु ।"

## पीएचडीको फास्ट ट्र्याक

पीएचडी नगरेका उप र सह-प्राध्यापकहरूका लागि नेपाल संस्कृत विश्वविद्यालय पीएचडी गरेर प्राध्यापक बढुवा खाने फास्ट ट्र्याक हो । एमफिल नगरी छोटो समयमै सहज तरीकाले विद्यावारिधि उपाधि पाइने भएकोले प्राध्यापकको दौडमा रहेकाहरू नेपाल संस्कृत विश्वविद्यालयबाट हतारहतार पीएचडी सक्न चाहन्छन् । यस्तो पीएचडी खोज्नेहरूलाई सहयोग गर्न विश्वविद्यालय प्रशासन र शोध निर्देशकहरू पनि तयार हुन्छन् ।

विश्वविद्यालयको प्रावधान अनुसार संस्कृत वाङ्मयसँग सम्बन्धित विषयवस्तु वा शीर्षकमा मात्रै पीएचडी गर्न दिइने भनिए पनि यस बाहिरका विषयमा समेत धमाधम पीएचडी दिने काम भइरहेको छ । २०६४ साल मंसीरमा प्रा.डा. नन्दीशप्रसाद अधिकारी अनुसन्धान केन्द्रका निर्देशक भएपछि यस्तो काम शुरू भएको हो । नेपाल संस्कृत विश्वविद्यालयको अनुसन्धान केन्द्रका एक सदस्यले भने, "नन्दीश सरको पालामा नियम विनियम नै परिवर्तन गरेर सबै विषयलाई पीएचडी दिन थालियो, अहिले भद्रगोल छ ।"

अधिकारीको कार्यकाल पछि फेरि संस्कृत वाङ्मयसँग सम्बन्धित शोध प्रस्तावलाई मात्र पीएचडीको लागि अनुमति दिने नियम बनाइए पनि त्यो पूर्णतः लागू छैन । यसको परिणामस्वरूप संस्कृत विश्वविद्यालयबाट कानून, ग्रामीण विकास, समाजशास्त्र, भूगोल, पत्रकारिता, शिक्षा, व्यवस्थापन जस्ता विषयमा पनि पीएचडी गर्न दिने काम भएको छ । यी विषयको शोधपत्र पढ्दा अधिकांश संस्कृत वाङ्मयसँग कुनै नाता जोडिएको भेटिंदैन, केहीमा चाहिं विषयवस्तु छुवाउन मात्रै त्यसको उल्लेख गरेको देखिन्छ ।

# सिर्जना चोरीको अंकगणित

त्रिभुवन विश्वविद्यालयमा खुला प्रतिस्पर्धाबाट प्राध्यापक तथा सह-प्राध्यापक बन्न २०० पूर्णाङ्कको परीक्षा हुन्छ। जसमा शैक्षिक योग्यताको ८०, अनुसन्धान तथा कृति प्रकाशनको ८०, शिक्षण सेवा अनुभवको २० र अन्तर्वार्ताको २० अंक हुन्छ।

आन्तरिक प्रतिस्पर्धाबाट प्राध्यापक तथा सह-प्राध्यापक बन्नको लागि पनि २०० पूर्णाङ्कको परीक्षा दिनुपर्छ। यसमा प्राध्यापक र उप-प्राध्यापकको लागि शैक्षिक योग्यताको अंक क्रमशः ६० र ६५ हुन्छ। प्राध्यापकको लागि अनुसन्धान तथा कृति प्रकाशनको ३२ अंक छ भने सह-प्राध्यापकको लागि २७ अंक छ। प्राध्यापक र सह-प्राध्यापक दुवै पदको लागि शिक्षण सेवा अनुभवको ८०, कार्यसम्पादन मूल्यांकनको ८ र अन्तर्वार्ताको २० अंक हुने व्यवस्था छ।

उप-प्राध्यापक बन्नका लागि जम्मा २०० पूर्णाङ्कमध्ये अनुसन्धान तथा कृति प्रकाशनको लागि २२ अंक छुट्याइएको हुन्छ। तर विशेष आन्तरिक खुला प्रतिस्पर्धाबाट उप-प्राध्यापक छनोटको परीक्षामा भने अनुसन्धान र कृतिलाई १५ अंक छुट्याइएको हुन्छ।

अंक विभाजन व्यवस्था अनुसार विद्यावारिधि गरेको व्यक्तिले खुला प्रतिस्पर्धा मार्फत प्राध्यापक वा सह-प्राध्यापकको परीक्षामा सहभागी हुँदा स्वतः ६ अंक पाउँछ भने शोधपत्रको गुणस्तर हेरेर बढीमा ३० अंक पाउन सक्छ। आन्तरिक प्रतिस्पर्धाबाट प्राध्यापक वा सह-प्राध्यापकको परीक्षामा शामेल हुँदा उसले स्वतः ६ अंक पाउँछ भने बढीमा १२ अंक पाउन सक्छ।

अंक विभाजनको यो व्यवस्था अनुसार कृति बुझाएकै भरमा अंक पाउन सकिने तर ती कृतिहरूको मौलिकता परीक्षण नगरिने हुँदा नक्कली सिर्जना उत्पादन गर्ने अपराध बढ्दो छ।

---

विश्वविद्यालयमा पढाइ नै नहुने विषयमा अन्यत्रबाट 'विज्ञ' झिकाएर गराइएका यस्ता पीएचडीले पीएचडीधारीलाई आफ्नो नामको अगाडि 'डा.' थप्न बाहेक शोध अनुसन्धानको क्षेत्रमा कुनै योगदान पुऱ्याउने देखिंदैन ।

त्रिविबाट स्नातकोत्तर गरेका, त्रिविअन्तर्गतकै क्याम्पस या विभागमा अध्यापनरत व्यक्तिहरूले त्रिविकै सेवासुविधा खाएर पीएचडी गर्न चाहिं नेपाल संस्कृत विश्वविद्यालय रोज्नुले पनि यो मात्रै डिग्रीका लागि हो भन्ने स्पष्ट हुन्छ ।

यसको रहस्य खोल्दै त्रिवि नेपाली केन्द्रीय विभागका प्रा.डा. लक्ष्मणप्रसाद गौतम भन्छन्, "पहिलो कारण हो, सहजै डिग्री ।" उनी भन्छन्, "संस्कृत विश्वविद्यालयमा भन्दा त्रिविमा पीएचडी गर्न अलिक कठिन छ । त्यसैले नामको अगाडि डा. झुण्ड्याउन र त्रिवि सेवा आयोगमा पीएचडी गरेबापतको अंक सुरक्षित गर्न चाहनेहरू संस्कृत विश्वविद्यालयबाट पीएचडी गर्न खोज्छन् ।" गौतमको यो भनाइमा संस्कृत विश्वविद्यालयका अनुसन्धान निर्देशक डा. काशीनाथ न्यौपाने पनि सहमत छन् । उनी भन्छन्, "प्राध्यापक बन्न खोज्नेलाई पीएचडी गरेपछि नम्बर थपिने र सहज देखेर होला यहाँ पीएचडी गर्न आउँछन् ।"

प्राज्ञिक दुनियाँमा सामान्य प्रचलन के छ भने आफ्नो विश्वविद्यालयमा जुनजुन विषयमा स्नातकोत्तर तहमा पढाइ हुन्छ विश्वविद्यालयले ती विषयमा मात्रै पीएचडी गराउने गर्दछन् । आफूकहाँ पढाइ नै नहुने विषयमा पीएचडी उपाधि दिनु प्रक्रिया र विषयवस्तु मात्र होइन आधिकारिकताका दृष्टिले पनि झारा टार्ने काम मात्रै हो ।

नेपाल संस्कृत विश्वविद्यालयबाट २०४४ सालदेखि २०७२ सालसम्म १३३ जनाले पीएचडी गरेका छन् । यस्तै ३७ जनाको शोधपत्र मूल्यांकनको चरणमा छ भने २२६ जनाको शोधपत्र लेखन चलिरहेको छ ।

## 'अरूका कृति, आफू प्रोफेसर'

अरूको कृतिको अंश चोरेर पुस्तक लेख्नु र पीएचडी गर्नुका पछाडिका कारण अनेक छन् । त्रिवि सेवा आयोगको व्यवस्थाअनुसार उप-प्राध्यापक, सह-प्राध्यापक र प्राध्यापक बन्न लिइने परीक्षामा 'पीएचडी शोधपत्र, पाठ्यपुस्तक, सन्दर्भ ग्रन्थ, लेख, रचना तथा अन्य अनुसन्धानात्मक प्रतिवेदन लेखेबापत' निश्चित अंक सुरक्षित गर्न सकिन्छ । यस कारण अध्ययन र अनुसन्धानमा रूचि र क्षमता नभएका तर प्राध्यापक बन्न इच्छुक उप-प्राध्यापक र सह-प्राध्यापकहरूलाई बढुवा हुन यो सजिलो बाटो भएको छ ।

"पीएचडी शोधपत्र र पुस्तक प्रकाशन गर्नेवित्तिकै सेवा आयोगको परीक्षामा केही नम्बर सुरक्षित गर्न सकिन्छ" त्रिवि समाजशास्त्र विभागका प्राध्यापक मधुसूदन सुवेदी भन्छन्, "आयोगले त्यस्ता पुस्तक र लेख-रचनाहरूको वैधता परीक्षण नगर्ने भएकाले अरूका कृतिलाई आफ्नो नाममा प्रकाशन गर्ने, नम्बर सुरक्षित गर्ने र प्रोफेसर बन्ने होड नै चलेको छ ।"

बौद्धिक चोरी गरेर कृति प्रकाशन र नम्बर सुरक्षित गर्ने त्यस्ता व्यक्तिहरूले छापेका नक्कली पुस्तक र जर्नल लेखहरू बजारमा कहींकतै पाइँदैनन् । बजारमा पुगे चोरी गरेको अरूले थाहा पाउने डरले यस्ता 'लेखक' हरूले सेवा आयोगलाई जति चाहिन्छ त्यति प्रति मात्र छपाउँछन् र बुझाउँछन् । यो मामिलाका एकजना जानकार भन्छन्, "सेवा आयोगको परीक्षा मिति तोकिनुभन्दा पहिल्यै उनीहरूले आईएसबीएन नम्बर लिन्छन् । जब सेवा आयोगको परीक्षा मिति नजिकिन्छ हतारहतारमा प्रकाशकको नाम समेत नक्कली राखेर केही प्रति छपाउँछन् र आयोगमा बुझाउँछन् ।"

जानकारहरूका भनाइमा, आयोगमा बुझाइएका प्रकाशनहरूको वैधता परीक्षण नगरिने र नम्बर पाइने हुनाले कतिपयले त गेसपेपर र गाइड कभरमा नै आफ्नो नाम राखेर पेश गरेका हुन्छन् । कतिपय चलाख व्यक्तिले त आफ्नै पीएचडी शोधपत्रलाई पुस्तकको रूप र आकार दिएर पुस्तक र शोधपत्र दुवैको नम्बर हात पार्छन् । "सेवा आयोगमा कसले के बुझायो अरूलाई थाहै हुँदैन" प्राध्यापक सुवेदी भन्छन्, "सेवा आयोगका व्यक्ति र विज्ञ भन्नेहरूको टोलीलाई प्रभावमा पार्न सकियो भने सजिलै प्रोफेसर बनिहालिन्छ ।"

त्रिभुवन विश्वविद्यालयमा २०३१ सालदेखि २०७० सालसम्म सबैभन्दा धेरै मानविकी संकायतर्फ ४३९ जनाले विद्यावारिधि गरेका छन् ।

## कुरा चर्को, काम शून्य

बौद्धिक चोरीको विषय धेरथोर बहसको विषय बने पनि यसलाई निरूत्साहित र नियन्त्रण गर्न विश्वविद्यालयबाट कुनै पहल भएको देखिन्न । झण्डै एक वर्ष अगाडि 'त्रिविमा थेसिसको खरीदबिक्री' खोज रिपोर्ट आएपछि त्रिविले अनुगमन समिति बनाएको थियो । तर, सो समितिले कामै नगरेको त्रिभुवन विश्वविद्यालयकी रेक्टर प्रा.डा. सुधा त्रिपाठीले बताइन् । "कसरी

नियन्त्रण गर्न सकिएला भन्ने बारेमा तथ्यमा आधारित सुझाव लिन समिति बनाइयो" त्रिपाठीले भनिन्, "समितिले कत्ति पनि काम गरेन, अब अर्को समिति बनाउनुपर्छ कि भन्ने सोचेकी छु ।" त्रिविले प्रा.डा. भीम सुवेदीको संयोजकत्वमा तीन सदस्यीय अनुगमन समिति बनाएको थियो ।

विश्वविद्यालय अनुदान आयोग (यूजीसी) पनि बौद्धिक चोरी नियन्त्रणको पहल गर्न उदासीन छ । कार्यविधिको अभावमा दोषीले उन्मुक्ति पाइरहेको भन्ने यूजीसीले ६ महीना अघि नै त्यस्तो कार्यविधि तयार पारेको भए पनि अहिलेसम्म पारित गरेको छैन । "तयार भइसकेको कार्यविधिमा हस्ताक्षर गर्न मात्रै बाँकी छ" यूजीसीका अनुसन्धान निर्देशक दीपककुमार खड्काले भने, "खै किन हस्ताक्षर हुन नसकेको हो, मैले नै बुझ्न सकेको छैन ।"

विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव प्रा.डा. देवराज अधिकारी 'कार्यविधि छिट्टै आउने' भनेर उम्किए । यस बीचमा पटकपटक यूजीसीको 'एकेडेमिक कमिटी' र 'बोर्ड कमिटी' को बैठक बसे पनि बौद्धिक चोरी नियन्त्रण कार्यविधि पारित गर्ने एजेण्डा बैठकमा समावेश गरिएको छैन । यूजीसी र त्रिवि केन्द्रीय पुस्तकालयले 'एन्टी प्लेजरिजम सफ्टवेयर' ल्याउने गफ गरे पनि खरीद प्रक्रिया अघि बढाएको देखिंदैन । विश्वविद्यालयभित्र मौलाएको बौद्धिक चोरी सम्बन्धमा त्रिवि उपकुलपति प्रा.डा. तीर्थ खनियाँ भन्छन्, "यो विश्वव्यापी समस्या हो । उपयुक्त कानून र संरचना नभएकोले नियन्त्रण गर्न कठिन भइरहेको छ ।"

*प्रकाशित मिति : ३१ साउन २०७४, www.cijnepal.org.np*

# हावादारी घोषणापत्र

## कांग्रेस, एमाले-माओवादी घोषणापत्रका आर्थिक बुँदाको ‘फ्याक्ट चेक’

- पाँच वर्षमा गरीबलाई परिचयपत्र दिन नसक्ने मुलुकमा १० वर्षमा गरीबी नै समाप्त पार्ने घोषणा।
- प्रत्येक वर्ष रु.१० अर्ब ६४ करोडको हरियो सागसब्जी मात्रै आयात गरिरहेको मुलुकबाट ‘पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याइने’ घोषणा।
- पाँच लाख पर्यटक भित्र्याउन महीनाको २५०० वटा फ्लाइट चाहिन्छन्। अहिलेको क्षमतामा तेब्बर वृद्धि गर्नुपर्ने हुन्छ। त्यसका लागि एअरपोर्ट नै थप्नुपर्ने हुन्छ।
- विद्युत् विकास विभागका अनुसार १०६ वर्षमा नेपालमा कुल विद्युत् उत्पादन ९०७ मेगावाट पुगेको छ। तर, दलहरूका चुनावी घोषणापत्रले भन्छन्, ‘आगामी १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गरिनेछ।’

सुदर्शन सापकोटा

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनलाई लक्षित गरेर दलहरूले चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् । आगामी पाँच वर्षका लागि चुनिने उम्मेदवारहरू २०९९ सालसम्मको योजना बोकेर निर्वाचन क्षेत्र छिरेका छन् ।

देशका प्रमुख शक्ति भनिएका नेपाली कांग्रेस र गठबन्धन गरेर चुनावमा होमिएका नेकपा एमाले र माओवादीका घोषणापत्रका कार्यक्रम कार्यान्वयन गर्न सकिने सम्भावना भन्दा धेरै टाढा छन् । घोषणापत्रका कतिपय कार्यक्रम त पूरै हावादारी देखिन्छन् ।

घोषणापत्रमा चर्को नारा र हावादारी योजना धेरै घुसाउनेमा कांग्रेसभन्दा वामपन्थीहरू अगाडि मानिन्छन् । यसपटक पनि अनुपात उस्तै छ, यद्यपि कतिपय कार्यक्रममा कांग्रेसले वामपन्थीहरूलाई समेत उछिन्न खोजेको छ । यहाँ नेपाली कांग्रेस र एमाले–माओवादी घोषणापत्रका आर्थिक बुँदाहरूको 'फ्याक्ट चेक' गरिएको छ ।

## आर्थिक वृद्धि

वाम गठबन्धनको घोषणापत्रमा भनिएको छ, "आगामी पाँच वर्षभित्र नेपाललाई विकासशील राष्ट्रको पंक्तिमा पुऱ्याइनेछ । १० वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ५ हजार अमेरिकी डलर पुग्ने गरी आर्थिक वृद्धिलाई १० प्रतिशतभन्दा माथि पुऱ्याउने राष्ट्रिय अर्थतन्त्र निर्माण गरिनेछ ।" पृष्ठ १३

घोषणापत्रको यो प्रक्षेपण सुन्दा जति मीठो छ, वास्तविकता त्यति नै हावादारी । अहिले नेपालीको प्रतिव्यक्ति आय ८६२ डलर छ । १० वर्षअघि प्रतिव्यक्ति आय ५०० डलर थियो । ३६२ डलर आम्दानी बढ्न १० वर्ष लागेको मुलुकमा वाम गठबन्धनले पाँच वर्षभित्र ४१३८ डलर बढाएर ५ हजार डलर पुऱ्याउने घोषणा गरेको छ ।

१० वर्षमा बढेको कुल ३६२ डलर नै प्रत्येक वर्ष बढ्यो भने पनि १० त के पाँच वर्षमा पनि ५ हजार डलर पुग्दैन । तर के १० वर्षमा बढेको कुल आय प्रत्येक वर्ष त्यही अनुपातमा वृद्धि गर्न सम्भव छ ?

प्रतिव्यक्ति आयमा नेपाली कांग्रेस केही व्यावहारिक देखिन खोजेको छ । उसको घोषणापत्रमा भनिएको छ, "प्रतिव्यक्ति औसत आय १ लाख ५० हजारभन्दा बढी हुने गरी अर्थतन्त्रलाई गतिशील बनाइने छ ।"

अहिले ८६२ डलरको आयलाई १ डलर बराबर १०३ रूपैयाँका दरले

हिसाब गर्दा ८८ हजार ७८६ रूपैयाँ हुन्छ । यसलाई डेढ लाख रूपैयाँ पुऱ्याउन ६१ हजार २१४ रूपैयाँ अपुग हुन्छ । अहिलेकै वृद्धिदरले १० वर्षमा डेढ लाख रूपैयाँ पुऱ्याउन गाह्रो छ । तैपनि केही पूर्वाधारका काम भए भने यो पुग्न सक्छ ।

तर प्रतिव्यक्ति आय बढाउने वाक्य लेख्दै गर्दा नेपाली कांग्रेसले अगाडि लेखेको छ, "आगामी पाँच वर्षभित्र नेपाली अर्थतन्त्रको आकार प्रचलित मूल्यमा ५० खर्ब रूपैयाँ पुऱ्याइने छ ।" *पृष्ठ ३२*

नेपालको अर्थतन्त्रको आकार आर्थिक वर्ष २०७३/७४ मा ६.९ प्रतिशतले बढेर बल्ल रू.२२ खर्ब ९३ अर्ब पुगेको छ । रू.२३ खर्ब पनि नपुगेको अर्थतन्त्रलाई कांग्रेसले पाँच वर्षमा रू.५० खर्बको पुऱ्याउने सपना बाँडेको छ । यसका लागि उसले ७ देखि १० प्रतिशतले आर्थिक वृद्धि गर्ने घोषणा गरेको छ । नेपालको अहिलेसम्मको औसत आर्थिक वृद्धिदर ४ प्रतिशतभन्दा केही तल (साढे तीन प्रतिशतभन्दा माथि) छ ।

कांग्रेसको अधिकतम लक्ष्य १० प्रतिशतकै दरले नेपालको आर्थिक वृद्धि भयो भने पनि पाँच वर्षमा अर्थतन्त्रको आकार रू.५० खर्ब पुग्दैन ।



रू.२२ खर्ब ९३ अर्बको अर्थतन्त्रको आकार वर्षेनि १० प्रतिशतले बढ्दा पाँच वर्षमा जम्मा रू.३७ खर्बको मात्रै हुन्छ ।

अब १० प्रतिशतको आर्थिक वृद्धि सम्भव छ त ? पूर्व अर्थसचिव रामेश्वर खनाल भन्छन्, "घोषणापत्र लेख्नका लागि मात्र लेखिएको हुन्छ । भोलि जितेर सरकार बनाउँदा त्यसलाई कार्यान्वयन गर्नुपर्छ भनेर नसोचिएपछि जे लेखिदिए पनि हुन्छ । दलहरूले गरेका त्यही हुन् ।"

एमाले माओवादी गठबन्धनको घोषणापत्रमा भनिएको छ, "आर्थिक वृद्धिसँगै उच्च प्रतिव्यक्ति आयका कारणबाट निरपेक्ष गरीबीको रेखामुनि रहेका जनतालाई त्यो अवस्थाबाट मुक्त गरिनेछ । यस शताब्दीको अन्त्य अर्थात् २०९९ सालसम्म नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने गरी आर्थिक र सामाजिक विकासका योजना र कार्यक्रमहरू अगाडि बढाइनेछन् ।" *पृष्ठ १३*

यो कति सम्भव छ भनेर हेरौं । अहिले कुल जनसंख्याको २१.६ प्रतिशत जनता गरीबीको रेखामुनि छन् । दिनको एक अमेरिकी डलर पनि नकमाउने मानिस गरीबीको रेखामुनि भएको मानिन्छ । घोषणापत्र अनुसार, वाम गठबन्धनको सरकार बने १० वर्षभित्र कुनै पनि जनता गरीबीको रेखामुनि हुने छैनन् ।

२०६८ को जनसंख्यालाई आधार मान्दा नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ छ । यसको २१.६ प्रतिशत जनता गरीबीको रेखामुनि हुनुको अर्थ हो ५७ लाख २२ हजार ८१२ जना मानिस गरीबीको रेखामुनि छन् । नेपालमा गरीबलाई परिचयपत्र बाँड्ने भनेर बनाएको योजना कार्यान्वयन गर्न नसकेको पाँच वर्ष नाघिसकेको छ । तर, वाम गठबन्धनको योजना भने १० वर्षमा मुलुकमा गरीब नै नरहने अवस्थाको सिर्जना गर्ने भन्ने छ ।

कांग्रेसले पनि १० वर्षमै गरीबीको रेखामुनि रहेको जनसंख्यालाई ३ प्रतिशतमा झार्ने घोषणा गरेको छ । जबकि २०६०/६१ मा ३१ प्रतिशत रहेको गरीबी १२ वर्षमा बल्लतल्ल २१.६ प्रतिशतमा मात्रै आइपुगेको छ ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा राष्ट्र बैंकका पूर्व गभर्नर डा. युवराज खतिवडा भन्छन्, "सार्वजनिक खपतका लागि लेखिएका छन् घोषणापत्र । के सम्भव छ, के छैन भनेर सामान्य कुरा पनि विचार नगरी घोषणापत्र तयार गर्दा धेरै कुरा हावादारी देखिन्छन् ।"

## आधारभूत खाद्यान्न

अब नेपाली कांग्रेस र वाम गठबन्धनको अर्को घोषणा हेरौं । कांग्रेसले पाँच वर्षभित्र नेपाललाई मासु, माछा, दुग्ध पदार्थ, फलफूल, मह, स्याउ, च्याउ, चिया, कफी, अदुवा र तरकारीको खुद निर्यातकर्ता मुलुकको रूपमा उभ्याइने घोषणा गरेको छ । *पृष्ठ ३४*

वाम गठबन्धनको घोषणापत्रमा त दुई वर्षभित्रै 'नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अण्डा र दूधमा आत्मनिर्भर बनाइने र पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याइने' उल्लेख छ । *पृष्ठ १४*

अब वास्तविकतातिर फर्कौं । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७३/७४ को विवरण अनुसार, एक आर्थिक वर्षमा नेपालमा रू.९ खर्ब ९० अर्ब ११ करोडका वस्तुहरू आयात भएका छन् । यसमध्ये हरियो सागसब्जी मात्र रू.१० अर्ब ६४ करोडको आयात भएको छ । चिया रू.७ करोड ८४ लाख, धान-चामल रू.२३ अर्ब ६० करोड, जीवित पशुपक्षी रू.२ अर्ब १६ करोड, फलफूल रू.४ अर्ब ९४ करोड, रासायनिक मल रू.१ अर्ब ८ करोड र कृषि औजार रू.१५ अर्ब २० करोडको आयात भएको छ ।

तरकारी र धानमै हामी धेरै पैसा भारत पठाइरहेका छौं । सरकारले नेपालका किसानलाई सहुलियत व्याजदरमा ऋण दिएर व्यावसायिक उत्पादन शुरू गर्न अभियान नै चलाइरहेको छ । १० प्रतिशत व्याजमा कृषि ऋण उपलब्ध छ, यसमध्ये पाँच प्रतिशत व्याज सरकारले तिरिदिन्छ । तैपनि कृषि उत्पादनमा वृद्धि हुनसकेको छैन । खेतहरू मासिइरहेका छन् । सरकारी अनुदान र 'एक गाउँ एक उत्पादन' नीति लिंदा पनि कृषि उत्पादन घटेर आयात गरिरहनु परेको छ । यो परिस्थितिमा लोकतान्त्रिक र वामपन्थी दलहरूले 'आधारभूत खाद्यान्न निर्यात गर्ने' घोषणा गरेका छन् ।

## रेल र बाटो

कांग्रेस र वाम गठबन्धनको सबैभन्दा चर्चित घोषणा रेल मार्ग हो । दुवै गठबन्धनले रेललाई प्राथमिकतामा राखेका छन् । पहिले वाम गठबन्धनको रेल कुदाउने योजना हेरौं ।

"आगामी पाँच वर्षमा पूर्व-पश्चिम राजमार्गको समानान्तर तीव्र गतिका विद्युतीय रेल सञ्चालन गरिनेछ । यसै अवधिमा रसुवागढी-काठमाडौं-

पोखरा-लुम्बिनी विद्युतीय रेलमार्ग निर्माण गरिनेछ । आगामी पाँच वर्षमा राजधानी उपत्यकाका चक्रपथहरूमा आवश्यक गतिको रेल सञ्चालन गरिनेछ । काठमाडौं र वीरगञ्जलाई जोड्ने रेलमार्ग निर्माण कार्य अघि बढाइनेछ । काठमाडौं लगायत अन्य मुख्य शहरहरूमा सम्भाव्यता हेरी मेट्रो र मोनोरेल, ट्राम र अत्याधुनिक सार्वजनिक यातायात सञ्चालन गरिनेछ । स्थानीय तहमा चक्रपथको सम्भाव्यता अध्ययन गरी निर्माण आरम्भ गरिनेछ । राजधानी काठमाडौंलाई छिमेकी मुलुकका रेलमार्ग सञ्जालसँग तथा राजधानीलाई सबै प्रादेशिक केन्द्रहरूसँग द्रुतमार्गहरूद्वारा जोडिनेछ । प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी प्रदेश केन्द्रहरूलाई जिल्ला सदरमुकाम तथा स्थानीय तहका केन्द्रसँग आधुनिक यातायात सञ्जालद्वारा जोडिनेछ ।" *पृष्ठ १८*

कांग्रेस पनि घोषणामा पछि परेन । उसको घोषणापत्रमा भनिएको छ "तराईका सबै भागहरू रेल यातायातबाट जोडिने सम्भावनालाई मूर्तरूप दिने रणनीति कार्यान्वयन गरिनेछ । आगामी पाँच वर्षभित्र पूर्वपश्चिम रेलमार्गको कम्तीमा २०० किलोमिटर खण्ड निर्माण गरिनेछ । चिनियाँ सीमानादेखि काठमाडौं उपत्यकाहुँदै दक्षिण भारतीय सीमानासम्म रेल मार्ग आगामी १० वर्षभित्र निर्माण सम्पन्न गर्ने गुरूयोजना तयार गरिनेछ ।" *पृष्ठ ४५*

अब वास्तविकतामा फर्कौं । के पाँच वर्षभित्र यति लामो दूरीको अत्याधुनिक रेल मार्ग तयार होला ? सबैभन्दा बढी रेल सञ्जाल रहेको भारतमा २०० किलोमिटर लिक बिछ्याएर साधारण डिब्बा दौडाउन पाँच वर्ष लाग्ने गरेको छ । घरेलु उदाहरण हेर्न पाँच वर्षमा चक्रपथमा रेल कुदाउने विषयलाई कोटेश्वर कलङ्की ८ लेनको सडकसँग तुलना गरौं । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार पाँच वर्षमा जम्मा ९ किलोमिटरको यो सडक सक्न मुश्किल परिरहेको छ । जबकि, यो नयाँ सडक निर्माण होइन, पहिलेदेखि चलिरहेको सडकको विस्तार हो ।

दलहरूले नेपालमा परिकल्पना गरेको रेल चानचुने रेल होइन । यो त तीव्र गतिमा दौडने विद्युतीय रेलको कुरा हो । चल्तीको भाषामा यसलाई 'बुलेट ट्रेन' भनिन्छ । भारतमा पनि नरेन्द्र मोदीले अहमदावाददेखि मुम्बईसम्म बुलेट ट्रेन कुदाउने योजना दुई वर्षअघि राष्ट्रिय बजेटमा राखेका थिए । जापान सरकारको सहायतामा बनाउन लागिएको यो रेल

सेवाको लिक ५०८ किलोमिटरको हुनेछ । यसलाई सन् २०२२ सम्ममा सक्ने योजना छ । सन् २०१५ मै सात वर्षमा सक्ने लक्ष्य राखिएको यो योजना अझै अगाडि बढेको छैन ।

दलहरूले घोषणापत्र मार्फत नेपालमा कुदाउन लागेको रेललाई बिजुली पनि चाहिन्छ । त्यसैले रेल कुदाउने भन्नासाथ ठूला विद्युत् आयोजना पनि बनाउनुपर्ने हुन्छ । ती रेलले कति बिजुली खपत गर्छन् भन्ने अध्ययन त परको कुरा भयो, रेलका लागि भौगोलिक अवस्था के कस्तो छ भनेर साधारण अध्ययन समेत भएको छैन । तर दलका घोषणापत्रहरूले एक/दुई ठाउँमा मात्रै रेल कुदाउने कुरा गर्दैनन् । पूर्वदेखि पश्चिम, उत्तरदेखि दक्षिणसम्म रेलको जालो हुने घोषणा गरिएको छ । घोषणापत्र अनुसार, मुलुकका साना-ठूला शहरभित्र त रेलैरेल हुनेछन् ।

भारतकै उदाहरणलाई हेरेर भन्न सकिन्छ नेपालमा पाँच वर्षमा रेल त आउँदैन, राम्ररी सम्भाव्यता अध्ययन मात्रै भयो भने पनि ठूलो कुरा हुनेछ ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष मीनबहादुर श्रेष्ठ भन्छन्, "आफ्ना योजना र घोषणापत्रका बारेमा जवाफदेही हुनु नपर्दा दलहरूले पूरा गर्नै नपर्ने धेरै ठूला ठूला कुरा गर्ने मौका पाएका हुन् । मतदाताले पनि घोषणापत्रलाई 'मजाक' कै रूपमा लिएको देखिन्छ ।"

## बिजुली उत्पादन

दलहरूले घोषणापत्रमा बिजुली उत्पादनमा पनि राम्रै 'गफ' दिएका छन् । एमाले-माओवादीको घोषणापत्रमा भनिएको छ, "आगामी १० वर्षमा जल, जैविक, सौर्य, वायु, फोहोर प्रशोधन र अन्य वैकल्पिक माध्यमबाट १५ हजार मेगावाट विद्युत् उत्पादन गरिनेछ । विद्युत्को उच्च खपत हुने उद्योगहरू, यातायात प्रणाली र गार्हस्थ्य उपभोगको माध्यमबाट विद्युत्को आन्तरिक खपत प्रतिव्यक्ति र प्रतिघन्टा ११० किलोवाटबाट बढाएर १० वर्षमा १५०० किलोवाट पुऱ्याइनेछ । आन्तरिक खपतबाट बचेको उत्पादित ऊर्जा निर्यात गर्न प्रसारण लाइनहरू निर्माण गरिनेछ ।" *पृष्ठ १६*

कांग्रेसको घोषणापत्रमा पाँच वर्षभित्र कुल पाँच हजार मेगावाट बिजुली उत्पादन गर्ने उल्लेख छ ।

अब वास्तविकतामा फर्कौं । फर्पिङ जलविद्युत् आयोजना नेपालको पहिलो विद्युत् आयोजना हो । १०६ वर्ष अघि यो पुरानो आयोजना

आएपछि आजसम्म नेपालमा कुल विद्युत् उत्पादन एक हजार मेगावाट पुगेको छ । १३ कात्तिक २०७४ सम्म नेपाल विद्युत् प्राधिकरणले ३५ सय मेगावाट विद्युत्को खरीद सम्झौता गरेको छ । यो बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिन पाँच वर्षसम्म लाग्छ ।

खरीद सम्झौतापछि आयोजनाहरूले लगानी जुटाउनुपर्ने हुन्छ । ऋणका लागि बैंकहरूसँग कुराकानी गर्नुपर्छ । लगानी जुटाएपछि मात्र आयोजना निर्माणको चरणमा जाने हुन् । त्यसैले आयोजना बनाउँछु भनेर मात्र पुग्दैन । त्यसका लागि लगानीको स्रोत पनि आवश्यक पर्छ । ठूलो मात्रामा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनुपर्छ ।

१५ हजार मेगावाट बिजुली उत्पादन गर्न खुद्रे आयोजना निर्माण गरेर हुँदैन । ठूला आयोजना निर्माण गर्न नेपालको आफ्नो 'स्वार्थ' ले मात्रै सम्भव छैन । २४ वर्षदेखि १० हजार ४०० मेगावाटको पञ्चेश्वर आयोजना अड्किएर बसेको छ । ९०० मेगावाटको अरूण तेस्रो १९ वर्षपछि बल्ल अगाडि बढ्दैछ ।

प्रमुख दलका यसअघिका घोषणा र तिनको कार्यान्वयन अवस्था हेरौं । २०६४ सालको चुनावमा दलहरूले १० हजार मेगावाट बिजुली उत्पादन गर्ने घोषणा गरेका थिए । त्यसवेला मुलुकमा ४०० मेगावाट बिजुली उत्पादन हुन्थ्यो । १० वर्षपछि बढेर ९०७ मेगावाट पुगेको छ ।

नेपाली कांग्रेसले विद्युत् बजारका लागि अर्को पनि योजना सार्वजनिक गरेको छ : "कम्तीमा ४०० केभी क्षमताका पाँच वटा अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गरिनेछ । पाँच वर्षभित्र पूर्व-पश्चिम उच्च भोल्टेज क्षमताको १०५० किलोमिटर ट्रङ प्रसारण लाइन निर्माण सकिनेछ ।" *पृष्ठ ४३*

पहिले कांग्रेसको घोषणापत्र आएर त्यसपछि वाम गठबन्धनले घोषणापत्र लेखेको भए यो वाक्यांश ठीक छ । नत्र यसलाई हटाऔं । वाम गठबन्धन किन पछाडि पर्थ्यो र ? उसले घोषणा गरेको छ, "सरकार बनेको पहिलो वर्षमै पूर्व-पश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण शुरू गरिनेछ । आगामी पाँच वर्षमा कर्णाली, गण्डकी र कोशी करिडोर तथा मध्यपहाडी पुष्पलाल राजमार्गको समानान्तर उच्च क्षमताका प्रसारण लाइन जडान गरिनेछ । शहर र ग्रामीण क्षेत्रमा प्रयोग हुने सम्पूर्ण विद्युत्

प्रसारण लाइन भूमिगत गराइनेछ । आगामी तीन वर्षमा मुलुकको सबै भागमा विद्युतीकरण गरिनेछ ।" *पृष्ठ १६*

यसमा धेरै भनिरहनै पर्दैन । ढल्केबर सब स्टेसन र कालीगण्डकी करिडोरको प्रसारण लाइनको पुरानै उदाहरण काफी छ । ढल्केबर सब स्टेसन १५ महीनामा बनाइसक्ने ठेक्का लगाइएको थियो । विद्युत् प्राधिकरणमा कुलमान घिसिङ आएर हस्तक्षेप गर्दा समेत यो बन्न अढाइ वर्ष लाग्यो ।

घोषणापत्रमा साधारण प्रसारण लाइनको कुरा होइन घोषणापत्रमा क्रस बोर्डर अर्थात् भारत र अन्य देशमा बिजुली लैजाने कार्यक्रम सार्वजनिक गरिएको छ । भारतको कटैया (कुशाहा र रक्सौल) परवानीपुरबाट १३२ केभी क्रस बोर्डर प्रसारण लाइन बनाउन घोषणा गरिएको समयबाट १३ वर्ष लागेको थियो । यस पटक दलहरूले पाँच वर्षमै बनाउने घोषणा गरेका छन् । अझ वाम गठबन्धनले त सरकार बनेको पहिलो वर्षमै पूर्व-पश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-वीरगन्जसम्म ७६५ केभी विद्युत् प्रसारण लाइनहरू निर्माण गर्ने जनाएको छ ।

## ५० लाख पर्यटक भित्र्याउने

पर्यटक भित्र्याउने विषयमा पनि कांग्रेस र वाम गठबन्धनले रोचक प्रतिस्पर्धा गरेका छन् । गठबन्धनले भनेको छ, "आगामी १० वर्षमा ५० लाख पर्यटक पुऱ्याउने गरी प्रचारप्रसार, बजार प्रवर्द्धन, पूर्वाधार निर्माण र पथप्रदर्शकहरूका लागि तालिम केन्द्रहरूको स्थापना गरिनेछ । पर्यटन सम्बन्धी उच्च अध्ययन र आवश्यक जनशक्ति तयार गर्न पर्यटन विश्वविद्यालय सञ्चालन गरिनेछ ।" *पृष्ठ १९*

कांग्रेसको घोषणापत्रमा आगामी १० वर्षमा नेपाल भित्रिने पर्यटकको संख्या ३२ लाख पुऱ्याउने लक्ष्यसहित गुणात्मक वृद्धिमा जोड दिइने उल्लेख छ । *पृष्ठ ३६*

वास्तविकता हेर्दा आर्थिक वर्ष २०७३/७४ मा साढे सात लाख पर्यटक नेपाल भित्रिएका थिए । चार वर्षअघि यो संख्या सात लाख ९७ हजार थियो । अर्थात् पर्यटक आउने दर निरन्तर घटिरहेको छ ।

दलहरूले परिकल्पना गरेका पर्यटक नेपालमा 'प्यारासुट' चढेर आउने होइनन् । हवाईजहाज नै चढेर आउनुपर्छ । अहिले २६ वटा

वायुसेवा कम्पनीले नेपालमा दैनिक उडान भर्छन् । नेपालमा पर्यटकीय सिजन भनेको ५/६ महीना हो । ६ महीनामा ३० लाख मान्छे ल्याउन महीनाको पाँच लाख पर्यटक भित्र्याउनुपर्छ । एउटा जहाजले २०० जना ल्याउँदा पनि पाँच लाख पर्यटक भित्र्याउन महीनाको २५०० वटा फ्लाइट चाहिन्छन् । त्यसका लागि दिनको कम्तीमा ८० फ्लाइट हुनुपर्छ । अहिले हामीसँग दिनमा २६ फ्लाइट छन् । यसलाई तेब्बर वृद्धि गर्नुपर्ने हुन्छ । प्रतिदिन ५० वटा फ्लाइट थप्न एअरपोर्ट नै थप्नुपर्ने हुन्छ । भएकाको क्षमता बढाउनुपर्छ । महीनामा पाँच लाख मान्छे आएर औसतमा १५ दिन बस्दा साढे दुई लाख होटल 'बेड' को व्यवस्था गर्नुपर्छ ।

दलहरूले जसरी पर्यटक ल्याउने कागजी घोषणा गरेका छन् त्यसको हावादारीपन साबित गर्न कुनै तर्कको सहारा लिनै पर्दैन ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष युवराज खतिवडा भन्छन्, "निर्वाचन आयोग मातहत घोषणापत्र अनुगमन गर्ने निकाय राख्नुपर्ने अवस्था देखियो । तिमीले चुनावअघि घोषणा गरेको यो कार्यक्रम कहाँ पुग्यो भनेर सोध्ने निकाय त चाहियो नि !" खतिवडाका विचारमा "कम्तीमा अर्को चुनावमा त्यो दल निर्वाचन आयोगमा जाँदा अघिल्लो पटक घोषणा गरेको कार्यक्रममध्ये के के पूरा भयो के के प्रक्रियामा छन् भन्ने उत्तर लिएर जाने वातावरण बन्नुपर्छ ।" उनी थप्छन्, "नत्र जसले जे उडन्ते गफ लगाए पनि हुनेभयो ।"

*प्रकाशित मिति : २३ कात्तिक २०७४, www.cijnepal.org.np*